# शिक्षक

www.teacher.org.np

मूल्य रु.५०/-

मङ्सिर २०६९



- यस्तो पो त गद्य !
- एसएसआरपीको घिटीघिटी
- गुरु-शिक्षकका नालीबेली
- पश्य न विपश्यका शिक्षक: केही त गर्नै कि !

# व्यवस्थापन समिति सेवाभावले सफल पार्छ

माधवलाल महर्जन
अध्यक्ष, जनसेवा उमावि, कीर्तिपुर


Dabur
Chyawanprash
"घरमै दुई चम्चाको तयारी
राख्छ टाढा बिमारी"
2 kg MAHA SAVER PACK
MAHA SAVER PACK
Special Pack
Dabur
Chyawanprash
Immunity & Strength
Proven to give
3 TIMES
more immunity!
४७ आयुर्वेदिक तत्व युक्त डाबर च्यवनप्राश दैनिक २ चम्चाको सेवनले
रोग प्रतिरोधात्मक शक्ति ३ गुणाले बृद्धि हुन्छ, जसले विभिन्न रोगहरुबाट
पूर्ण सुरक्षा गर्दछ।
प्रस्तुत छ डाबर च्यवनप्राश २ केजी महा सेभर प्याक
अब सम्पूर्ण परिवारको सु-स्वास्थ्य संगै रू. ११२*/- बचत पनि।
* In Comparision with 1 kg Dabur Chyawanprash Latest MRP

SHANKER GROUP

Mahindra 2 Wheelers

# नयाँ MAHINDRA DURO DZ ROMBA SOLID



SCOOTER OF THE YEAR#

#People's Choice Awards 2011 by Vicky.in

*Conditions apply

ANS - 12

Mahindra Duro DZ Mileage 56.25* Kmpl.

*Mileage as per ARAI Standard testing Conditions.

## जस्तो सुकै बाटोलाई ठिक्क, चल्छ निर्धक्क



**Powerful 125 cc Engine**
For great pick-up even on flyovers and steep inclines



**Advanced Telescopic Suspension**
For smooth rides over speed-breakers and rough roads



**Great Mileage**
Enjoy longer rides with the new Dual Curve Digital Ignition (DCDI) System



**High Ground Clearance**
Clear speed breakers and bumps with ease



**Handle Bar Mounted Broad Halogen Headlamp**
For safe night riding



**Large Storage**
Carry almost anything you need

**Introductory price Rs. 1,54,900* only**

**TEST RIDE THE NEW MAHINDRA DURO DZ TODAY.**
For a test ride, contact your nearest dealer.

Mahindra Duro 125 DZ

Authorised Distributor SG Global Pvt. Ltd.

**Showroom & Service Center:** Malla Complex, Teku Road, Kathmandu, Contact: 4231057, 4231058

**Showroom:** Narayan Chaur, Naxal, Kathmandu, Contact: 9808598647, 9841356183 | Kumaripati, Lalitpur, Contact: 01-5520041, 9841664671

**Dealers:** Jorpati: 01-4916068 • Chabahil: 9849707175 • New Baneshwor: 01-6227018 • Bhaktapur: 01-5092336 • Banepa: 01-6226169 • Birtamod: 023-543044 • Damak: 023-582096 • Itahari: 025-587308 • Dharan: 025-526540 • Biratnagar: 021-462420 • Birgunj: 051-529685 • Janakpur: 041-527397, 9844030996 • Narayanghat: 056-523604 • Butwal: 9847231277 • Dang: 082-560293 • Pokhara: 061-522905, 539279 • Nepalgunj: 081-550138 • Hetauda: 057-520426 • Surkhet: 083-521979 • Kawasoti: 9845026710 • Tikapur: 9848432092 • Tandi: 056-561061 • Mahendranagar: 099-523868 • Rajbiraj: 031-200106, 9852820125 • Lahan: 033-561732 • Bhairahawa: 9857024671 • Nuwakot: 010-560810 / 9851002938 • Parasi: 078-520984 • Dhangadi: 091-527208 • Gaighat: 9818653595 • Bardibas: 9819641684 • Damauli: 9846055171/ 065-561409

# कस्तो विकास ? कसरी विकास ?

## एउटा छुट्टै खालको बहसमा सहभागी हुनुहोस् !

**पुरस्कार रू. ५०,०००**

- हामीलाई चाहिएको या हामीले खोजेको 'विकास' के हो, कस्तो हो ?
- के भयो भने नेपाल र नेपालीको विकास भएको मान्ने ?
- समता, वातावरण र जलवायु परिवर्तनका विषयलाई आर्थिक वृद्धिसँग कसरी जोड्ने ?
- नीतिनिर्माणको प्रक्रियामा नागरिकको सहभागिता कसरी सुनिश्चित गर्ने ?
- सभा, गोष्ठी, अन्तरक्रिया आदिबाट निस्केका उपयोगी विचारलाई देश विकासका लागि कसरी उपयोग गर्ने ?

नेपाल र नेपालीले कसरी प्रगति हासिल गर्ने भन्ने छलफल अगाडि बढाउन माथिका प्रश्न अगाडि सारिएका हुन् । नेपालको वास्तविक विकासको खाका कोर्न यी प्रश्नको जवाफ सहयोगी सिद्ध हुन सक्छ भन्ने हाम्रो विश्वास हो । पाठकबाट प्राप्त विचार र टिप्पणीमध्येबाट छानिएका लेखहरू *शिक्षक* का आगामी अंकहरूमा क्रमशः छापिने छन् । त्यसरी छापिएकामध्ये उत्कृष्ट (बढीमा तीन वटा) रचनालाई रु.५० हजारको पुरस्कार प्रदान गरिने छ ।

पाठकका सुझाव र विचारहरू संश्लेषण गरेर संवादको क्रमलाई अझै अगाडि बढाउन काठमाडौं उपत्यका र बाहिरका केही शहर–बस्तीमा अन्तरक्रियाहरू पनि सञ्चालन गरिने छन् । यस बहसका सहभागीहरूलाई त्यस्ता अन्तरक्रियामा निम्त्याउन सकिनेछ । बहस–संवादको यो प्रक्रियालाई आइसेट–नेपाल, नीति फाउन्डेसन, *शिक्षक* मासिक र नेपाल वातावरण पत्रकार समूहले संयुक्त रूपमा अघि बढाउने छन् ।

बहसका निम्ति पठाइने लेख, रचना, विचार वा टिप्पणीहरू सामान्यतः १२०० शब्दको हाराहारीमा हुनु राम्रो हुनेछ । लेख–रचनाहरू सकेसम्म टाइप गरेर र त्यसो गर्न सम्भव नभए कागजको एकापट्टि मात्र सफा अक्षरमा लेखेर पठाउनुपर्नेछ । पूरा ठेगाना र लेखकको परिचय नखुलाइएका लेख–रचना स्वतः अस्वीकृत हुन सक्नेछन् । लेख–रचनाहरू २० पुस २०६९ भित्र *शिक्षक* को कार्यालयमा आइपुग्नुपर्नेछ ।

शिक्षक र *शिक्षक* का पाठकहरूले लेख/टिप्पणी लेख्दा आफूलाई शिक्षाका विषयमा मात्रै सीमित राख्नुपर्छ भन्ने छैन । अनि मुलुकको विकास केही विज्ञ, कन्सल्ट्यान्ट र 'विकासे'हरूलाई मात्रै छोडिदिने विषय पनि होइन । त्यसैले, तपाई पनि लेख्नुस् ! हुनसक्छ तपाईले देखाएको विकासको बाटो मुलुकको निम्ति सर्वाधिक लाभदायक र सार्थक होओस् !

–सम्पादक

शिक्षक मासिक

पूर्णचण्डी मार्ग, जावलाखेल, ललितपुर, पो.ब.नं. ३९१, ललितपुर, फोनः ५५४३२५२, ५५४८१४२
इमेलः mail@teacher.org.np, वेबः www.teacher.org.np,

# शिक्षक
मासिक

वर्ष ५ पूर्णाङ्क ५६

मङ्सिर २०६९
Nov–Dec 2012



ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेडका लागि अध्यक्ष दीपक थापा द्वारा प्रकाशित

**सम्पादक**
राजेन्द्र दाहाल

**सल्लाहकार सम्पादक**
केदार शर्मा

**सहायक सम्पादक**
सुदर्शन घिमिरे

**वरिष्ठ संवाददाता**
बाबुराम विश्वकर्मा

**संवाददाता**
प्रमोद आयाम

**ले-आउट**
कामसिंह चेपाङ
विपेन्द्र घिमिरे
खड्गबहादुर मगर

**प्रमुख कार्यकारी अधिकृत**
पीताम्बर कट्टेल

**विज्ञापन**
रामचन्द्र घिमिरे

**लेखा**
बन्दना श्रेष्ठ

**बिक्री वितरण/ग्राहक सेवा**
हरि ढकाल, तारानिधि रेग्मी

**कार्यालय**
**ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड**
**(*शिक्षक* मासिक)**
पूर्णचण्डी मार्ग
जावलाखेल, ललितपुर
**पो.ब.नं. ३९१, ललितपुर**
फोन: सम्पादकीय – ५५४३२५२
व्यापार/विज्ञापन – ५५४८१४२
ग्राहक गुनासो (उपत्यका मात्र) – ४७८५६८२,
इमेल: mail@teacher.org.np,
वेब: www.teacher.org.np,
मुद्रण: जगदम्बा प्रेस,
हात्तीवन, ललितपुर

जिप्रका लपु द.नं ५३/०६५/०६६


# स्कूल व्यवस्थापन समुदायमै

**स्तरीय शिक्षाको निम्ति विद्यालयको शैक्षिक प्रशासन लगायत समग्र व्यवस्थापन चुस्त र स्वच्छ हुनुपर्छ। तर, सार्वजनिक विद्यालयहरूमा त्यस्तो व्यवस्थापन कसरी सम्भव तुल्याउने भन्ने कुरा विवादको विषय बन्ने गरेको छ। पछिल्लो समयमा व्यवस्थापन समितिको चयनमा अनेक स्वार्थकेन्द्रित समूहको चलखेल बढेर गएपछि यससम्बन्धी विवाद झनै गहिरिएर गएको छ।**

**तथापि; दलीय स्वार्थ र साधन/स्रोत हत्याउने खेलमा नलागी स्कूलको विशुद्ध हित र सेवामा समर्पित विव्यसहरू पनि देशमा प्रशस्तै भेटिन्छन्। त्यस्ता विव्यसले जीर्ण भइसकेका विद्यालयहरूलाई चम्काएका मात्र छैनन्, प्रअ, शिक्षक, अभिभावक र समुदायको समेत विश्वास जित्न सकेका छन्।**


विद्यालय व्यवस्थापन समिति; सफलताको आधारः सेवाभाव - *२६*
विद्यालय व्यवस्थापन समिति : निजी स्वार्थका कारण बर्बादी - *सरोज दाहाल, ३०*
स्कूल व्यवस्थापनः अति-राजनीतिबाट जोगाऔं - *३३*

आवरण
पृष्ठ **२६-३७**





**सम्पत्ति र सत्ताले निम्त्याउने आपत**
वाणभट्ट
पृष्ठ **१८-२२**

**समाचार** **१४-१६**

खुला विज्ञापनको तयारी ■ ५८ वर्षमा अवकाश! ■ दोहोरो फारम भराउनेहरू कारबाहीमा ■ तालीम पूरा गर्नेलाई स्थायी अनुमतिपत्र ■ संगठनको चारदिने प्रशिक्षण ■ वस्तुगत प्रश्नको परीक्षण हुने ■ *ए प्लस* को बालकेन्द्रित योजना

**अन्य सामग्री**

एसएसआरपीको घिटीघिटी: नियमित आकस्मिकता कि नियति ? - *डा. विष्णु कार्की, ३८*

पानीको लीला अपरम्पार! - *डा. तीर्थबहादुर श्रेष्ठ, ४०*

गुरु-शिक्षकका नालीबेली
मेरा प्रथम गुरु बद्रीनाथ शर्मा - *कमल दीक्षित, ४३*
ॐ गुरवे नमः - *महेश्वर आचार्य, ४४*

पश्य न विपश्यका शिक्षक: केही त गर्ने कि! - *डा. विद्यानाथ कोइराला, ५०*

उच्च सिकाइ उपलब्धि: कसरी हासिल गर्ने ? - *मेदिन लामिछाने, ५३*

**स्तम्भ**

विषय-सन्दर्भ ४, हेराइ र बुझाइ ५, प्रतिक्रिया र सुझाव ६, मनका कुरा ९, शिक्षाको दुनियाँ ४८, जिज्ञासा र जवाफ ५६, फुर्सद ५९, आलोपालो ६४


**ग्राहक तथा बिक्रेताहरूले समयमै पत्रिका प्राप्त नभएमा फोन नं. ९७२१५८००४८ मा तत्काल जानकारी गराउनुहोला। यो नम्बरमा जानकारी गराउँदा पनि पत्रिका प्राप्त नभएमा फोन नं. ९८५११३६३४५ मा प्रमुख कार्यकारी अधिकृतलाई खबर गरिदिनुहोला।**
**साथै, मेसेज पठाएर पनि आफ्नो गुनासो टिपाउन सक्नुहुनेछ। जसका लागि मोबाइलको मेसेज बक्समा गई COMP टाइप गरी एउटा खाली ठाउँ छाडी आफ्नो नाम, ठेगाना र सम्पर्क नम्बर लेखी 5006 मा SMS पठाउनुहोस्। (comp<space>5006)**

**विषय-सन्दर्भ** केदार शर्मा

# गोठाला र गाई

**प्रिय शिक्षक साथी,**
**नमस्कार !**

म यी पंक्तिहरू लक्ष्मीपूजाको पूर्वसन्ध्यामा लेखिरहेको छु। अब त मंसीर पनि लागिसकेको छ। हामी स्कूलमा हुँदा मंसीरमा वार्षिक परीक्षा हुन्थ्यो, अनि मीन पचासको विदा हुन्थ्यो र फागुनदेखि नयाँ शैक्षिक सत्र शुरू हुन्थ्यो। मलाई अहिले पनि मीन पचास भन्ने शब्द नै प्यारो लाग्छ, तपाईंलाई पनि त्यस्तै होला।

शैक्षिक सत्र मात्र होइन, त्यसबेला अरू धेरै कुरा फरक थिए। मुलुकमा ६०-६५ वर्ष अघिसम्म आधुनिक शिक्षाको जगै हालिएको थिएन। २००७ सालपछि गाउँ-ठाउँका ठूलाठालु र पढेलेखेका व्यक्तिहरू स्कूल निर्माणमा अघि सर्न थाले। शिक्षक खोज्ने, ल्याउने, उनीहरूको गाँसबासको व्यवस्था गर्ने र सकेको तलब दिने- सबैजसो काम समुदायले गर्थ्यो। त्यो पूर्ण, त्रुटिरहित र संस्थागत व्यवस्था थिएन तर त्यसबेलाको आवश्यकता र सीमा त्यही थियो।

समय फेरिँदै गयो। मुलुकमा साक्षरता र शिक्षाको विस्तार भयो। विद्यालयहरू सरकारी भए। शिक्षकहरूले सरकारी नियुक्ति, नियमित तलब र वृत्ति-विकासका मौका पाउन थाले। शिक्षकका सङ्गठनहरू बने र राजनीतिक आवद्धताहरू प्रष्ट हुन थाले। कति शिक्षक त नपढाइकन पनि जागिर पकाउन थाले। यी सबै तपाईंलाई थाहा नभएका कुरा होइनन्, भूमिका बाँधेको मात्र हुँ।

भूमिकाकै क्रममा अर्को एउटा प्रसङ्ग, एकजना प्रधानाध्यापक साथीले केही दिनअघि मात्र मलाई सोधे, "तपाईं जे कुराको पनि जिम्मा किन शिक्षकलाई लगाएर कुरा टुङ्ग्याउनुहुन्छ ?"

"किनभने शिक्षक नै जिम्मेवार छन्", मैले जवाफ दिएँ, "समाजका शिक्षित सदस्य भएकाले र तलब समेत पाउने भएकाले राम्रो शिक्षाका लागि उहाँहरूको नैतिक र व्यावहारिक जिम्मेवारी पनि अरूको भन्दा बढी छ। हाम्रो पत्रिका नै *शिक्षक* भएकाले र आफ्ना प्राथमिक पाठक शिक्षकहरू भएकाले हामी उहाँहरूलाई नै सम्बोधन गरेर बोल्छौं।"

उनले भने, "राज्य छ, व्यवस्थापन समिति छ..."

"छन्, तर हाम्रा मुख्य पाठक तपाईंहरू नै हो !"

त्यस दिन हामी निकैबेर कुरा गरेर बस्यौं। उनले आफ्नो विद्यालय व्यवस्थापन समिति (विव्यस) का पदाधिकारीहरू सम्बन्धित केही कुरा सुनाए। राम्रा कुरा धेरै रहेनछन्। राजनीतिक वा अन्य कारणले व्यवस्थापन समितिमा घुसाइएका सदस्यहरू घाँडो भएका रहेछन्। कति त शिक्षक पनि त्यस्तै, अर्थात् जागिर खान मात्र आएका छन्, उनले गुनासो गरे।

विद्यालय कस्तो छ वा विद्यालयलाई कस्तो बनाउने भन्ने कुरामा विद्यालय व्यवस्थापन समितिको भूमिका महत्त्वपूर्ण हुन्छ। विव्यसमा योग्य, अनुभवी, राजनीतिक पूर्वाग्रह नभएका, निर्णय क्षमता भएका, शिक्षाप्रति समर्पित, कुरा बुझ्ने वा बुझ्न चाहने, विद्यालयका लागि केही समय दिन सक्ने अध्यक्ष र सदस्यहरू हुने हो भने प्रधानाध्यापक र शिक्षकहरूमा पनि एउटा ऊर्जा आउँछ। आपसमा समन्वय हुन्छ। विद्यालयले समुदायको साथ पाउँछ र विद्यालयले समुदायलाई असल नागरिकहरू दिन सक्छ।

तर यो आदर्श स्थिति मात्र हो। कतिपय विद्यालय व्यवस्थापन समितिहरूमा माथि उल्लेख गरिएका कुनै पनि गुण नभएका, हरेक कुरालाई पार्टीगत हिसाबले हेर्ने, स्वार्थी, कुरा नबुझ्ने, आफ्नो लिंडेढिपी नछाड्ने, बैठकमा बाहेक विद्यालयका लागि कत्ति पनि समय दिन नसक्ने अध्यक्ष र सदस्यहरू छन्। कतै कतै त त्यस्तैहरूको बहुमत हुन्छ। मेरा मित्रलाई विव्यसप्रति निकै असन्तुष्ट पाएपछि मैले सोधें, "शिक्षकहरूमा चाहिं त्यस्तो प्रवृत्ति भएका मान्छे छैनन् र ?"

उनीसित जवाफ थिएन, वा जुन जवाफ उनको मनले दिएको थियो, त्यो उनले भन्न चाहेनन्।

जब कुरा बिग्रिन्छ, धेरै मानिसहरू अर्कालाई दोष दिन्छन्। अरूलाई नपाए राजनीतिलाई दोष दिन्छन्। 'लोकतन्त्रले खत्तम पाऱ्यो', केही मानिस त पुरानै व्यवस्था ठीक थियो भन्नेमा सम्म पुग्छन्। तर हिजो पनि मान्छे घुसाइन्थ्यो भन्ने कुरा ती बिर्सिइदिन्छन्। त्यसबेला ती कुरा गुपचुप रहन्थे, अहिले बोल्न लेख्न पाएकाले कुरा सरर फैलिन्छ, कुरा त्यति मात्र हो। यति भनिसकेपछि मैले एउटा स्पष्टीकरण दिनैपर्ने हुनसक्छ, यो राजनीतिक दलहरूको विद्यालयमा हस्तक्षेप गर्ने शैलीको समर्थन वा अनुमोदन भने होइन। उनीहरूले गर्नुपर्ने र गर्न सकिने जति काम गरेकै छैनन्। विकृति बढाएका छन्। मुलुकको विकास अवरुद्ध भएको छ। त्यसैले धेरै मानिसहरूमा राजनीतिप्रति वितृष्णा बढेको छ।

"गफ त धेरै गरियो, तर यी सबै सिद्धान्तका कुरा हुन्, मेरो त भोलि विव्यसको बैठक छ। पाँचतिर मुख फर्केका र आफूलाई एकसे एक नेता ठान्नेहरूबाट धेरै कुरा पास गराउनु छ", उनले मुस्केरा काढे। मैले सोक्रेटशको एउटा सूक्ति सम्झें, "असल श्रीमती पाउनुभयो भने तपाईं सुखी हुनुहुनेछ र खराबको फेला परे दार्शनिक हुनुहुनेछ", अनि त्यसैलाई रूपान्तर गरेर भनें, "राम्रो विव्यस पाए तपाईं सफल शिक्षक बन्नुहुनेछ र खराबको फेला परे पनि तपाईंलाई असल शिक्षक बन्नबाट कसैले रोक्न सक्दैन।"

"कसरी ?"

"विव्यस भनेको गोठालो हो भने शिक्षक भनेको गाई। गोठालाले गाईलाई बाँध्छ, गाईलाई पशु आफूलाई मालिक ठान्छ। तर गाईको पूजा हुन्छ, गोठालाको हुँदैन। मान्छेले गोठालाका लागि गाई होइन, गाईका लागि गोठाला पाल्छन्। दुधालु गाईको आफ्नै मूल्याङ्कन र प्रतिष्ठा हुन्छ। गाई खराब परे गोठालाले केही गरे पनि दूध निकाल्न सक्दैन, तर गोठालो खराबै भए पनि जात र आहार अनुसार गाईले दूध दिन्छ...।"

शिक्षक साथी, गाईतिहारको मौका परेर होला यस्तै उपमा आए। वास्तवमा तपाईंलाई हामी यस्तै ठान्छौं, हाम्रो विश्वास र तपाईंको मर्यादा सधैं कायम रहोस्।

# ठूलो मान्छे हैन, असल मान्छे

“.....

बडो मायाले मैले खाइराखेको हेरेर मोदिआइनले भनी, “बबुआ, तिमी के गर्छौ ? पढ्छौ कि पढ्दैनौ ?”

मैले भनें, “पढ्छु ।”

झुकेर मेरो शिरनेर आफ्नो शिर ल्याएर उसले फेरि सोधी, “के पढ्छौ, नानी ?”

“ए...बी...सी...डी...”

“पढेर के गर्छौ ?”

जसरी घरमा भन्ने गरेको थिएँ, त्यसैगरी निर्धक्कसँग मैले भनें, “ठूलो मानिस हुन्छु ।”

उसले फेरि सोधी, “कस्तो ठूलो मानिस ?”

मैले यस्तो प्रश्नको उत्तर जानेकै थिइनँ। चूप लागेर खाइरहें। ऊ मेरो नजिकै थचक्क बसी र भनी, “ठूला मानिस थरीथरीका हुन्छन्। असल मानिस भने एकथरीका मात्र हुन्छन्। ठूलो हुनपट्टि नलाग्नू; असल हुनपट्टि लाग्नू, नानी ।”

खोकिरहने मोदीले कुनाबाट नाके बोलीमा भन्यो, “मोदिआइन; यो तेरो कस्तो बानी; जसलाई पनि अर्ति-उपदेश मात्र दिइरहन्छेस् ।

..... ”



*गीता र महाभारतको कथा प्रसंगमा आधारित बीपी कोइरालाको उपन्यास ‘मोदिआइन’ को अंश। यो उपन्यासको प्रकाशन (२०३६ साल) पछि नै नेपाली समाजमा **‘ठूलो मान्छे’** को विकल्पका रूपमा **‘असल मान्छे’** को अवधारणा लोकप्रिय हुँदै गएको हो।*

**– संपादक**




## स्पष्ट कुरा के हो ?

सार्वजनिक बिदाको अघि वा पछि शिक्षक हाजिर नभएमा बीचको सबै बिदा लिनुपर्ने हो वा होइन ? भन्ने प्रश्नमा *शिक्षक* मासिकको जिज्ञासा र जवाफमा शिक्षा विभागका पदमसिंह बिष्ट (*शिक्षक,* २०६७ वैशाख, अंक २५) र शिक्षा मन्त्रालयका सहसचिव जनार्दन नेपाल (*शिक्षक,* २०६९ साउन, अंक ५२) ले दिएको उत्तर आपसमा बाझिएको छ। शिक्षा विभागका शाखा अधिकृत पदमसिंह बिष्टका अनुसार बिदा लिनु नपर्ने तथा शिक्षा मन्त्रालयका सहसचिव जनार्दन नेपालले बिदा लिनुपर्ने भनी दिएको छुट्टाछुट्टै उत्तरले सम्पूर्ण शिक्षकहरूलाई अन्योलमा पारेको छ। *शिक्षक,* २०६९ साउन (अंक ५२) मा बिदा सम्बन्धमा अस्पष्ट भएमा निजामती नियमावलीलाई आधार मान्ने भनिएको छ। यसको सत्यतथ्य कुरा के हो ? शनिबार र सार्वजनिक बिदाको अघिल्लो दिन वा पछिल्लो दिन शिक्षक विद्यालयमा हाजिर नभएमा बीचका दिनहरूको बिदा लिनुपर्छ कि पर्दैन ?

गीताकृष्ण शर्मा
जलदेवी मावि, दोलखा

## सुनमा सुगन्धका लागि !

*शिक्षक* मासिकमा प्रकाशित डा. तीर्थबहादुर श्रेष्ठको नेपाल अध्ययन स्तम्भका लेखका साथै विषय-सन्दर्भ, बहस, चिन्तन, हेराइ र बुझाइ, आलोपालो जस्ता स्तम्भका लेखहरू अघोरै पठनीय हुन्छन् । प्रायोजित पृष्ठ भए पनि आचार्य टी.एन. पथिकका लेखहरू पनि मलाई असाध्यै मन पर्छ । त्यस्ता लेखले जीवन र जगतलाई नजिकैबाट बुझ्न भरमग्दुर सहयोग गरेका छन् । *शिक्षक* मासिकको नियमित पाठकको हैसियतले मलाई बरोबर खट्केको कुरा चाहिं, बहसमा सहभागी र विचार छापिन सफल लेखकका फोटोका साथै इमेल ठेगानाको अभाव हो । सम्भव भए यी दुवै कुरा छापिने व्यवस्था हुनुपर्दछ। थोरै पृष्ठ भए पनि साहित्यले नियमित रूपमा स्थान पाउँदै गएमा सुनमा सुगन्ध हुनेथियो ।

लक्ष्मी रिजाल
लिटिल ह्याभेन, तपेश्वरी-१, उदयपुर

## *शिक्षक* सँग अनुरोध

शिक्षकको पेशागत विकास तालीमको दोस्रो खण्डमा परियोजना कार्य, घटना अध्ययन, घटना विकासको बारेमा खाका मात्रै प्रस्तुत हुन्छ; नमूना प्रस्तुत गरिँदैन । पाठकहरूबाट अपेक्षा भएको सन्दर्भमा शिक्षकको पेशागत विकासका लागि आवश्यक परियोजना कार्यहरूको विस्तृत प्रस्तुति गर्न म तयार छु। यसमा पत्रिकासँग मेरो अनुरोध छ कि यसको व्यवस्थापकीय प्रबन्धको बारेमा प्रष्ट गरी जानकारी पाऊँ ।

उमेशलाल कर्ण
प्रशिक्षक, श्रेणी रा.प.तृ (प्रा.)
शैक्षिक तालिम केन्द्र क, धनुषा, जनकपुरधाम

**(उमेशजी, पहिला तपाईं लेखेर त पठाउनुस् । तपाईंको लेखाइ हेरेर आवश्यक निर्णय लिइनेछ । -सं)**

## समस्या समाधान होस्

मलाई *शिक्षक* पत्रिका धेरै मनपरेकोले दुई वर्षदेखि वार्षिक ग्राहक बनेर नियमित रूपमा पढ्ने समय छुट्याएको छु। *शिक्षक* ले शिक्षक, विद्यार्थी र अभिभावकलाई गरेको योगदान ठूलो छ । यसले *दिवास्वप्न* जस्तै अन्य खुराकहरू पनि भविष्यमा पस्किदै जान सकोस् ।

सिन्धुलीमा *शिक्षक* थोरै प्रति मात्र पठाउनु भएजस्तो लाग्यो। अलिकति ढिलो हुने बित्तिकै पत्रिका पाउन कठिन हुन्छ । मैले २०६८ पुस अंक र २०६९ भदौ अंक समयमा पाउन सकिनँ। आगामी दिनमा यस्तो समस्या नपरोस् भन्न चाहन्छु ।

एउटाको मूल्य रु.५० तिरेर प्रत्येक महीनामा किन्नु र वार्षिक रु.६०० तिरेर वार्षिक ग्राहक बन्नु उस्तै रहेछ। आफूले १२ वटा पत्रिकाको एकमुष्ट रु.६०० तिरेर पनि पत्रिका नपाएपछि मैले यस्तै अनुभव गरेको छु। यसलाई केही गर्न सकिन्छ कि ?

अशोककुमार थिङ, मझुवा-४, सिन्धुली

**(थिङजी *शिक्षक* मन पराइदिनुभएकोमा धन्यवाद ! कुनै ठाउँमा पत्रिका धेरै वा थोरै जाने कुरा त्यही ठाउँका बिक्रेता वा पसलहरूको कारोबारमा भर पर्छ। अर्थात्, बिक्रेता/पसलहरूले माग गरे अनुरुपको संख्यामा पत्रिका पठाउने गरिन्छ । तर त्यसनिम्ति बिक्रेता/पसलहरूले *शिक्षक* बिक्री गरेको रकम नियमित रूपमा *शिक्षक* को कार्यालयमा पठाइरहेको हुनुपर्छ । रकम भुक्तानीमा आलटाल गर्ने बिक्रेता/पसललाई सचेत गराउन हामीले पत्रिका कम पठाउने वा पठाउँदै नपठाउने पनि गर्ने गरेका छौं।**

**जहाँसम्म एकमुष्ट रु.६०० तिरेर पनि पत्रिका पाउन कठिन भएको भन्ने तपाईंको गुनासो छ, त्यसमा हामी यति मात्रै भन्न सक्छौं- जुन पसल वा बिक्रेतालाई पैसा बुझाउनुभएको हो, तपाईंलाई पत्रिका उपलब्ध गराउने दायित्व उसैको हो; तपाईंले ऊसँग नै आफ्नो कुरा राख्नुपर्छ । पैसा तिरेपछि पत्रिका पाउने तपाईंको अधिकारको हामी पूर्ण सम्मान गर्छौं ।**

***शिक्षक* बिक्री गरेबापतको रकम *शिक्षक* को कार्यालयमा भुक्तानी नगरी आफैं मास्ने विभिन्न जिल्लाका कतिपय बिक्रेता/पसलहरूलाई पत्रिका उपलब्ध गराउन बन्द गरिसकिएको छ । यसबाट त्यस्ता पसल वा बिक्रेतामार्फत पत्रिका प्राप्त गर्दै आउनुभएका पाठकहरू मर्कामा पर्नुभएको छ भने आफ्नो गुनासो-मर्का सम्बद्ध बिक्रेता/पसलसमक्ष राखी हामीलाई त्यसको जानकारी दिनुहुन अनुरोध गर्दछौं । - सं)**

## तीन/तीन वर्षमा सरुवा !

नेपालमा शिक्षाको गुणस्तर सुधार्न नेपाल सरकारले शिक्षक सेवा आयोग नियमित रूपमा खोल्ने र विभिन्न प्रकारका दरबन्दीको सट्टा एक प्रकारको शिक्षक बनाउनु जरुरी छ । शिक्षकलाई पथप्रदर्शक नै बनाउने हो भने तीन/तीन वर्षमा सरुवा गर्नु जरुरी छ । किनभने शिक्षक सरुवा हुँदा नयाँ ठाउँ, परिवेश, वातावरणमा ऊ केही समयका लागि भए पनि फुर्तिलो, जाँगरिलो, कर्तव्यमुखी, न्यायिक हुन जान्छ । राजनीति, नेता, पार्टीको झोलाको अवस्था खोल्न पाउँदैन । अनिवार्य सरुवाको व्यवस्था गर्दा नेता, अल्छी, अक्षम, पुराना सडेका, जरा गाडेका शिक्षकहरू कम्तीमा ५० प्रतिशतले पेशा परित्याग गर्नेछन्। नयाँ पुस्ता, नयाँ जोश जाँगर भएका सक्षमले अवसर पाउनेछन् । शिक्षामा सुधार ल्याउन यो नै एउटा अचूक उपाय सावित हुनेछ ।

लक्ष्मीप्रसाद सापकोटा
श्री महुन्याल निमावि, दोदोधरा-८, कैलाली

## विज्ञानका कुरा पनि आऊन्

*शिक्षक* मासिक पत्रिकाले निरन्तर प्रगति र फड्को मारेको देख्न पाउँदा खुशी लाग्छ । यसले सबै विषयहरूलाई समेटेको पनि देखिन्छ। आगामी दिनहरूमा 'विज्ञान सम्बन्धी कुरा' र विश्वका नयाँ-नयाँ खोजखबरहरूलाई समेटेर प्रकाशन गरिदिनुभएदेखि विज्ञान सम्बन्धी चासो राख्नेहरूका लागि पनि यो पत्रिका उत्तिकै आकर्षक हुनेथियो कि ?

सुजनकुमार मगर
श्री जनता मावि, डुम्रे-१, उदयपुर

## मेरो गुनासो

*शिक्षक* मासिक पत्रिकामा प्रस्तुत गरिएका सम्पूर्ण सामग्री शिक्षकका लागि अत्यन्त सहयोगी र सान्दर्भिक लाग्छन् ।

तथापि; मेरो एउटा गुनासो के भने पहिले पहिले English Teaching का बारेमा प्रकाशित लेखबाट English Language Teaching का बारेमा नयाँ-नयाँ Technique

हरू जान्न पाइएको थियो। तर केही अंकदेखि त्यो शीर्षकमा सामग्री प्रकाशित हुन छोडेका छन्। यसलाई पुनः स्थान दिई निरन्तरता दिए म जस्ता हजारौं जिज्ञासु शिक्षकका लागि राम्रो हुनेथियो।

राजु नेपाली, बागलुङ

## *दिवास्वप्नः* तालीम जस्तै !

*शिक्षक* मासिकमा 'दिवास्वप्न' पुस्तकको विज्ञापन पढेपछि सो पुस्तकप्रति मेरो जिज्ञासा जाग्यो। सो पुस्तक पटक पटक यहाँको पसलमा धाएँ तर सधैं 'आएको छैन' भन्ने जवाफ मात्र पाएँ। पुस्तक नपाउँदा मन खिन्न पनि भयो। तर यत्तिकैमा मेरो काका काठमाडौं जाने काम परेको हुँदा सो पुस्तक ल्याउन लगाएँ। काकाले धेरै पसलमा दौडधुप गरेर भए पनि मेरो लागि सो पुस्तक ल्याइदिनुभयो। पुस्तक हातमा पर्नासाथ म अध्ययन गर्नमा लागें र लगभग दुई घण्टामा पढिसकियो। *दिवास्वप्न* ले मलाई एउटा नवीन मार्गमा धकेलिदियो। यसले मेरो शिक्षण पेशामा थप सुधार गर्नुपर्ने पक्षहरू औंल्याइदियो। सो पुस्तक एउटा तालीमको माध्यम जस्तो लाग्यो। हामी शिक्षकहरूलाई यस पुस्तकले व्यावहारिक ज्ञान दिएको छ। *दिवास्वप्न* एउटा साँच्चिकै पवित्र ग्रन्थ हो। म जस्ता नव शिक्षकहरूलाई शिक्षण पेशामा कसरी सही ढंगले शिक्षण सिकाइ गर्ने भन्ने बोध गराएको छ।

दिनेश योल्मो
उर्गेन छोलिङ प्रावि, पशुपतिनगर, इलाम

## दशैंको खानाभन्दा स्वादिलो !

यो दशैं बिदामा *दिवास्वप्न* पढ्ने समय र अवसर जुट्यो। १२१ पेजको पुस्तक एकै बसाइमा पढेर स्वाद लिएँ, दशैंको विशेष खाना भन्दा स्वादिलो लाग्यो। यो पुस्तक लेखकको आफ्नै बाल शिक्षण सम्बन्धी चिन्तन र अनुभवहरूको सँगालो रहेछ, जुन चिन्तन र अनुभव आज पनि उत्तिकै नवीन लाग्छ।

यस पुस्तकमा एकजना विद्वान पात्र, शंकरले आफूले पढेको अनि कल्पना गरेको बालमैत्रीपूर्ण क्रियाकलापहरू प्रयोगको रूपमा एकवर्षे योजना बनाई एउटा विद्यालयको कक्षा ४ का विद्यार्थीमा लागू गर्ने चुनौतीपूर्ण अभिभारा लिएको देखिन्छ। परम्परागत शैली र क्रियाकलापभन्दा फरक ढंगले विद्यार्थी केन्द्रित नूतन विधिहरूको प्रयोग गर्दा ती पात्र, सहकर्मी शिक्षकहरू, प्रधानाध्यापक र अभिभावकहरूको मात्रै नभई बेलाबेलामा शिक्षा अधिकारीको समेत कोपभाजनको शिकार बन्नु परेको देखिन्छ। तैपनि अडिग भई अगाडि बढ्दा उसले जुन सफलता पाउँछ त्यसले अन्त्यमा पाठकलाई समेत आनन्दित तुल्याउँछ।

एउटा शिक्षकको दृष्टिले पढ्दा मैले यस पुस्तकमा यी कुराहरू मननीय पाएँ–

क) सुरुआतमा कथावाचनबाट विद्यार्थीलाई रोचक ढंगले उत्प्रेरणा दिई शिक्षकसँग घुलमिल हुने वातावरण सिर्जना गरिएको।

ख) कथावाचनपश्चात्, योजना मुताविक, कथाका पुस्तकहरू पढ्ने बानी बसाई उक्त पढ्ने बानीलाई अन्य पुस्तक पढ्ने बानीमा 'कण्डिसनिङ' गराइएको। र, पढ्ने संस्कृतिको विकास गर्न कक्षागत पुस्तकालयको अवधारणलाई प्रयोगमा ल्याएको।




# लेख लेख्न जान्ने पढाउन नजान्ने ?

२०६९ को एसएलसी परीक्षा नतिजा निकै निराशाजनक रह्यो। सार्वजनिक/सरकारी विद्यालयहरूमा प्रभावकारी शिक्षण हुन नसकेको र विद्यार्थीले पनि अध्ययन राम्रो नगरेकाले यस्तो नतिजा आएको सुनियो। परीक्षाफल राम्रो नहुनुमा स्वयं विद्यार्थीको कमजोरी प्रमुख कारक बन्नु स्वाभाविकै हो। परीक्षा विद्यार्थीले नै दिने हो। अनि शिक्षकगणले पनि राम्रो शिक्षण गर्नुभएन भने विद्यार्थीले राम्रो शिक्षा ग्रहण गर्न सक्दैनन्। झन् यी दुवैको कमजोरी रह्यो भने त स्थिति भयावह हुन्छ।

केही अपवाद बाहेक हाम्रा शिक्षकगण नजान्ने पटक्कै हुनुहुन्न। शिक्षक आफू धेरै कुरा जान्नुहुन्छ। यति भएर पनि विद्यार्थीलाई राम्रो पढाउनुहुन्न भन्ने आधार देखिएको छ। एउटा अभिभावकको नाताले म सानो आधार पेश गर्न चाहन्छु। यही भदौ र असोज २०६९ को *शिक्षक* मासिक पढियो। यी दुई अंक पढ्दा नै के थाहा लाग्यो भने नेपालका शिक्षकहरू धेरै कुरा बुझ्नुहुन्छ। *शिक्षक* मासिकमा छापिएका शिक्षकले लेख्नुभएका लेख पढ्दा उहाँहरू निकै विज्ञ देखिनुहुन्छ। उहाँहरूलाई धेरै कुरा थाहा छ भन्ने सजिलै अनुमान लगाउन सकिन्छ। यस्ता विज्ञ शिक्षकहरू पढाउन चाहिं किन असफल भएका? मलाई उदेक लाग्यो। प्रचारात्मक काम गर्न त निकै सिपालु र खप्पिस देखिन्छन् शिक्षकहरू। हो, आफ्नो ज्ञान र अनुभव साटासाट गर्नुपर्छ। तर शिक्षकको अहं काम भनेको विद्यार्थीलाई राम्रो पढाउनु हो र त्यसैको आधारमा लोकप्रिय हुनु हो।

शिक्षकहरूले जान्नुभएका केही नमूना हेरौं। भदौको *शिक्षक* मासिकमा 'विद्यार्थीलाई छोराछोरी सम्झौं' भनी सरिता इन्द्र पूर्व प्रावि विराटनगरबाट मधु राईले लेख्नुभएको छ। कति उच्च विचार! पक्कै पनि उहाँले राम्रो शिक्षण गर्नुहुन्छ होला। रुद्र मावि, तार्कुघाट, लमजुङका ऋषिराम लामिछाने 'शिक्षाको तिर्खा जगाइदिऔं' शीर्षकको लेखमा डिग्रीको सर्टिफिकेट बोक्ने साक्षर र 'क' अक्षर नचिनेको निरक्षरमा समेत केही भिन्नता छैन भनी लेख्नुहुन्छ। आशा गरौं, यस्तो कुरा थाहा हुनेले भिन्नता हुने गरी राम्रै पढाउँदै हुनुहुन्छ होला। 'खैराँते मास्टर होइन, कर्मठ गुरु बनौं' शीर्षकमा शिक्षकको त्याग र इमानदारीको समाजले कुनै न कुनै रूपले ऋण तिर्न खोजिरहेको हुन्छ भनी भगवती नमूना उमावि, मिर्मिढाव, स्याङ्जाका शिक्षक रामप्रसाद पाण्डेय लेख्नुहुन्छ। आदर्श विद्यामन्दिर स्कूल, बनेपाबाट नरेन्द्रकुमार नगरकोटी 'सम्भव छ शैक्षिक क्रान्ति' शीर्षकमा 'एक उत्प्रेरित शिक्षकले मात्र विद्यार्थीलाई उत्प्रेरित गर्न सक्ने हुँदा शैक्षिक क्रान्तिका लागि शिक्षकको आत्मबल उच्च पार्दै उत्प्रेरणाको कार्ययोजना आजै तयार गरौं' भनी लेख्नुहुन्छ। यस्ता लेख लेख्नेहरू अक्षम शिक्षक हुनुहुन्न भन्ने प्रमाण हो। आफैं र आफ्नै विद्यार्थीका लागि राम्रै गरिरहनुभएको छ भन्ने विश्वास लिन सकिन्छ।

अब असोजको *शिक्षक* मा शिक्षकहरू के लेख्नुहुन्छ हेरौं। बेभो नमूना मावि, गोडैटा, सर्लाहीका अवकाशप्राप्त शिक्षक शोभाकान्त झा 'हाम्रो शिक्षा प्रणाली' शीर्षकको लेखमा 'सयवर्षे योजना छ भने शिक्षा देऊ' भनी चिनियाँ उक्ति सुनाउनुहुन्छ। अवकाश भइसकेर पनि यस्तो चिन्ता लिने चिन्तकले आफूले पढाएको स्कूलका विद्यार्थीलाई अवश्य पनि यही भावनाले पढाउनुभयो होला। 'एउटा किफायती तरिका' शीर्षकमा भगवती मावि, सिमीचौर गुल्मीका शिक्षक घनश्याम सुस्मित 'देशका हरेक समुदायमा रहेका माध्यमिक तहका, विद्यालय अध्ययनरत मावि तहका विद्यार्थी र सोही विद्यालयका विषयगत शिक्षकहरू परिचालन गरी, विद्यालयको पठनपाठनलाई कुनै किसिमको अवरोध नपुऱ्याइकनै, छोटै अवधिमै देशबाट निरक्षरता उन्मूलन गर्ने यो एउटा सजिलो किफायती र प्रभावकारी उपाय हुन सक्छ' भनी लेख्नुहुन्छ। उहाँको परिकल्पना आफ्ना विद्यार्थीलाई सफल पार्ने त छँदैछ, अनि तिनै विद्यार्थीलाई परिचालन गरी देशको निरक्षरता उन्मूलन गर्ने योजना समेत सुझाउनुहुन्छ।

अब विचार गरौं, के उहाँहरू अक्षम शिक्षकहरू हुनुहुन्छ होला त? उहाँहरूलाई नमूना मान्दा हाम्रो देशैभरि सक्षम शिक्षकहरू भएको मान्न सकिन्छ। तर एसएलसीमा किन अनुत्तीर्ण प्रतिशत धेरै भएको? सार्वजनिक विद्यालयका पाठ्यक्रम निजीभन्दा अलि सजिलै हुन्छन्। फेरि समय समयमा शिक्षकले तालिम पनि पाउनुहुन्छ। आखिर शिक्षक भर्ना गर्दा पनि परीक्षा लिएरै छनोट गरिएको हुन्छ। परीक्षा नलिई सामेल गरिएका निजीका शिक्षकले चाहिं किन राम्रो पढाएका? अब यो प्रश्नमा पनि विज्ञ शिक्षकहरू नै घोत्लिनु पर्ला!

२०६९ भदौ ८ देखि ११ सम्म उपत्यकामा सम्पन्न 'क्षेत्रीय शिक्षा निर्देशक, वरिष्ठ प्रशिक्षक र जिल्ला शिक्षा अधिकारीहरूको राष्ट्रिय गोष्ठी तथा कार्यशाला'मा प्रस्तुत प्रतिबद्ध पत्रमा 'विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्यांकनको आधार बनाउने' भनिएको छ। हुनुपर्ने पनि यस्तै हो। आशा गरौं, यसमा सरकारले अरु थप अनुसन्धान गरी नयाँ नीतिनियम बनाई लागू गर्नेछ।

भुवन तामाङ
अभिभावक, गलानगाउँ, बुधबारे, झापा

ग) कथा वाचन र खेललाई अनुशासन र सरसफाई जस्ता व्यावहारिक ज्ञानसँग जोडेर प्रयोग गरिएको।

घ) इतिहास जस्तो विषयलाई समेत पुस्तकको प्रयोग नगरी कथाकै माध्यमबाट रोचक बनाएर प्रस्तुत गरिएको।

ङ) श्रुतिलेखन कार्यबाट शिक्षण सुधार तथा विद्यार्थीहरूबीच सहपाठी सिकाइलाई कक्षाकोठामा सफलतापूर्वक प्रयोग गरिएको।

च) व्याकरण जस्तो निरस विषयमा नियम र उदाहरण घोकाउने परम्परागत विधि छाडेर, खेल विधिको प्रयोग भएको।

छ) कक्षा ४ मा समेत कक्षा शिक्षण पद्धति सफलतापूर्वक प्रयोग भएको।

ज) शिक्षा घोकन्ते हुनुहुँदैन, मौलिक र रचनात्मक हुनुपर्छ, पढाइ नम्बर प्राप्त गर्ने कामसँग होइन रमाइलो गर्ने कामसँग जोडिएको हुनुपर्छ, सिकाइ दण्डविहीन मात्र होइन पुरस्कारविहीन पनि हुनुपर्छ। (शायद पुरस्कार दिने प्रवृत्तिले घुस्याहा जनशक्ति उत्पादन हुन्छ भनेर हो कि? अर्थात् राम्रो काम गर्न पुरस्कारको लोभ देखाउँदै सिकाउँदा पछि त्यही जनशक्ति जे काम गर्दा पनि थप पारितोषिक (घुस) को आशा गर्ने हुन जान्छ) भन्ने जस्ता आदर्शवादी दर्शनलाई व्यवहारमा उतारेको।

यस्तो शैक्षिक सम्पदा नेपालका शिक्षकहरूको नजरबाट यति लामो समयसम्म ओझेलमा परेको देख्दा अचम्म लाग्यो। हरेक शिक्षक र शिक्षा क्षेत्रका सरोकारवालाहरूले यो पुस्तकलाई एकपटक करीब तीन घण्टा समय निकालेर अध्ययन गर्दा पक्कै पनि नेपाली विद्यार्थी र शिक्षा क्षेत्रलाई राम्रै न्याय मिल्नेछ।

बटुकलाल तामाङ
अन्नपूर्णा उमावि, पार्वतीपुर, चितवन

**sms प्रतिक्रियाका लागि ltr<space>5006**





# म हेडमास्टर !




**कुर्सी पाइहालें। राजनीति– एउटा पार्टीको पुच्छर पक्रेकै छु। मलाई कसले के गर्न सक्छ ? विद्यार्थी कस्ता छन् ? के छन् ? कुन शैलीशिल्प अपनाउँदा उनीहरूको दिल छोएर भनेको टप्प टिप्न सक्छन् ? समयको माग के छ ? 'अप टु डेट' हुनुपर्छ जस्ता कुरासँग मलाई के चासो ? म त मात्र हेडमास्टर !**

■ **कलानिधि दाहाल**

म हेडमास्टर ! मलाई वडो गौरव छ- हेडमास्टर हुनपाएकोमा। कुर्सी घुम्छ- जता फर्कन चाह्यो त्यतै। आरामदायी कुर्सी। घुम्ने कुर्सी। मेरा बाबुबाजे कसैले कहिल्यै देख्न नपाएको कुर्सी। अरु भनौं त्यस समय-साँधमा त सुन्न पनि नपाएका हुनसक्छन्। हजार-बाह्रसयभन्दा पनि बढी विद्यार्थीको नेता म हेडमास्टर। मजस्तै अरूअरू जम्मै गरी दशौंलाख विद्यार्थीको उज्ज्वल भविष्यको दायित्व बोकेका हेडमास्टरहरू। सय-डेढसय बौद्धिक सर्टिफिकेट प्रमाणका रूपमा प्रस्तुत गरेर नियुक्त भएका शिक्षक-शिक्षिकाको हेडमास्टर म। दशौंलाख विद्यार्थीलाई शिक्षित बनाउने दायित्व बोकेका बौद्धिक वर्गका मजस्तै अन्य हेडमास्टरहरू। यस गगनचुम्बी रंगीन घरभित्रको सबभन्दा मूल्यवान घुमाउने कुर्सीमा आसीन म र मजस्तै अन्य हेडमास्टर।

मलाई गौरव छ- यो कुर्सी हत्याउन सकेकोमा, त्यस्तै अरूलाई पनि। त्यत्तिकै हत्याएको होइन मैले यो कुर्सी। यसभन्दा अघि वफादारिताका गफ हाँक्ने मेरै परम मित्र हेडमास्टर नै भएर सानो काठे कुर्सीमा बस्थे। लेक्चर सुनाउँथे र भन्थे- 'विद्यालय भनेको पवित्र मन्दिर हो जहाँ देवीदेवताका रूपमा प्रशस्त शुल्कको भेटी चढाएर विद्यार्थीहरू आएका छन्। उनीहरूलाई हामीले चोखो शिक्षाको बत्ती बालिदिएर संस्थाको इज्जत बढाउनुपर्छ जो देशका भोलिका कर्णधार पनि हुन् र हुनसक्छन्।' उनी जम्मै शिक्षक-शिक्षिका जम्मा गरेर अरु अगाडि सुनाउँथे- 'साथीहरू ! हामी लोभलालसामा फँस्नु हुँदैन, सामान्य जीवन चले भैगयो। तलब धेरै निर्धारण नगरेर बँचेको पैसाले संस्थाको भौतिक विकास गर्नुपर्छ।'

यस्तैयस्तै नानाभाँतीका आदर्शका कुरा सुनेर कान टट्याइसकेपछि मलाई झोंक चल्यो। मैले पनि झोंकलाई हर्षमा बदल्न उनका सोझा मनका झिना तारलाई समाएँ। उनी कुनै पनि साथीबाट आफ्नो विरोध भएको सुन्न चाहन्नथे। यसै कमजोरीलाई पक्रेर मैले पनि एकै पटक एटमहमला बोलें -'यस्ता तोरीलाहुरे तालले हेडमास्टरको गौरव रहन्न, शान र मान जन्मन्न। हेडमास्टर भनेको त आकर्षक हुनुपर्छ, स्मार्ट हुनुपर्छ। यो समयको माग हो। विद्यार्थी भर्ना गर्न आउने अभिभावकले पनि यस्ता काठे कुर्सीमा बसेर निन्याउरो मुखले आदर्शको उपदेश दिँदै गरेको हेडमास्टरलाई देख्नासाथ बच्चा अर्कैतिर कुदाउँछन्। भित्र केही नभए पनि बाहिर वडो स्मार्ट, बडीविल्डर देखिनसक्नुपर्छ- हेडमास्टरले।' यस भनाइले पनि उनलाई असर नगरेपछि अर्कै उपाय अपनाएँ- मैले।

उनी, आफ्नो काठे कुर्सीसँगै टँसाएको टेबुलमा विद्यार्थीले गृहकार्य गरेका कपी औंलोसम्म अड्याउने ठाउँ खाली नराखी सजाउँथे। अक्षर-अक्षर हेर्थे। गणितका फर्मूला प्रयोगमा कुनै पनि स्टेप छुट्नुहुन्नथ्यो। मैले पनि हेडमास्टर हुनाकै लागि र उनलाई हटाउनाका लागि दिनैपिच्छे अलि अगाडि आएर कपीहरू छरपस्ट पारिदिन लागें- च्यातिने गरी। लगातारको यस कार्यले साँच्चै सञ्जीवनीको काम गऱ्यो। उनी निरास हुँदै गए। उनको मनसँग, विद्यार्थीको भविष्यसँग मलाई केको मतलब ! मैले त जसरी पनि कुर्सी हडप्नु थियो। पद पाएपछि चाहना अनुसारकै घुमाउने कुर्सी त म लिइहाल्थे, मेरो रुचिको क्षेत्र पनि मार्केटिङ नै हो। साथीहरूलाई घोषणा गरिदिएँ- म हेडमास्टर भएपछि तपाईंहरूको तलब दोब्बर बनाइदिन्छु, नेताले व्यापारी, कर्मचारीलाई दिएको आश्वासनजस्तै। मलाई के पनि राम्ररी थाहा थियो भने- भइराखेका हेडमास्टर बाहेक अन्य साथीहरू यस पदका प्रत्यासी थिएनन्। चारैतिर विरोधका तगारा लगाइदिएपछि मैले सोचेजस्तै उनी हटे मात्र होइन हाम्रो विद्यालय नै छाडेर अन्यत्र गए- कुचाले बढार्नुपर्ने कसिङ्गर हावाले नै उडाइदियो।

म हेडमास्टर ! गौरव छ मलाई 'हेड' हुनपाएकोमा। सम्पूर्ण



# मनका कुरा

> **विद्यार्थी पास प्रतिशतको संख्या नपुगेर विद्यालय नै कोल्याप्स भए पनि मलाई राज्यले अर्कोतिर नियुक्ति दिइहाल्छ, शिक्षक लगायतको तलब राज्यले नै वितरित गर्ने भएकाले संस्था खत्तम हुँदा पनि हानि कसैको हुँदैन, अनि केको टाउकोदुखाइ मेरो शिरमा हेडमास्टरको ताज रहुञ्जेल ?**

मेरो काँधमा- खोजे अनुसारको रोजेजस्तै। विद्यार्थी न हुन्- ठेट्ना, काँचा, आलो माटोजस्तै। केही वर्ष त पुस्तक हातमा लिएँ, पङ्क्ति पङ्क्ति रटें, रट्न लगाएँ, नसके पाना पल्टाएँ जस्ताको तस्तै हुबहु अक्षर-अक्षर। मलाई के मतलब उनीहरूको चेतना विकासतिर, फ्याक सोच-निर्माणतिर ! आफैंसँग केही नभएपछि तिनलाई दिने त कुरै भएन।

कुर्सी पाइहालें। राजनीति- एउटा पार्टीको पुच्छर पक्रेकै छु। मलाई कसले के गर्न सक्छ ? विद्यार्थी कस्ता छन् ? के छन् ? कुन शैलीशिल्प अपनाउँदा उनीहरूको दिल छोएर भनेको टप्प टिप्न सक्छन् ? समयको माग के छ ? 'अप टु डेट' हुनुपर्छ जस्ता कुरासँग मलाई के चासो ? म त मात्र हेडमास्टर ! कसले हल्लाउने मलाई अब ? शिक्षकको तलबवृद्धि, पदोन्नतिसँग के सरोकार मलाई ? यस खालका जेजति आवेदन/निवेदन परेका छन् तिनलाई घर्रामै थन्काएर अगाडि बढी रहूँ। पाखुरी सुर्केछन् भने सञ्चालक समितिको छायाँ देखाएर बहानाको बाटो खन्न जानेकै छु।

म हेडमास्टर ! यसै हैसियतले म व्यवस्थापन समितिको पनि त सदस्यसचिव रहन्छु। व्यवस्थापकहरूले विद्यालयका बारेमा आधिकारिक जानकारी लिने भनेको मसँगै त हो। उनीहरूलाई जम्मै असल छ, साथीहरू सन्तुष्ट छन्, पठनपाठन व्यवस्थित छ, सबै राम्ररी चलिरहेकै छ भनेर रमाइलो भोज गर्दै भत्ताको खाम पकेटमा अलि बढी नै राखिदिएपछि के को प्रश्न, केको टाउकोदुखाइ ? यता यसरी चापचुप पार्‍यो; उता, शिक्षक-शिक्षिकालाई सञ्चालक समितिले मानेन भनिदियो, भइगयो। अहा ! क्या बाठो हेडमास्टर म। यो पनि मलाई थाहा छ - अहिलेसम्मका शिक्षक-शिक्षिका कसैको पनि त्यहाँसम्म पुग्ने हिम्मत छैन। म यसै पनि हेडमास्टर ! सोझो भएर, आदर्शको भाषण गरेर संस्थाको हितका लागि पारदर्शी र प्रगतिशील हुनुपर्छ रे, किन ? विद्यार्थीको सिकाइ, बोलाइ, पढाइ जस्ता कुरामा रातोदिन चिन्तन गर्दै मरिमेट्ने विगतका हेडमास्टर महोदयको हालत त देखिहालियो। अलिकति धक्का दिँदैमा बालुवाको घर भत्केझैं, सिसाको झ्याल फुटेझैं गर्ल्यामगुर्लुम्म हुनुपर्छ भने के को नैतिकता ? केको आदर्श ? केको अनुशासन ? केको निष्ठा ? केको वफादारिता ?

'हेलो ! म फलानो स्कूलको हेडमास्टर, आज ठीक चारबजे मकहाँ हेडमास्टरहरूको मात्र मिटिङ गरौं।' 'नमस्ते सर ! एजेण्डा केकस्ता होलान् ?' 'आ सर पनि केको एजेण्डा, जम्मा हौं, बसौं, परिचय गरौं, ड्रिङ्क गरौं, रमाइलो गरौं। मोजमस्तीको दुनियाँमा केको एजेण्डाको गन्थन नि ? एजेण्डा त विभागविभाग छुट्याएर विभागीय प्रमुखहरूलाई यसो भत्ताको लोभ देखाउँदै मक्ख पारिदिएकै छु। एजेण्डाका काम त तिनीहरूकै हुन् नि ! मरिमेटेर लाग्छन्। कहीं नबिकेर मास्टर हुन आएका हुन्। राम्रो काम नभए जागिर जान्छ भनिदिएकै छु - हामीलाई केको टाउकोदुखाइ ? ल सर ! ठीक समयमा ... बरु लेवल कुन ? सितन केके ? तिनका भेराइटी चाहिं पाऊ न।' 'फलाना... फलाना... भए पुगिहाल्ला नि, बरु मिल्छ भने फलानीको व्यवस्था पनि कतै होटलतिर बुक गरिराखौं न।' त्यो पनि गरौंला... सर। ल, हस्त एकदम समयमा है सर ?

'आफ्टर स्कुल... हुइइय ! घ्याइइय !! भट्टट् भ्याट्ट !!! पल्सर, युनिकर्न। अलि कमजोर भनिने स्कूलका हेडमास्टर मात्र अन्य पुरानामा सवार भएका छन्। विद्यार्थीका कलिला पाइतालाले सुन्दर र सुदूरसम्मका विश्व म्याराथन अनि कपर्दी-जुडो-उसुको अभ्यास गर्ने प्राङ्गणमा हेडमास्टरहरूका मोटरसाइकलदेखि निजी प्लेट सजिएका सिनित्त चिप्लेटी खेल्ने जस्तै कारहरूको भीड लागेको छ। बनाउने, पकाउने अरु परिकार नपुगे तुरुन्त पसलबाट ओसार्नेको चल्मलाउँदो जमात त्यत्तिकै हतारमा दौडिरहेको छ। भित्र ठूलो विशाल सभाकक्ष जहाँ हजारौं विद्यार्थी र तिनका नाममा आफू बन्धक बसेर भए पनि छोराछोरीको आउने दिन असल बनाउन अनि देशकै विकासका खाकाहरू कोराउन शुल्क बुझाउने अभिभावकको जमात हुनुपर्ने ठाउँमा यिनै मजस्तै तिगडमतन्त्रका बडेमान शरीरधारक हेडमास्टरहरूका सुटेडबुटेड सुकिला चेहरा सजिएका छन्। देख्दा मनको कुनै कुनामा मै हेडमास्टरलाई लाग्छ- यस देशमा कोही पनि निरक्षर मात्र होइन अशिक्षित पनि छैनन्, शिक्षाकै ज्योति बलेर सम्पूर्ण रोजगार बनिसके, कोही पनि खाना, नाना र छाना विनाका मान्छेहरू नै छैनन्। के यी कुरा साँचा हुन् र ? उत्तर, आफैं खोज्नोस्। म त हेडमास्टर ! बहकिएको छु, आफ्नै बेमौसमी रफ्तारमा। अर्को अर्को सबै हेडमास्टर बहकिएका छन्, मजस्तै भएर मसँगै। सभापतिको लचकदार घुमाउने आसन त मेरै छँदैछ। कार्यक्रम शुरू हुन्छ- मास्टरहरू कसरी तह लगाउने ? निहुँ खोज्नेलाई सरकारी-तरकारी स्कूलका भए कहाँ कसकहाँ सरुवा गर्ने ? निजी वा बोर्डिङ-तोर्डिङका भए हुक्काको पुरानो पानी फालेझैं बरखास्तगी। व्यापक छलफलले निचोड निकाल्छ। अरूको 'असल' को सुरुआत पो गाह्रो हुन्छ त अर्काको खराबी र आफ्नो हितका सूत्र निर्माणका लागि कुनै आइतबार पर्खनै पर्दैन। हुन्छ, फटाफट। कारण म हेडमास्टर, अरूअरू सबै मजस्तै मेरै सहकक्षी- फूल पावरवाला हेडमास्टर।

तीनसय पैसट्ठी दिनका खाकाहरू एकएक भाकामा यसरी नै बन्दै जान्छन्। लामो समयको अन्तराल पार गरेपछि मैले मेरो अनन्त भविष्यसम्मको सबै क्षेत्रलाई सोचेजस्तै समृद्ध बनाइसकेको छु। जागिरे मास्टरलाई तेल पेलाइका चक्कामा फलामे तारले घुमाइदिएपछि निजी विद्यालयको नतिजा यसै पनि सकारात्मक निस्किहाल्छ। मास्टर पनि त मान्छे नै हुन्- पैंतालीस/पचास मिनेटको समय कक्षामा त्यत्रा विद्यार्थीका सामु उभिंदा भित्र मसँग रीसै उठे पनि केही त पढाउनु नै पर्‍यो। त्यही 'केही पढाउनु' मै विद्यार्थी सफल भइहाल्छन्, म हेडमास्टर, नाक त मेरो यसै पनि घिरौंलाजत्रो भइहाल्छ अनि यिनलाई किन तलबवृद्धि गर्नुपर्‍यो, प्रमोशन किन गर्नुपर्‍यो ? म हेडमास्टर ! उस्तै पर्‍यो भने शिक्षा कार्यालय हुँदै निर्देशनालय, सानो ठिमी, त्यसले पनि नपुगे शिक्षामन्त्रीसम्म जाँडे र घुसे पहुँच छँदैछ। नभए पनि लाख- दुई लाख... कोशेली खामबन्द गरेपछि आर्थिक संकटको यस देशमा दिल नपग्लने कोही रहेछ भने त्यो मुर्कुटोमृत्यु मर्छ;

तर छैनन् कोही। त्यसैले त म हेडमास्टर एकछत्त ! आफ्नै भालुभुत्ते मूर्खताको ताज पहिरेर राज गरिरहेछु, राज गरेर ताज पहिरिरहेछु ! !

म हेडमास्टर ! 'हेड' माने टाउको। जसको माथि अर्को कुनै अंग नै हुँदैन। 'हेड' माने अर्को अर्थमा 'ठूलो' जसको बराबर पावरमा, पहुँचमा त्यस परिधिमा अर्को कोही हुनै सक्दैन। अनि मैले किन कक्षामा गएर मरी-मरी भालुभुत्ते विद्यार्थीहरूलाई पढाइरहने ? यस्ता पढाउनेहरू त मैले नियुक्त गर्ने हो, गरेकै छु। काउण्टरमा त मैले आकर्षक प्रकृत्तिकै वरदान ठानिएको सौन्दर्य सजिने नारीरुप नियुक्त गरेकै छु। पठनपाठनका सम्बन्धसूत्रहरू विभागका रूपमा खडा छन्, विभागीय प्रमुख नियुक्त छँदैछन्। नतिजाले नकारात्मक रूप लिनासाथ तिनकै टाउकामा खन्याइदिने र मस्तीजति आफू लिने। वा रे ! हेडमास्टर म। मेरा संघसंगठनहरू छन्, मञ्चहरू छन्, प्याब्सनहरू छन्, तिनमा शिर सजाउनासाथ अर्को सिंढी पार हुन्छ। संघमा आवद्ध भएको स्वाङ गर्छु- प्रजातन्त्रवादीको ताज झल्काएर सुशीलदिल, देउवादिल, रामचन्द्रदिल पगाल्ना साथ मेरो हेडमास्टरको ताज टिकटमा रूपान्तरित हुन्छ- क्षेत्रनम्बर यतिउति, यो ऊ। त्यसमा नमिल्ने संकेत मात्र पाए भने म तुरुन्त रङ फेर्छु संगठनतिर- चाहे 'संगठन' मात्र होस् चाहे पुच्छर झुण्डिएको। पुच्छर विनाको रहेछ भने माधव, केपी, झल्लु- जुनसुकै उल्लुको दिल पनि पग्लिहाल्छ। यसमा पनि नकारात्मक संकेत मिल्नासाथ क्रान्तिकारीको पुच्छर झुण्डिएकोमा पुगेर अनुहार रातो बनायो, मसलमुड्की दह्रा पारेर मोहन-प्रचण्ड-बाबुराम जसको दिल अँगाले पनि उही फैलावट। आरामले ताज चमक्क चम्कन्छ। म त हेडमास्टर, मलाई रङ फेर्न गुरु- छेपाराले सिकाएकै छ, केको टेन्सन ! !

म हेडमास्टर ! कुन क्षेत्रको भन्नुहन्छ- शिक्षाविद् महोदयहरू- सरकारी भन्नुहुन्छ भने म राजनीतिक शक्तिका आधारमा बलियो पार्टीको कोटामार्फत भएको हेडमास्टर हुँ। विद्यार्थी पास प्रतिशतको संख्या नपुगेर विद्यालय नै कोल्याप्स भए पनि मलाई राज्यले अर्कोतिर नियुक्ति दिइहाल्छ, शिक्षक लगायतको तलब राज्यले नै वितरित गर्ने भएकाले संस्था खत्तम हुँदा पनि हानि कसैको हुँदैन अनि केको टाउकोदुखाइ ? मेरो शिरमा हेडमास्टरको ताज रहुञ्जेल यहाँ त अरू सजिलो - आयो, गयो, हाजिरी बजायो। निस्क्यो - पार्टीमा गयो, गुड्डी हाँक्यो। यो त पार्टीले नै पहिराइदिएको शिरताज हो। पार्टीप्रति वफादार छउञ्जेल ताज हट्दैन। म पार्टीको इर्दगिर्द रहेर ताजको रक्षार्थ खप्पीस भएसकेकै छु भने मलाई कसको डर !? अनि म किन संस्थाहितका लागि भनेर शिक्षक सुविधाका बारेमा, विद्यार्थीको शैक्षिक गुणस्तरका बारेमा सोचिरहूँ ? वास्तवमै भन्ने हो भने त शिक्षाको जानकारी भएका, संस्थाको समृद्धि सोच्ने, विद्यार्थीको चेतना विकास गर्ने सीप शिल्प भएका व्यक्तिहरू त कुर्सीमोह नै राख्दैनन्, बरु कुर्सी छाडेर यस्ता कार्यमा अग्रसर रहन्छन्। तर म त्यस्तो होइन। म त हेडमास्टर ! यो नै मेरो गौरव हो, यो नै मेरो सर्वस्व हो। म के थिएँ र ? पढ्दा, पढाइमा दिमागशून्य। साथीहरू पढ्न मन गर्थे। शिक्षकहरू राम्ररी पढाउँथे। मलाई दिक्क लाग्थ्यो। अर्कै साथीलाई मेरो नामबाट एस.एल.सी. दिन लगाएँ। तैपनि तृतीय श्रेणी अर्थात् थर्ड क्लासमा पास भएँ। आई.ए., बी.ए. पढ्ने हिम्मत नभएरै एडतिर लागें। राज्यको माग पनि यही रहेछ। अलिकति घोकिदिए पुगिगयो; बाँकी चोरीचकारी- ब्याक्-स्याक्-ट्याक् लगाउँदै प्रमाणपत्र लिएको न हुँ। अन्त जागिर खाने न क्षमता, न साहस। पोलिटिक्स गरियो, नेताका पाउ मोलियो। उनीहरूले दबाब दिंदा पाइने पनि शिक्षा क्षेत्र नै रहेछ। यहाँ पनि सामान्य मास्टर भएर बसे शिल्प, सीप, चेतना सबै चाहिने। पाँच-पाँच छ-छ घण्टी दैनिक पढाऊ, अप टु डेट होऊ। झञ्झट, दिग्दारी, थकित- त्यसमा पनि क्षमता भए न आनन्द आउँथ्यो। सबैबाट मुक्ति लिन अनेकौं दाउपेच प्रयोग गरेर यो कुर्सी लिएको हुँ; अनि किन छाड्ने ? यो तिगडम अन्यत्र बिक्छ नै कहाँ ? त्यसैले त शिक्षा नियमावलीमा उमेरको साँध साठी वर्ष छ- म त्यहाँ पुग्नासाथ त्रिसट्ठी बनाएँ र भनें हाम्रो विद्यालय दुवै निजी, सरकारी हो। म साठी नपुगुञ्जेल सरकारी, पुगेपछि निजी। यसो गर्दागर्दै त्रिसट्ठी पुगे पैसट्ठी बनाउँला क्या हाइसञ्चो। हेडमास्टर ! तैंले क्या फुलाइस् तेरा भाग्यका फ्लावर ! ! केही अपवादलाई छाडेर यहाँ, वहाँ जहाँका पनि हेडमास्टरका अनुहार उही हुन्, उस्तै हुन्। तैं चुप, मै चुप। कसले कसलाई के भन्ने ?

कहिलेकाहीं शैतानी मन थाकेर मान्छेको मन सुटुक्क पसेको बेला म आफूलाई आफैंप्रति घृणा लाग्छ र मनमनै विचारहरू जन्मन्छन्- 'के म मान्छे हुँ ? के मान्छेले गर्ने कार्यहरू यिनै र यस्तै हुन् ?' उत्तर स्पष्ट छ- 'म मान्छे होइन र मैले गरेका कुनै पनि कार्यहरू यस ओहोदाबाट गरिने असल कार्य होइनन्। म सही मान्छे भएको भए, मैले सही मार्ग अवलम्बन गरेको भए, आफू मेटिएर पनि अर्काका भलाइमा समर्पित हुने अठोट गर्नुपर्थ्यो। सबै शिक्षकलाई जम्मा गरेर काउण्टर खुला राख्दै उठेको शुल्क एकमुष्ट देखाई विद्यालयको भौतिक विकासको रकम छुट्याएपछि बँचेको रकम तहगत भिन्नताका आधारमा स्केल निर्धारण गर्नुपर्थ्यो। आफूलाई समकक्षी शिक्षक-शिक्षिकाको भन्दा कमै राखेर आदर्शको उदाहरण बन्न सक्नुपर्थ्यो। चाहे जुनसुकै क्षेत्रको - निजी वा सरकारी किन नहुन्- उहीं नमुना दिनसकेको भए उनीहरू खुशी हृदयले कक्षामा जान्थे, खुलेर पढाउँथे। यस अवस्थामा आउने शिक्षणविधिको आकर्षणले गिजुभाईलाई बिर्साउँथ्यो। सन्तुष्ट शिक्षक कक्षामा पस्दाको अवस्थाले नै शैक्षिक गुणस्तरको उचाइ र अधोगति निर्धारण गर्दछ। शैक्षिक गुणस्तर राम्रो भएपछि विना विज्ञापन नै विद्यार्थी ओइरिने र लिने कुरामा अरूभन्दा आफू अलि तलै रहन सकेको भए सम्पूर्ण शिक्षक-शिक्षिका लगायत कर्मचारी वर्गसमेत खुशीखुशीले आफ्ना कार्यक्षेत्रमा दत्तचित्त हुने भएपछि राजनीतिको पुच्छर पक्रेर पदरक्षा गर्नुपर्ने थिएन। नेताका चाकरीमा विभिन्न प्रलोभन बोकेर धाएपछि शैक्षिक गुणस्तर उँभो लाग्छ र ? फेरि सरकारी स्कूलको हेडमास्टर हुँदा त एउटा प्रा.वि.को शिक्षक सरुवामै लिंदा र आफ्नोबाट अर्कोमा पठाउँदा तीनदेखि चार लाखसम्म मैले ग्वाम्म पारेको छु। त्यस्ता कार्य शैक्षिक गुणस्तर वृद्धिका लागि सकारात्मक हुनसक्छन् ? धिक्कार छ म हेडमास्टरलाई।

ममा फेरि शैतानी मन हावी हुन्छ- 'मभित्र। यतिका वर्ष गरेको रजाइँ र बानीमा एकछिनको पवित्र मनले पानी फेरिने हो र ? अहं, म हेडमास्टर, मेरो गौरव- हेडमास्टर, मेरो शान हेडमास्टर, म जुनसुकै तिगडम खर्चेर भए पनि हेडमास्टर रहन्छु।' 📖

ओखलढुंगा, विगुटार
हालः रातोपुल, काठमाडौं

मनका कुरा

# निजीबाट सिकौं !

**८० प्रतिशतको हाराहारीमा शैक्षिक उपलब्धि हासिल गराउन सक्षम निजी विद्यालयहरूलाई कुनै शिक्षा नीति र पाठ्यक्रम बाधक बन्न सकेन। त्यसैले सरकारी शिक्षकको तुलनामा झण्डै आधा सेवासुविधा लिएर पनि तीनगुणा बढी उपलब्धि हासिल गराउन सफल निजी विद्यालयका शिक्षकबाट सार्वजनिक विद्यालयले धेरै कुरा सिक्नुपर्ने भएको छ।**

■ माधव गर्तौला

नेपाली उखान छ, 'नाँच्न नजान्ने आँगन टेडो'। यो उखान आज गिर्दो शैक्षिक उपलब्धिको निम्ति शिक्षा नीति, पाठ्यक्रम, राजनीतिक हस्तक्षेप तथा व्यवस्था र विद्यालयमा व्याप्त विविध समस्याहरूमाथि दोष लगाएर आफू चोखिन खोज्नेहरूका लागि एकदमै सान्दर्भिक छ। ८० प्रतिशतको हाराहारीमा शैक्षिक उपलब्धि हासिल गराउन सक्षम निजी विद्यालयहरूलाई कुनै शिक्षा नीति र पाठ्यक्रम बाधक बन्न सकेन। त्यसैले सरकारी शिक्षकको तुलनामा झण्डै आधाको हाराहारीमा सेवासुविधा लिएर पनि तीनगुणा बढी उपलब्धि हासिल गराउन सफल निजी विद्यालयका शिक्षकहरूबाट सार्वजनिक विद्यालयका जिम्मेवार पक्षहरूले धेरै कुराहरू सिक्नुपर्ने भएको छ।

राज्यकोष रकमबाट सबैभन्दा बढी खर्च हुने शिक्षा क्षेत्रमा आज सन्तोष गर्ने ठाउँ भेटिँदैन। उत्कृष्ट नतिजा ल्याउने विद्यालय केही संख्यामा सीमित छन् भने सन्तोषजनक विद्यालय १५-१८ प्रतिशत मात्र होलान्। बाँकी नाजुक अवस्थामै छन्। न्यून उपलब्धि भएका विद्यालयका प्रायः शिक्षकहरू शिक्षा नीति र पाठ्यक्रमको कमजोरीलाई दोषी ठान्नुहुन्छ। तर म यस कुरामा सहमत छैन। किनभने यही नीति र पद्धतिभित्र पनि उत्कृष्ट नतिजा ल्याउन सफल विद्यालयहरू छन्। बरु ती विद्यालयलाई कसरी केहीले बिगार्न सकेन भन्ने बुझेर तिनको सक्दो अनुसरण गर्दै जान्नु चाहिं लाभदायक होला।

अभिभावकहरूलाई पनि आफ्नो सोचाइमा परिवर्तन ल्याउन म विनम्र अनुरोध गर्दछु। सरकारी स्कूल भनेपछि कताकता धेरैको मनबाटै उपेक्षा हुन थालेको छ। आफ्नै कोखको सन्तान सरकारी स्कूलमा भर्ना गरेका भए अत्यावश्यक शैक्षिक सामग्री समेत खरीद नगरिदिने तथा पढाइमा भन्दा घरायसी काममा बढी महत्त्व दिने तथा नियमित उपस्थिति समेत नहुने अवस्था धेरै कम हुनेथियो होला। जसबाट राज्यले प्रतिविद्यार्थी वार्षिक सरदर १६-१७ हजार पर्ने गरेको लगानीको उपेक्षा गरेको ठहर्छ भने तिनै सन्तान बोर्डिङमा छन् भने सरदर त्यति नै रकम अभिभावकको आफ्नो पकेटबाट जाने हुँदा बराबर विद्यालयमा सम्पर्क राखी परामर्श लिने र 'होम ट्यूशन' समेत राख्ने गरेको भेटिन्छ।

राज्यले पनि सबभन्दा मोटो रकम शिक्षा क्षेत्रमा लगानी गरेको छ भन्दैमा उसको दायित्व पूरा भएको मान्न सकिँदैन। लगानी गर्ने कुनै पनि व्यक्ति वा निकाय प्रतिफलको भागीदार हुनुपर्दछ। कुनै दलविशेषले पक्ष-विपक्षको आधारमा शैक्षिक क्षेत्र धमिल्याउने प्रयास गरे पनि राज्यपक्ष निरीह बनेर हेरेको अवस्था छ। यसरी सीमित दल/व्यक्तिको स्वार्थमा शैक्षिक क्षेत्र बाधा व्यवधानको सिकार बनिनु हुँदैन। दण्ड र पुरस्कारको नीति अवलम्बन नगरेसम्म र विभिन्न सुविधा तथा विकासको रकम पूर्ण व्यावहारिक एवं पारदर्शी नतुल्याएसम्म लगानी मात्र खेर जाने होइन 'जो चोर उसको ठूलो स्वर' हुने प्रवृत्तिले निरन्तरता पाउनेछ।

अब पनि यही अवस्था रहिरहने हो भने अधिकांश सार्वजनिक विद्यालयहरू विस्थापित हुनेछन्। राम्रामा गनिएका सीमित विद्यालयहरू मात्र अस्तित्वमा रहनेछन् र केही सीमित र आर्थिक रूपले सक्षम व्यक्तिहरूका लागि मात्र बोर्डिङ स्कूल सञ्चालनमा रहनेछन्। त्यसको प्रत्यक्ष मारमा गरीब र विपन्न वर्ग पर्नेछन् भने हामीजस्ता धेरै सरकारी विद्यालयका शिक्षकहरूको समेत विद्यालयसँगै अस्तित्वको समाप्त हुन बेर लाग्ने छैन। आजको सानो कमजोरीकै कारण भोलि हामी कुनै काल्पनिक नाटकका पात्र वा एकादेशको कथाझैं हाँसोका पात्र बन्नुपर्नेछ।

शिक्षालाई अग्रगतिमा लैजान कुन नीति, पाठ्यक्रमको कसरी निर्माण र उपयोग/प्रयोग गर्ने भन्ने सवालमा हामी शिक्षकहरूको आफ्नै हातमा चावी छ। राज्य पक्षबाट समयसापेक्ष सुधार र संशोधन गर्दै जाने कुरा आफ्नो ठाउँमा छ तर शिक्षाको जग प्राथमिक तहको पाठ्यक्रम अधिकांशको नै गाउँ परिवेशमा सहज र सरल हुने गरी तय भएको छ। त्यसमाथि १०० पूर्णाङ्कको पाठ्यक्रम स्थानीय तहबाट निर्माण गरी लागू गर्ने जिम्मेवारी समेत हाम्रो हातमा छ। हामी शिक्षकहरूले नै परामर्शदाताहरूसँगको सहकार्यमा त्यसको निर्माण गरी लागू गर्नुपर्दछ। भन्नुको मतलब पाठ्यक्रम, नीति, भौतिक अवस्था आदिलाई दोष दिनेतिर नलागी आफ्नो कक्षाकोठाको अवस्था, विद्यार्थीको चाहना, रुचि, क्षमता, भौगोलिक, सामाजिक परिवेशअनुसार पाठ्यक्रम र उपलब्ध साधन स्रोतलाई सामान्यीकरण गर्ने र कक्षाकोठामा त्यसको प्रयोग गर्ने सवालमा हामी शिक्षकहरूको थाप्लोमा अत्यावश्यक जिम्मेवारी आइसकेको छ।

राज्य तथा अभिभावकहरूको अपेक्षा भनेको भविष्यमा सक्षम, सबल, जिज्ञासु समाज र राज्यप्रति चिन्तनशील, असल र दक्ष नागरिक उत्पादन गर्नु हो। तसर्थ बालबालिकाप्रतिको जिम्मेवारी र कर्तव्य अभिभावकहरूले पनि भुलिदिन हुँदैन। सार्वजनिक विद्यालय भन्ने बित्तिकै नाक खुम्च्याउने अभिभावकको प्रवृत्ति पनि राम्रो मान्न सकिन्नँ। किनभने कतिपय सरकारी विद्यालयहरू मामुली बोर्डिङ भन्दा कम्तीका छैनन्। सबैलाई त्यत्तिकै राम्रो नबनाउने किन ? सरकारले बजेट वक्तव्यमार्फत वितरण गरेको रकम मात्र प्रतिविद्यार्थी वार्षिक सरदर रु.१७-१८ हजार जति पर्न आउँछ। त्यसमाथि विभिन्न स्थानीय निकाय तथा अन्तर्राष्ट्रिय दातृ निकाय साथै अभिभावकहरूको लगानी समेत जोड्ने हो भने बोर्डिङभन्दा सरकारी विद्यालय निकै महङ्गो पर्न गएको छ। तर आफ्नो पकेटको लगानी कम परेकोले नै हुनुपर्छ 'सस्तो बेसाहा पेट लागि' सरह भएको छ। शिक्षा क्षेत्रका जिम्मेवार पक्ष हामी शिक्षकहरूले मात्रै आफ्नो दायित्व र कर्तव्य पूरा गर्ने हो भने पनि हरेक दृष्टिकोणबाट सरकारी विद्यालय शिक्षाको सुन्दर भविष्य हाम्रो आफ्नै पहुँचभित्र छ। यसलाई सुन्दर र सफल बनाउन सकिन्छ। 📖

सूर्य बाराही प्रावि, आग्रा, मकवानपुर

# प्राप्ताङ्क मात्रै गुणस्तरको कसी होइन

■ **हेमचन्द्र अधिकारी**

नेपालको शिक्षा प्रणालीका समस्याबारे बेलाबेला चर्चा गर्ने गरिन्छ; सुधारका लागि केही प्रयासको सुरुआत पनि गरिन्छ तर समस्याको समाधान अपेक्षाकृत हुनसकेको पाइन्नँ । यहाँ शिक्षा प्रणालीलाई संकुचित रूपमा व्याख्या गरिँदै आइएको छ । वास्तवमा प्रणाली मूल्याङ्कनभित्र Input, process र Output - तीनओटै पक्षको बराबर मूल्याङ्कन गरिनुपर्ने भएता पनि output लाई मात्र बढी जोड दिने प्रचलन छ । त्यसमा पनि विद्यार्थीको प्राप्ताङ्कलाई प्रणाली मूल्याङ्कनको प्रमुख आधार बनाइन्छ। हाम्रो देशको सन्दर्भमा एसएलसी नतिजा शिक्षाको गुणस्तर मापनको सर्वोपरि मापदण्डको रूपमा स्थापित छ । एसएलसी नतिजा प्रकाशन हुनासाथ समग्र शैक्षिक सरोकारवालाको ध्यान सामुदायिक विद्यालयमाथि प्रश्न तेर्स्याउनतर्फ केन्द्रित हुन्छ र कमजोर नतिजा प्राप्तिको निशाना शिक्षकलाई बनाइन्छ। वास्तवमा शिक्षक शैक्षिक पद्धतिको सबैथोक होइन, पद्धतिभित्रको एक प्रमुख अंग मात्र हो ।

शैक्षिक गुणस्तर लेखाजोखा गर्ने क्रममा सामुदायिक र निजी विद्यालयको नतिजाबीच तुलना गर्ने प्रचलनमा हामी अभ्यस्त बनिरहेका छौं । हो; शैक्षिक उत्पादनको दृष्टिबाट निजी विद्यालयको नतिजा सामुदायिक विद्यालयको तुलनामा धेरै राम्रो छ। तर यसको प्रतिफल कसले, कति प्राप्त गर्न सक्यो त ? उत्पादित जनशक्तिले राज्यको लागि के कति योगदान दिइरहेको छ ? निजी विद्यालयबाट पछिल्लो समय वर्षेनि उत्पादित (धेरैको धारणा अनुसार गुणस्तरीय) जनशक्ति कहाँ खपत भइरहको छ ? विशिष्ट श्रेणीको संख्या र शतप्रतिशत नतिजालाई मात्र हेरेर गुणस्तरीयताको पगरी गुथ्नु कति न्यायोचित होला ? गहन रूपमा विश्लेषण गर्नु आवश्यक छ। यस्तो लाग्छ कि हामी सिकाइलाई कतै संकुचित दृष्टिबाट व्याख्या त गरिरहेका छैनौं ? के परीक्षा नै मूल्याङ्कनको निर्विकल्प कडी हो ? paper-pencil test मा विशिष्टता हासिल गर्नु मात्र सिकाइ हो त ? हाम्रो दृष्टिकोणलाई फराकिलो दायरामा लैजाने हो भने सिकाइले व्यवहारको स्थायी परिवर्तनलाई इङ्गित गर्छ ।

अब्बल जनशक्तिमा दरिएका हाम्रा शैक्षिक उत्पादनको सैद्धान्तिक पाटो त हामीले सकेसम्म नियाल्यौं होला तर व्यावहारिक पाटोलाई चाहिं अझै किन ओझेलमा पारिरहेका छौं ? एउटा सामान्य व्यक्ति जो कठिन परिस्थितिमा समायोजन हुन सक्छ, सामाजिकीकरणका ज्ञान, सीपलाई व्यवहारमा सहजै उतार्छ, सकारात्मक र सृजनात्मक चिन्तन गर्छ र परिस्थिति अनुकूल व्यवहार गर्छ। अर्को विशिष्टताको उपाधिले विभूषित व्यक्ति ऊ त्यही उपाधिको खोलले वेष्टित भई घमण्डले उन्मत्त हुँदै शिक्षित मूर्ख बन्न खोज्छ भने कुनलाई गुणस्तरीय उपज मान्ने ? यसको अर्थ विशिष्टता हासिल सबै जनशक्ति व्यावहारिक रूपमा सामान्य व्यक्ति भन्दा पछाडि हुन्छन् भन्नेतर्फ मोड्यौं भने फेरि हामी सकारात्मक सोचाइबाट विमुख भएको ठहर्छ। आशय यति मात्र हो, गुणस्तरीयता मापनको आधार परीक्षा र त्यसको प्राप्ताङ्क मात्र कदापि हुन सक्दैन। शिक्षा, जसले असल संस्कार दिन सकोस्, संस्कार अनुकूल आचरण गर्न प्रेरित गरोस्, जीविकोपार्जनको आधार बनोस्, भाइचारा र अपनत्वको भावना विकसित गराओस्, सामाजिकीकरण र सहअस्तित्वको धारणा निर्माण गराओस्, राष्ट्रिय भावनाले ओतप्रोत भई सो अनुरुप व्यवहार प्रस्तुत गर्न सक्षम बनाओस्, दैनिक जीवनमा आइपर्ने समस्या समाधानको माध्यम बनोस्- तब पो गुणस्तरीय शिक्षा। प्रयोजनहीन, तहगत विशिष्ट उपाधिका चाङको मात्र कुनै तुक रहन्न ।

हामीले तीनघण्टे परीक्षाको माध्यमबाट पास-फेलको बिल्ला भिराई अनुत्तीर्ण जनशक्तिको वर्षौं वर्षको लगानी माटोमा मिलाउने काम मात्र गरेका छैनौं; उसमा अन्तरनिहित सम्भावित प्रतिभा प्रस्फुटनको अवसरमा अंकुश लगाई जीवनयापनको विकल्पको खोजीमा बिरानो मुलुकमा जान समेत बाध्य बनाइरहेका छौं। यति मात्र हैन दक्ष जनशक्तिको रूपमा परिभाषित व्यक्ति पनि सबै स्वदेशमा रहन सकेको अवस्था छैन । पछिल्लो समय प्रतिभा पलायनको अवस्था पनि राष्ट्रको लागि अभिशाप बन्दै गइरहेको छ। अनुदानको आशमा दाताको इशारामा हाम्रो शैक्षिक पद्धति अगाडि बढेको त छैन ? शंकाका धब्बाहरू मडारिइरहेका छन् नेपाली शैक्षिक आकाशमा । उत्तीर्ण प्रतिशतलाई मात्र हेरेर शैक्षिक पद्धतिको विश्लेषण हुन सक्दैन। अनुत्तीर्ण किन भए ? लगानी पुगेन ? प्रक्रिया त्रुटिपूर्ण भयो ? नीति निर्माण उचित भएन ? कार्यान्वयनको पक्ष फितलो भयो कि ? खै सोच्यौं ? सफलताको जस लिन विद्यार्थीलाई विषयवस्तु कोच्यौं, परीक्षा केन्द्रित क्रियाकलापमा अभ्यस्त बन्दै गयौं, आरोप-प्रत्यारोपको प्रवृत्तिलाई मलजल गर्दै पानीमाथिको ओभानो बन्ने प्रयत्न यथासम्भव गर्‍यौं, विद्यार्थीको मस्तिष्कमा यति भर्‍यौं– पास, फस्ट डिभिजन, डिस्टिङ्सन। मनोवैज्ञानिक नियन्त्रण गर्ने दुस्साहस गर्‍यौं बाल मस्तिष्कको । परीक्षाको हाउगुजी फैलाएर विषयवस्तुको रटानमा समय खर्च्यौं। शैक्षिकस्तर सुधारका लागि न त समय दिने हिम्मत जुटायौं न त समयसापेक्ष पद्धति परिवर्तन नै गर्न सक्यौं। शैक्षिक प्रणाली परिवर्तन गर्नुपर्छ भन्न पनि छाडेनौं, परिवर्तन गर्न पनि सकेनौं ।

तरुण स्कूलको यो सफलताको पछाडिको कारण हो, प्रअको कुशल नेतृत्व, शिक्षकहरूको समर्पण र व्यवस्थापन समितिको सहयोगी भूमिका। तरुणमा २०५१/५२ सालदेखि स्थानीय सूर्यप्रसाद श्रेष्ठ व्यवस्थापन समितिको अध्यक्ष छन्। विद्यालयकै पूर्व शिक्षक र अन्य समाजसेवीहरू सदस्य छन्। तरुण माविको व्यवस्थापकीय अभ्यास अन्यत्रभन्दा केही भिन्न लाग्छन्। समितिका पदाधिकारीहरू प्रअ उदयमान श्रेष्ठसँग यति विश्वस्त छन् कि प्रअकै सुझाव र विश्वासमा समितिले आवश्यक निर्णय दिने गरेको छ। अध्यक्ष श्रेष्ठ भन्छन्, "मुख्य कुरा हामीलाई प्रअप्रति ठूलो विश्वास छ। उहाँ हेडमास्टर भएदेखि नै विद्यालयको राम्रो व्यवस्थापन हुँदै आएको छ।" हुन पनि उदय सर विगत ३१ वर्ष; २०३८ सालदेखि तरुण माविमा प्रअ छन्। प्रअ श्रेष्ठ भन्छन्, "व्यवस्थापन समितिबाट मैले निरन्तर माया, विश्वास र हौसला पाएको छु। त्यसले गर्दा राम्रो काम गर्न ऊर्जा मिलेको छ।"

शिक्षकलाई प्रोत्साहनस्वरुप अतिरिक्त सुविधा दिने अभ्यास तरुण मावि व्यवस्थापन समितिले गरेको देखिन्छ। एक शैक्षिक सत्र



**"मुख्य कुरा हामीलाई प्रअप्रति ठूलो विश्वास छ। उहाँ हेडमास्टर भएदेखि नै विद्यालयको राम्रो व्यवस्थापन हुँदै आएको छ।"**

**सूर्यप्रसाद श्रेष्ठ**
अध्यक्ष, विव्यस, तरूण मावि

**"व्यवस्थापन समितिबाट मैले निरन्तर माया, विश्वास र हौसला पाएको छु। त्यसले गर्दा राम्रो काम गर्न ऊर्जा मिलेको छ।"**



**उदयमान श्रेष्ठ**
प्रअ, तरूण मावि

पूरा गरेका शिक्षक/कर्मचारीलाई हरेक वर्ष एक महीनाको तलब बराबरको रकम औषधि उपचार खर्चको रूपमा दिने गरिन्छ। यो अभ्यास १५ वर्षदेखि चल्दै आएको छ। यस्तै, स्थायी शिक्षकलाई एक लाख रुपैयाँसम्मको दुर्घटना बीमाको सुविधा दिइएको छ। शिक्षकलाई प्रति दिन रु.४० को दरले खाजा भत्ता दिने गरिएको छ। प्रअ श्रेष्ठ भन्छन्, "यो अभ्यासले पनि शिक्षकहरूलाई आफ्नो शिक्षण कर्मप्रति प्रोत्साहन र उत्प्रेरणा जगाएको छ।"

## अन्य अभ्यास

जनसेवा, बलम्बु र तरुण माविको साझा अभ्यास हो- सर्वसम्मत रूपमा स्कूल व्यवस्थापन समितिका पदाधिकारी चयन गर्नु। समितिको पदाधिकारीमा राजनीतिक भागवण्डा नहुनु आफैंमा एउटा सकारात्मक अभ्यास हो। यी विद्यालय आजसम्म राजनीतिक हस्तक्षेपको शिकार भएका छैनन्। त्यही भएर यिनको शैक्षिक/भौतिक पूर्वाधार बलियो बन्दै गएको छ। व्यवस्थापन समितिका पदाधिकारी र शिक्षक कसैले पनि आफ्नो दलीय आस्थालाई विद्यालयमा प्रतिबिम्बित गराएको पाइँदैन। समितिका पदाधिकारी र शिक्षकहरू दलीय स्वार्थबाट टाढा रहेका कारण स्कूलको शैक्षिक उपलब्धि उकालो लागिरहेको छ। व्यवस्थापन समिति, प्रअ र शिक्षकहरू निष्पक्ष र तटस्थ बसेकै कारण विद्यालयमा बाहिरि पक्षले राजनीतिक हस्तक्षेपको आँट गर्न सकेका छैनन्।

कतिपय सार्वजनिक स्कूलमा शिक्षक नियुक्तिमा हुने गरेका हानथाप र लेनदेनले पनि व्यवस्थापन समिति विवादमा पर्ने गरेका छन्। तर, काठमाडौंका जनसेवा, तरुण र बलम्बु माविले शिक्षक नियुक्ति प्रक्रियामा पारदर्शिता अपनाएर आफ्नो छविलाई स्वच्छ तुल्याएका छन्। यी स्कूलमा सधैं शिक्षा नियमावलीको व्यवस्था अनुसार प्रतिस्पर्धाका आधारमा शिक्षक छान्ने गरिएको छ। लिखित परीक्षा, कक्षा अवलोकन र अन्तर्वार्ताका आधारमा योग्य ठहरिनेले मात्र शिक्षक बन्ने अवसर पाउँछन् यी स्कूलमा। यही प्रक्रियाबाट ८ असोज २०६९ मा बलम्बुमा माध्यमिक तहको शिक्षक बनेकी उमा न्यौपाने भन्छिन्, "छनोट प्रक्रिया एकदमै निष्पक्ष लाग्यो। म १० जनाबाट छानिएकी हुँ।"

सामान्यत: शिक्षकका संघ/संगठनले व्यवस्थापन समितिको नीतिगत व्यवस्थालाई रुचाएको पाइँदैन। सरकारी तलब खाने शिक्षकलाई व्यवस्थापन समितिको 'कमाण्ड' मा राख्न खोजिएको भनी तिनले आपत्ति जनाउने गरेका छन्। तर, यी विद्यालयको अभ्यासले त्यस्ता दलिल निरर्थक भएको देखाउँछन्। बरु समुदायका व्यक्तिले समर्पित भएर काम गर्दा विद्यालयले त्यसबाट लाभ नै पाउने कुरामा कुनै सन्देह देखिँदैन।

**"हामीले व्यवस्थापन समितिबाट राम्रो साथ पाएका छौं। पदाधिकारीबाट अहिलेसम्म कुनै किसिमको हस्तक्षेप भएको छैन।"**

**सुमन राउत**
प्रअ, बलम्बु मावि



**sms प्रतिक्रियाका लागि ltr<space>5006**

# विद्यालय व्यवस्थापन समिति निजी स्वार्थका कारण बर्बादी

**१५ वर्षदेखि स्थानीय निकायको निर्वाचन नभएका कारणले हुन सक्छ; राजनीतिक दलको आडमा स्थानीय व्यक्तिहरू निजी स्वार्थपूर्ति गर्न विद्यालयको व्यवस्थापन समिति गठनमा स्थानीय निकाय र संसदीय चुनावकै शैलीमा चुनावी प्रतिस्पर्धा गर्न थालेका छन्। यसबाट स्कूलभित्र प्रत्यक्षतः दलीय राजनीति छिरेको छ भने विद्यालयको दैनिक प्रशासनिक काम र पठनपाठनमा समेत व्यवधान खडा भएको छ।**

■ **सरोज दाहाल**

## चुनाव खर्च रु.१० लाख

**गढीमाई उमावि, बारा**

गढीमाई उमावि बरियारपुर, बाराको व्यवस्थापन समितिको चुनाव भएको ६ महीना भएको छ।

तस्वीरहरू: सरोज दाहाल



चुनावमा भाग लिंदै गढीमाई उमावि, बाराका अभिभावक।

२७०० भन्दा बढी मतदाताले भाग लिएको सो चुनावमा दिनेश कुशवाह र रामबाबु यादवबीच प्रतिस्पर्धा भएको थियो। दुवै उम्मेदवार एकीकृत माओवादीका राज्य समितिका नेता भए पनि एक जना माओवादी अध्यक्ष प्रचण्ड र अर्को बाबुराम भट्टराई पक्षधर हुन्।

एउटै पार्टीका उम्मेदवारबीच सम्पन्न चुनाव संसदीय चुनाव जस्तै भएको थियो। दुवै उम्मेदवारले रु.१० लाख भन्दा बढी खर्च गरेका थिए। उम्मेदवारका पोष्टर पम्प्लेटले पूरै विद्यालय र गाउँ क्षेत्र रंगिएको थियो। चुनावको दिन मतदाताको लागि विशेष खानपानको व्यवस्था गरिएको थियो। एक दुई सयको जुलुस लिएर गाउँमा चुनाव प्रचारमा दुवै पक्षका समर्थक एक महीना अघिदेखि खटिएका थिए। सुरक्षा र निर्वाचन अधिकृतको भत्ता लगायतका शीर्षकमा विद्यालयको दुई लाख जति खर्च भएको थियो।

निर्वाचन कमिटीले चुनाव प्रचारको लागि डेढलाख भन्दा बढी खर्च गर्न नपाउने भनी बनाएको आचारसंहिताको कसैले पालना गरेन। चुनावी माहोल बढ्दै जाँदा स्कूलमा गोली पनि चलेको थियो। उम्मेदवारी फिर्ता नलिने हो भने आफूलाई मार्ने धम्की आएको भन्दै अध्यक्षका उम्मेदवार रामबाबु यादव प्रहरीको शरणमा पुगेका थिए। अन्ततः उनैले चुनाव जिते। उनी स्थानीय एक प्राविका प्रअ र एकीकृत नेकपा माओवादीको भोजपुरा राज्य समितिका सदस्य हुन्।





**बाल गोविन्द उमाविमा चुनाव विथोलिएपछि बन्द स्कूल र प्रअको कक्ष तोडफोड।**

## अनिश्चितकालका लागि बन्द

**बालगोविन्द उमावि पिपरा, सर्लाही**

सर्लाहीको पिपरास्थित बालगोविन्द उमाविमा विद्यालय व्यवस्थापन समिति छान्न २० असोजमा भएको चुनावमा पनि दुई उम्मेदवारबीच नै प्रतिस्पर्धा भएको थियो। त्यहाँका ५२० जना अभिभावकमध्ये ५१३ जनाको मत खसेको थियो। मतगणनामा विवाद बढ्दा निर्वाचन अधिकृतको आग्रहमा प्रहरी कार्यालयमा मतगणना गर्ने सहमतिमा दुवै उम्मेदवारले हस्ताक्षर गरे। तर, सहमति अनुसार मतपत्र लिएर स्कूलबाट निस्कन लाग्दा दुवै उम्मेदवारका समर्थकले विरोध जनाए। अन्तत: प्रहरीले बल प्रयोग गरेर मतपत्र आफ्नो नियन्त्रणमा लियो। त्यसपछि उम्मेदवारका समर्थकहरूले विद्यालयका प्रधानाध्यापक र शिक्षकमाथि आक्रमण गर्नुका साथै तोडफोड गरे। प्रअ र तीन जना शिक्षकसहित पाँच जना घाइते भए। सो काण्डपछि अनिश्चितकालका लागि बन्द भएको विद्यालय यी पंक्ति लेख्दासम्म खुलेको थिएन।

शिक्षक लक्ष्मीकान्त चौधरीका अनुसार अध्यक्षका उम्मेदवार विनोद शाह पहिला पनि अध्यक्ष थिए। उनलाई नेपाली कांग्रेस र एमालेको समर्थन थियो भने उनका प्रतिस्पर्धी दीपेन्द्र सिंहलाई तराई मधेश लोकतान्त्रिक पार्टीले सहयोग गरेको थियो। उम्मेदवारका समर्थकका कारण व्यवस्थापन समितिको चुनावमा तनाव उत्पन्न भएको इलाका प्रहरी कार्यालय हरिपुरका प्रहरी निरीक्षक वैद्यनाथ यादवले जनाए।

## अध्यक्ष बन्न श्रीमतीलाई विद्यार्थी

**गंगा उमावि रामपुर, दाङ**

कमलकिशोर घिमिरे नेपाली कांग्रेस दाङका सचिव हुन्। तर उनी आफ्नो गाउँ रामपुरमा कांग्रेसको नेता भन्दा पनि स्थानीय गंगा उमाविको अध्यक्षको रूपमा चिनिन्छन्। घिमिरेले उक्त विद्यालयको अध्यक्ष बन्नको लागि गरेको मिहिनेत र गाउँमा छाएको चुनावी माहोल कुनै पनि गाविसको चुनाव भन्दा कम थिएन। तथापि, गाउँले मात्रै होइन स्वयं घिमिरे आफूलाई पार्टीको जिल्ला नेता भन्दा विद्यालयको अध्यक्ष भएकोमै गर्व गर्छन्। अध्यक्ष हुनुअघि उनी विद्यालय व्यवस्थापन समितिका सदस्य थिए। शुरूमा स्थानीय एक चौधरी थरकी छात्राको अभिभावक बनेर सदस्य बनेका घिमिरे ऐनमा अभिभावक बन्ने मापदण्ड परिवर्तन भएपछि पत्नीलाई भर्ना गरेर अभिभावक बनेका हुन्। तर शिक्षा नियमावली २०५९ ले श्रीमान्लाई श्रीमतीको अभिभावकको रूपमा चिन्दैन।

नेकपा माओवादी र नेपाली कांग्रेसबीच प्रष्ट दुई प्यानल बनेर भएको विद्यालय व्यवस्थापन समितिको चुनावलाई पार्टीको हैसियत दाँज्ने चुनावको रूपमा लिइएको एमाओवादी रामपुर क्षेत्रका संयोजक भेषराज थापाले बताए। विद्यार्थीहरूले पनि समूह बनाएर चुनाव प्रचार गरेका थिए। अध्यक्ष घिमिरे भन्छन्, "मेरो लागि एकसय जना विद्यार्थीको एक समूह थियो। उक्त समूहले प्रत्येक घरमा पुगेर भोट मागेका थिए।" एमालेलाई दुई सदस्य दिएर संयुक्त प्यानल बनाएकाले पनि घिमिरेलाई अध्यक्ष बन्न सजिलो भएको थियो।

विद्यालयको चुनाव कांग्रेसको हैसियत देखाउने अवसरको रूपमा आफूहरूले प्रयोग गरेको अध्यक्ष घिमिरेको भनाइ छ। अध्यक्ष भएपछि आफ्ना पार्टी समर्थकलाई प्रधानाध्यापक बनाएको भन्न उनी हिच्किचाउँदैनन्। उनी अध्यक्ष भएपछि अहिलेसम्म शिक्षक र कर्मचारी गरेर स्कूलमा ८ जना नियुक्ति गरिसकेका छन्। "सबै कांग्रेस निकट हुन् तर सक्षम पनि छन्", अध्यक्ष घिमिरेले बताए।

घिमिरेको नेतृत्वमा विद्यालयले गरेको शैक्षिक र भौतिक प्रगति उल्लेखनीय भएका कारण त्यसमा कसैको गुनासो पाइँदैन।



## काम सकिएपछि स्वतः विघटन

**गौरीशंकर उमावि**, निजगढ, बारा

गौरीशंकर उच्च मावि, बाराको जिशिकाको मूल्यांकनमा सबैभन्दा उत्कृष्ट विद्यालयमध्येमा पर्छ । अंग्रेजी माध्यमबाट पढाइ हुने यो विद्यालयले वैधानिक व्यवस्थापन समिति नपाएको पाँच वर्ष बढी भएको छ । तर, कानूनमा नभएको बाटोबाट व्यवस्थापन समिति बनाएर आवश्यक कामहरू हुँदै आएका छन् ।

निर्वाचित व्यवस्थापन समितिको कार्यावधि बाँकी छँदै २०६४ सालमा एनेकपा माओवादीले आफ्नो भूमिका खोज्दै जाँदा त्यो समितिले काम गर्न नसक्ने वातावरण बन्यो। त्यसपछि माओवादीकै स्थानीय नेताको नेतृत्वमा सर्वदलीय समिति बन्यो । त्यसलाई पछि व्यवस्थापन समितिकै हैसियत दिइयो । त्यसमा पाँच राजनीतिक दलका प्रतिनिधि सहभागी थिए ।

उक्त समितिको आयु तीन वर्ष पुग्नै लाग्दा शिक्षक नियुक्तिको विषयलाई लिएर शुरू भएको विवाद बढ्दै गयो । सोही विवादमा प्रअले तीन वर्ष पुगेकोले समितिको म्याद सकिएको भन्दै विघटन गरिदिए। त्यसपछि नयाँ समिति बनाउने प्रयास गरे पनि प्रमुख जिल्ला अधिकारीले नै चुनाव नगर्न निर्देशन दिएकोले चुनाव नभएको प्रअ सुदर्शनप्रसाद कोइराला बताउँछन् । विगत डेढ वर्षदेखि व्यवस्थापन समितिविहीन भए पनि केही महीना अगाडि शिक्षक नियुक्तिको लागि प्रअले सबै दलका प्रतिनिधिलाई बोलाएर एक महीनाको लागि व्यवस्थापन समिति गठन गरे। शिक्षक नियुक्ति गरेपछि सो समिति स्वतः विघटन हुने सहमति गरिएकोले शिक्षक नियुक्तिपछि समिति स्वतः विघटन भएको छ। यस्तो अभ्यास कतै पनि भएको छैन। निश्चित कामका लागि समिति बन्ने र काम सकेपछि विघटन हुने अभ्यास विचित्रको लाग्छ ।

## अन्यत्र पनि उस्तै

स्कूल व्यवस्थापन समितिको चुनावमा दलीय भिडन्तका घटना देशव्यापी देखिन्छन् । बाग्लुङको मूलपानी उमाविमा विद्यालय व्यवस्थापन समिति चयन गर्दा आमचुनावको झल्को आउने गरी निर्वाचन भयो। प्रमुख ठूला दल एमाओवादी, कांग्रेस र एमाले छुट्टाछुट्टै उम्मेद्वार खडा गरेर व्यवस्थापन समितिको चुनावमा भिडेका थिए । उनीहरूले अध्यक्ष लगायत सबै पदमा प्यानल बनाएर चुनाव लड्दा अध्यक्ष पदमा कांग्रेस र अन्य पदमा संयुक्त उम्मेदवार विजयी भए।

त्यस्तै जिल्लाको तंग्राम नारायणी उमाविको व्यवस्थापन समिति निर्वाचनका लागि पनि प्रमुख दलले तामझामका साथ चुनाव प्रचार गरे। निर्वाचन सकिएपछि केही दलले जिल्ला शिक्षा कार्यालयमा सहमति उल्लंघन गरेर मतदान गरेको भन्दै उजुरी दिए । शिक्षा नियमावलीको कुनै पनि राजनीतिक दलको प्यानल बनाएर उम्मेदवारी दिन नपाइने प्रावधान विपरीत विद्यालयमा दलीय निर्वाचन भएको छ। वर्षौंदेखि म्याद सकिएका समितिले अवैधानिक रूपमा काम गरेको भन्दै उजुरी परेपछि शिक्षा कार्यालयले तत्काल समिति गठन गर्न ताकेता गरेको थियो। कार्यालयको निर्देशनपछि समिति गठनको काम शुरू भए पनि आमचुनाव झैं घोषणापत्र समेत बनाएर दलहरू निर्वाचनमा उत्रेका हुन् ।

जिशिकाको तथ्यांक अनुसार अहिलेसम्म ५३१ विद्यालयमध्ये ३५ वटाको मात्र समिति गठन भएको छ । चुनाव जितेमा स्कूलको भौतिक सुधार गर्ने, राजनीतिबाट मुक्त बनाउने जस्ता घोषणापत्र प्रचारमा ल्याइएको थियो। तथापि स्कूल व्यवस्थापन समितिका उम्मेदवार भने राजनीतिक दलको आधिकारिक प्यानल बनाएर चुनावमा उत्रेका थिए।

यता गुल्मीमा पनि विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पद लाभको पद बन्न थालेको छ । त्यसको पछिल्लो उदाहरण हो गुल्मीको पृथ्वीदह उच्च माध्यमिक विद्यालय पुर्कोटदहको व्यवस्थापन समिति । सो समिति हत्याउन दलहरूबीच ठूलो भिडन्त भएकोले अहिलेसम्म स्कूलले व्यवस्थापन समिति पाउन सकेको छैन ।

उक्त स्कूलको व्यवस्थापन समितिको म्याद ३० असार २०६९ मा सकिएको हो। तर नेपाली कांग्रेस र जनमोर्चा समर्थकले स्कूलको अध्यक्ष पद नछाड्ने अडान लिएपछि अहिलेसम्म समिति गठन हुनसकेको छैन । राष्ट्रिय जनमोर्चाका जिल्लास्तरीय नेता पृथ्वी कुँवर र नेपाली कांग्रेसका मणिराम थापा दुवैले अध्यक्ष पद नछाडेपछि चुनावको तयारी गरिएको विद्यालय निरीक्षक लोकनाथ मरासिनीले बताए।

जनमोर्चाका कुँवरलाई माओवादी र राप्रपाको समर्थन छ भने नेपाली कांग्रेसका थापालाई एमालेले समर्थन गरेको छ । प्रधानाध्यापक धनिश्वर अर्यालका अनुसार दुवै उम्मेदवारका छोराछोरी, नातिनातिना कोही पनि सो स्कूलमा छैनन् । शिक्षा नियमावली अनुसार अभिभावक नभएको व्यक्ति अध्यक्ष हुन पाउँदैन। तर, गुल्मीका जिशिअ गोविन्दप्रसाद अर्याल समुदायले चाहेमा अभिभावक नभएको व्यक्ति पनि अध्यक्ष बन्ने बताउँछन्। उनको कथन थियो, "अभिभावकले निर्णय गरेपछि हामीले केही गर्न सक्दैनौं।"

**sms प्रतिक्रियाका लागि ltr<space>5006**


## बजारमा !

**पूर्व सचिव खेमराज नेपालको तीन दशक लामो सरकारी सेवाका रोचक अनुभवको दस्तावेज !**




बिक्री-वितरणको निम्ति
सम्पर्क राख्ने ठेगाना:
*शिक्षक* मासिक, जावलाखेल, ललितपुर
फोन: ५५४८१४२, ५५४३२५२
इमेल: mail@teacher.org.np

पृष्ठ संख्या: ४५०
मूल्य रू.४००/-

# स्कूल व्यवस्थापन: अति–राजनीतिबाट जोगाऔं

'जनताका छोराछोरी पढ्ने स्कूलको व्यवस्थापनको जिम्मेवारी जनतालाई नै दिने' आदर्श सोचाइ अनुरुप एक दशक पहिले शिक्षा ऐन संशोधन गरेर विद्यालय व्यवस्थापन समितिलाई अधिकारसम्पन्न बनाइयो। तर, त्यसको प्रतिफल अपेक्षा गरिए अनुसार राम्रो आउन सकेको छैन। बरु व्यवस्थापन समितिका नाममा विद्यालयहरूमा धेरै विकृतिहरू झाङ्गिएका छन्। व्यवस्थापन समितिको नेतृत्व हत्याउनका निम्ति स्थानीय राजनीतिकर्मीहरूबीच मारकाट समेत हुन थालेको छ।

आज विद्यालय व्यवस्थापन समितिका मुद्दाहरू यति जटिल बन्दै गएका छन् कि यसको निरुपण विना विद्यालयको शैक्षिक र भौतिक सुधारका प्रयास प्रभावकारी हुन असम्भव जस्तै देखिएको छ। विद्यालय व्यवस्थापनका यिनै सवालहरूमा मन्थन थर्ने उद्देश्यले *शिक्षक* मासिकले नीति फाउण्डेशनको सहयोगमा २० असोज २०६८ मा काठमाडौंमा एउटा छलफल सञ्चालन गऱ्यो। प्रस्तुत छ उक्त छलफलमा व्यक्त विचारको सम्पादित अंश:

तस्वीरहरू: मीनरत्न बज्राचार्य





## अति-राजनीतिः मुख्य समस्या

**तर्कराज जोशी**
प्रअ, सरस्वती उमावि, गेटा, कैलाली

मूल समस्या विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियाले ल्याएको छ। राजनीतिक हैसियत प्राप्ति, आर्थिक स्रोतको परिचालन र शिक्षकको नियुक्ति प्रक्रियामा व्यवस्थापन समितिको बढी चासो छ। शिक्षक नियुक्ति संवैधानिक शिक्षक सेवा आयोगबाट हुने हो भने स्कूलमा आफ्ना मान्छे भर्ना गर्न व्यवस्थापन समिति हत्याउने खेल समाप्त हुन्छ। प्रअले कुशल व्यवस्थापन गर्न नसकेकै कारण व्यवस्थापन समितिमा विवाद र समस्या निम्तिएको छ। शिक्षकले प्रअ बन्न राजनीतिक आस्थाका आधारमा व्यवस्थापन समितिलाई भऱ्याङ बनाउँछन्। व्यवस्थापन समितिका पदाधिकारीले पनि आफ्नो स्वार्थ सिद्ध गर्न आफू अनुकूलको हेडमास्टर नियुक्त गर्ने गरेका छन्।

व्यवस्थापन समितिको पदाधिकारी रहेका व्यक्तिहरू सकभर कुनै दलको पदमा नरहे उचित हुन्छ। विद्यालय क्षेत्र सुधार योजनामा स्तरीय शिक्षण क्रियाकलापका निम्ति व्यवस्थापन समितिलाई प्रभावकारी तुल्याउने परिकल्पना गरिएको छ। तर अहिलेसम्म पनि व्यवस्थापन समिति सबल देखिँदैनन्। समितिको व्यवस्थापकीय क्षमता कमजोर छ। यसो हुनुमा अति-राजनीतिले काम गरेको छ।

## सक्षम प्रअले सम्हाल्न सक्छ

**झगबहादुर डाँगी**
महासचिव, नेपाल शिक्षक युनियन



विद्यालयको व्यवस्थापन प्रअमा पनि निर्भर रहन्छ। राजनीतिक बलमा नभई योग्यता र कार्यकुशलताका आधारमा प्रअको नियुक्ति हुने हो भने त्यस्तो प्रअबाट मात्रै विद्यालयको कुशल व्यवस्थापन सम्भव छ। अनि उसले व्यवस्थापन समितिलाई पनि त्यही बाटोमा डोऱ्याउन सक्छ।



## सबैलाई भाग पुऱ्याइदिऊँ !

**युवराज न्यौपाने**
प्रअ, वैष्णवी मावि, कीर्तिपुर

निर्वाचन आफैंमा एउटा लोकतान्त्रिक अभ्यास हो। विद्यालयमा हुने व्यवस्थापन समितिको निर्वाचनले शिक्षक, अभिभावक र विद्यार्थीलाई निर्वाचनको आधारभूत अवधारणा र अभ्यासको बारेमा जानकारी प्रदान गर्दछ। त्यसैले म निर्वाचनकै पक्षमा छु। विद्यमान ऐन/नियममा विद्यालय व्यवस्थापन समितिमा अध्यक्ष र सदस्यको मात्रै प्रावधान छ। अब उपाध्यक्ष पनि राखिनुपर्छ। व्यवस्थापन समितिमा क्रियाशील राजनीतिक दललाई भाग पुऱ्याउन चार-पाँचको संख्यामा सदस्यहरू बढाउन पनि सकिन्छ। किनभने भागबण्डा नमिलेकै कारण विवाद हुने गरेको हो। विद्यालयका चन्दादाताको प्रतिनिधित्व पनि बढाउनुपर्छ। त्यसो भएमा राजनीतिक हस्तक्षेप घट्छ। शिक्षकको प्रतिनिधित्व पनि बढ्नुपर्छ। समग्रमा व्यवस्थापन समितिलाई ९ सदस्यीयबाट बढाएर १७ पुऱ्याउनुपर्छ।

नियममा पदाधिकारी चुन्ने अभिभावकले नै व्यवस्थापन समिति विघटन गर्न सक्ने अधिकारसहितको व्यवस्था छ। तर, यो व्यवस्थाको पनि अभ्यास हुनसकेको छैन। सोही अधिकार जिशिकालाई पनि छ। तर, जिशिकाले पनि यो अधिकार प्रयोग गरेको छैन। वार्षिक परीक्षा लिएपछि प्रायः विद्यालयमा पठनपाठन हुँदैन। त्यसैले व्यवस्थापन समितिको निर्वाचन प्रक्रिया सोही महीनामा राख्नुपर्छ। स्थानीय निकायको प्रतिनिधि, विनि वा स्रोतव्यक्ति र प्रअले मात्रै विद्यालय व्यवस्थापन समितिको निर्वाचन गर्न सक्दैनन्। त्यसका निम्ति एक जना वकिलको पनि व्यवस्था गरिनुपर्छ। वकिलको संलग्नतामा विधिसम्मत तरिकाबाट निर्वाचन गर्न सजिलो पर्छ।

## नक्कली अभिभावक बढे

**शोभाकान्त झा**
अवकाशप्राप्त प्रअ, सर्लाही



हुनेखाने परिवारका विद्यार्थी कि त काठमाडौंमा पढ्छन्, नभए विराटनगर, वीरगञ्ज, जनकपुर जस्ता शहरमा पढ्छन्। गाउँमा चाहिं उही गरीब, निमुखाका छोराछोरी पढ्छन्। व्यवस्थापन समितिमा पनि गरीब वर्गकै अभिभावकहरू चुनिन्छन्। अनि कसरी व्यवस्थापन समिति प्रभावकारी बन्न सक्छ? तराईका जिल्लामा फर्जी समिति चुनिन्छन्। कतिपय अभिभावकहरू आफ्ना छोराछोरीलाई सरकारी स्कूलमा नाम टिपाउँछन् र निजी स्कूलमा पढाउँछन्। अनि त्यही आधारमा सरकारी स्कूलको व्यवस्थापन समितिको अध्यक्षका निम्ति दावी गर्छन्।



## शिक्षामा हैन, शिक्षाको राजनीति गरौं !

**भोला दाहाल**
शिक्षाकर्मी

विद्यालय व्यवस्थापन समितिको विद्यमान परिपाटी एकदमै सान्दर्भिक छ। टीके प्रथामा फर्किनुहुँदैन। स्थानीय निकायमा जनप्रतिनिधि नभएकोले विद्यालयमा राजनीतिक अभ्यास बढेको छ। यसैलाई कारण देखाएर व्यवस्थापन समितिको संरचनालाई बेठीक भन्नु नाजायज हो। बरु सदस्य संख्या थोरै भएको हो भने बढाउन सकिन्छ। गुणस्तरीय शिक्षाका निम्ति राजनीति हुनुपर्थ्यो। तर, त्यसो नभएर शिक्षामा राजनीतिकरण भएकोले व्यवस्थापन समितिको संरचना विवादित बनेको हो। शिक्षकहरू पनि शिक्षाको राजनीति नगरेर पार्टीको राजनीति गर्छन्। शिक्षाविद्को अवस्था पनि त्यही छ। यदि शिक्षाको राजनीति गर्ने हो भने प्रअको नेतृत्व र उसको व्यावसायिक दक्षतालाई सम्मान गर्नुपर्छ।

व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको व्यवस्था शैक्षिक गुणस्तरका निम्ति पनि हो। तर, दुवै समितिबाट अपेक्षित भूमिका निर्वाह भएको पाइँदैन। शिक्षक अभिभावक संघ कतैकतै नाम मात्रका पनि छन्। यसलाई संसद्को लेखा समिति जस्तै व्यवस्थापन समितिका कामकारवाहीको लेखाजोखा गर्ने अधिकार छ। विद्यालयको क्यालेण्डर हेर्ने अधिकार छ। यसलाई सक्रिय तुल्याउन सके पनि व्यवस्थापन समितिलाई बढी जवाफदेही र उत्तरदायी तुल्याउन सकिन्छ। धेरैजसो अभिभावकलाई नै विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य, अधिकार

र भूमिकाको विषयमा राम्रोसँग जानकारी छैन। त्यसैले अभिभावकको भेलामा यसबारे अभिमुखीकरण गराउनुपर्ने खाँचो छ।

## व्यवस्थापन समिति नै खारेज गरौं!



**बाबुराम थापा**
महासचिव, नेपाल राष्ट्रिय शिक्षक संगठन

शिक्षा ऐन र नियमावलीले विद्यालय व्यवस्थापन समितिलाई जे जति जिम्मेवारी र अधिकार दिएको छ, समितिले तदनुरुपको भूमिका निर्वाह गरेको छैन। समितिका गतिविधिहरू दलीय आस्थाका आधारमा निर्देशित छन्। गठन प्रक्रियामा गोली चलेका उदाहरण पनि छन्। गुणस्तरीय शिक्षा सबैको सरोकार हो। त्यसैले जिल्ला शिक्षा समिति, गाउँ शिक्षा समिति र व्यवस्थापन समिति चाहिँदैन भनेर त म भन्दिनँ। तर, यतिखेर मुलुकमै जनप्रतिनिधिमूलक संस्था (संसद् र स्थानीय निकाय) छैन। यो अवस्थामा विद्यालयमा पनि व्यवस्थापन समिति आवश्यक छैन, त्यसैले व्यवस्थापन समितिलाई खारेज गरेर विद्यालयको नेतृत्व प्रअलाई दिइनुपर्छ। शिक्षकका संघ/संस्थाको पनि यही माग छ। राज्यका सम्पूर्ण निकायहरू संक्रमणकालबाट गुज्रिएका बेला विद्यालय व्यवस्थापन समितिलाई लोकतान्त्रिक अभ्यास गर्ने थलो बनाउनुपर्छ र यसबाट शैक्षिक गुणस्तर सुध्रन्छ भन्नुको अर्थ छैन। संक्रमणकाल अन्त्य भएपछि व्यवस्थापन समितिलाई सुचारु गर्दा हुन्छ।

## राम्रा अभ्यासको अनुसरण गरौं



**बाबुराम न्यौपाने**
राष्ट्रिय प्रतिनिधि, एड एट एक्सन

व्यवस्थापन समितिमा शिक्षकको संलग्नता ज्यादै न्यून देखिन्छ। विद्यालय योजना र अन्य रचनात्मक क्रियाकलापमा समितिले शिक्षकलाई उपयोग र परिचालन गर्न सकेको छैन। आफ्ना मान्छेलाई शिक्षक बनाउन समितिको शक्ति खर्च हुने गरेको छ। व्यवस्थापन समितिका पदाधिकारीहरूबाट विद्यालयको पठनपाठनको अवस्थाबारे अनुगमन भएको छैन। व्यवस्थापन समितिले शिक्षकलाई कारबाही गरेको उदाहरण भेटिँदैन। गाउँमा समेत कतिपय नमूना विद्यालय भेटिन्छन्। तर, त्यस्ता नमूना विद्यालयबाट तुलनात्मक रूपमा कमजोर देखिएका विद्यालयले सिक्ने अभ्यास छैन। राम्रा अभ्यास आदानप्रदान गर्ने परिपाटी बसाल्नैपर्छ। विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई नमूना विद्यालयको अवलोकन भ्रमण गराउन सकिन्छ। त्यसले उनीहरूमा राम्रा अभ्यासप्रति प्रेरित गराउन सक्छ।

## अभिमुखीकरण पुगेन



**हरिप्रसाद उपाध्याय**
सहप्राध्यापक, शिक्षा अनुसन्धान तथा विकास केन्द्र (सेरिड)

व्यवस्थापन समितिको अवधारणाले मूलत: विकेन्द्रीकरणलाई आत्मसात् गरेको छ। शिक्षा ऐन/नियमावलीले व्यवस्थापन समितिका अधिकार र जिम्मेवारी त किटान गरेका छन्। तर, पदाधिकारीहरूलाई आफ्नो भूमिकाप्रति अनुशिक्षण गर्ने कुनै संयन्त्र छैन। जिशिकाको तल्लो तहको रूपमा मात्रै व्यवस्थापन समिति सीमित छ। उसले विद्यालयका निम्ति मौलिक र रचनात्मक काम गर्न सकेको छैन। जिशिकाबाट जाने र विद्यालयको स्रोतबाट प्राप्त हुने अनुदान/बजेटलाई व्यवस्थापन समितिले नै परिचालन गर्ने हो। तर, त्यसतर्फ खासै अभ्यास भएको पाइँदैन। अहिलेको व्यवस्थापन समिति 'ब्युरोक्रेसी'कै विस्तारित ढाँचा हो। समग्रमा व्यवस्थापन समितिले विद्यालयलाई शासन गर्न सकेको छैन। विद्यालयको नीति/नियम तयार गर्न पनि व्यवस्थापन समितिलाई सशक्त तुल्याउनुपर्छ।

## शिक्षक नियुक्तिको अधिकार झिकिदिऊँ



**चन्द्रा थापा**
उपसचिव/विनि, जिशिका, काठमाडौं

विद्यालय व्यवस्थापन समितिको गठन 'इलेक्सन' बाट नभएर 'सेलेक्सन' बाट गर्नुपर्छ भन्ने मान्यता स्थापित नगरेसम्म मौजुदा विवाद र विकृति उन्मूलन गर्न सकिँदैन। व्यवस्थापन समितिले राम्रोसँग काम गर्न नसकेमा अभिभावक वा जिल्ला शिक्षा समितिबाट त्यस्तो समितिलाई विघटन गर्न सक्ने व्यवस्था शिक्षा ऐन/नियममा छ। तर, त्यसरी विघटन गर्ने अभ्यास कतै भएको छैन। अनियमितता गर्ने पदाधिकारीलाई दण्डित गर्ने अभ्यास भयो भने पनि व्यवस्थापन समितिका नाममा अहिलेको जस्तो चलखेल हुने थिएन। अहिले अस्थायी, राहत र विद्यालयस्तरमा हुने शिक्षक नियुक्ति प्रक्रिया बढी विवादित हुने गरेका छन्। त्यसैले शिक्षक नियुक्तिको अधिकार विद्यालयलाई दिइनुहुँदैन। यसका निम्ति शिक्षक सेवा आयोग वा जिशिकालाई अधिकार दिएर रिक्त शिक्षक आपूर्ति गरिनु आवश्यक छ।

## अभ्यासमा समस्या



**डा. विनयकुमार कुशियैत**
सहप्राध्यापक, त्रिभुवन विश्वविद्यालय

सधैं राम्रो नतिजा ल्याउने विद्यालयको सफलतामा कुशल व्यवस्थापन समितिको विद्यालयप्रतिको प्रतिबद्धताले ठूलो भूमिका खेलेको हुन्छ। यसको ठीक विपरीत समितिकै अक्षमताको कारणले विद्यालयको अवस्था भताभुंग भएको पनि भेटिन्छ। त्यसैले व्यवस्थापन समिति समस्या होइन। समस्या यसको अभ्यासमा देखिएको छ। विद्यालय सञ्चालन सम्बन्धी धेरै अधिकार व्यवस्थापन समितिलाई दिएको छ। तर, अधिकारको सदुपयोग हुनसकेको छैन। समितिलाई अधिकार त दियौं, तर त्यसको प्रयोग र ग्रहण गर्न सक्ने क्षमता बढाउन सकिएको छैन। अस्थायी शिक्षकको नियुक्ति विद्यालयस्तरमै गर्न सकिने प्रावधानले व्यवस्थापन समितिको ध्यान त्यतातिर बढी गएको छ। असल नियतका साथ योग्य व्यक्ति शिक्षकमा छनोट हुन्छ भने त्यो झनै राम्रो कुरा हो। तर, त्यो प्रक्रिया विधिसम्मत हुनुपर्छ। शिक्षक छनोट पद्धतिलाई व्यवस्थित तुल्याउन सकियो भने धेरै कुराहरू क्रमश: सुध्रिँदै जान्छन्। जुन विद्यालयमा प्रअको कुशल नेतृत्व छ, ती विद्यालयका व्यवस्थापन समिति पनि प्रभावकारी भएका छन्। जहाँ प्रअ अयोग्य र कमजोर छ त्यहाँ स्थिति बिग्रिएको छ।



## राजनीतिक प्रतिबद्धताको खाँचो

**सरिता पौडेल**
विनि, जिशिका, ललितपुर

राजनीतिक दलका नेताहरूबाट प्रतिबद्धता आउनुपर्‍यो कि 'हामी विद्यालयमा राजनीतिक हस्तक्षेप गर्दैनौं, बरु शैक्षिक गुणस्तर सुधारका निम्ति काम गर्छौं ।' कतिपय विद्यालयमा म आफैं व्यवस्थापन समिति छनोटको लागि सहयोग समितिको संयोजक भएर काम गरेका छु। 'कोरम' नपुगेर समिति नै गठन गर्न नसकिएका विद्यालयमा पनि दलका प्रतिनिधिले चुनावकै अडान राखेपछि चुनावी प्रक्रियामै गइन्छ। चुनाव पनि हुन्छ। अनि कतिपय उम्मेदवार आफू पराजित हुने निश्चित भएपछि मतगणना स्थलबाटै उठेर हिंड्छन् र भोलिपल्ट जिशिकामा पुगेर 'चुनाव अवैध भयो' भन्दै उजुरी लिएर आउँछन्।

## निर्वाचन नै लोकतान्त्रिक अभ्यास



**ठाकुर खकुरेल**
प्रअ, नवजागृति मावि, रामहिटी, काठमाडौं

व्यवस्थापन समितिको अस्तित्व नै रहनुहुँदैन भन्ने पक्षमा म छैन । बरु व्यवस्थापन समितिको संरचनालाई आवश्यकता अनुसार परिमार्जन गर्नु जरुरी छ। समितिमा महिला, आदिवासी/जनजाति, दलित प्रतिनिधिलाई समेत राखेर समावेशी बनाउन सकिन्छ। छात्रछात्राबाट प्रतिनिधित्व गराउनुपर्छ । अध्यक्ष, उपाध्यक्षसहितको समिति बनाउँदा उपयुक्त हुन्छ । तर, समुदायबाट छुट्याउनु चाहिं उपयुक्त हुँदैन। समितिको नेतृत्व हात पार्न हुने प्रतिस्पर्धालाई सही ढंगले व्यवस्थापन गर्ने कौशल प्रअमा हुनु जरुरी छ। निर्वाचन भयो भन्दैमा व्यवस्थापन समितिको व्यवस्था कमजोर भयो भन्न मिल्दैन। यो त लोकतान्त्रिक पद्धति हो। प्रअ वा अन्य कुनै निकायबाट मान्छे तोकेर समिति गठन गर्ने प्रक्रिया निरंकुश पद्धति हो। व्यवस्थापन समितिको नेतृत्व गर्ने व्यक्ति सक्कली अभिभावक हुनैपर्छ।



## सवाल स्वामित्वको

**राधेश्याम अधिकारी**
पूर्व सांसद/वरिष्ठ अधिवक्ता

२०५८ सालमा शिक्षा ऐन, २०२८ को सातौं संशोधन विधेयक संसद्मा पेश हुँदा त्यसबाट दुई वटा महत्त्वपूर्ण परिवर्तनको अपेक्षा गरिएको थियो । पहिलो; जुन समुदायमा विद्यालय सञ्चालित छ, त्यही समुदायले नै त्यसको स्वामित्व ग्रहण गर्नुपर्छ। दोस्रो; शिक्षकको उम्मेदवार हुनका निम्ति पूर्वयोग्यता परीक्षा उत्तीर्ण हुनुपर्छ । यही आधारमा स्कूल व्यवस्थापनमा अभिभावकको भूमिका सुनिश्चित गरिएको हो । तर त्यसयता पनि व्यवस्थापन समितिको काम/कारबाहीमा केही व्यावहारिक समस्या देखिएका छन्। यसको पछाडि मूल नीति बाधक होइन। मुलुक संघीयतामा जान लागेको बेला विकेन्द्रीकरणको अभ्यास गरिनु अरू राम्रो कुरा हो। त्यसैले स्कूल व्यवस्थापनमा समुदायको विकल्प खोज्न सकिंदैन। किनभने समुदायले आवश्यक ठानेरै विद्यालयहरू खुल्ने क्रम शुरू भएको हो। कतिपय ठाउँमा अहिले विद्यालयको खर्च राष्ट्रियस्तरबाटै गएकोले समुदायले जिम्मेवारी स्वीकार नगरेको होला। तर, यस अर्थ समुदायलाई स्कूल वा शिक्षा नै नचाहिएको भन्ने हुन सक्दैन।

निजी विद्यालय तुलनात्मक रूपमा राम्रा हुनुमा त्यहाँ स्वामित्वको विवाद छैन। सामुदायिक विद्यालयहरू विवादमा पर्नुको मूल कारण स्वामित्वकै अस्पष्टताले गर्दा हो । त्यसैले स्कूलको स्वामित्वको विषयमा हामी स्पष्ट हुनु जरुरी छ। विद्यालयस्तरमै शिक्षक नियुक्ति गर्ने प्रावधानका विरुद्धमा पनि केही विचार आए। तर, म चाहिं त्यसैलाई उपयुक्त देख्छु। शिक्षण लाइसेन्स पाएर शिक्षकको उम्मेदवार बन्नका निम्ति योग्य ठहरिएको व्यक्ति प्रतिस्पर्धाका आधारमा नियुक्त हुन्छ भने त्यसमा के समस्या भयो र? तर, छनोट प्रक्रिया चाहिं विधिसम्मत हुनुपर्‍यो।

## स्पष्ट नीति चाहिन्छ



**राजकुमार बराल**
शिक्षाकर्मी

व्यवस्थापन समितिमार्फत विद्यालयमा राजनीति पस्नुलाई म ठूलो समस्या मान्दिनँ। राजनीतिसँगै विद्यालयलाई राम्रो बनाउने 'भिजन' पनि छिर्नुपर्छ। 'भिजन' राम्रो भए जुन पार्टीका मान्छेले नेतृत्व लिए पनि केही फरक पर्दैन । त्यसैले राजनीतिक पार्टीहरूमा पनि विद्यालय राम्रो पार्न सक्ने क्षमता हुनु जरुरी छ। अहिले पनि विद्यालय व्यवस्थापन राज्यले लिने कि समुदायलाई हस्तान्तरण गर्ने भन्ने विवाद कायम छ। व्यवस्थापनको नीतिलाई समुदायको इच्छा र क्षमताका आधारमा निर्धारण गरे भइहाल्यो नि ! समुदायले सक्छ भने उसैलाई दिने, सक्दैन भने राज्यले नै हेर्ने। नभए सार्वजनिक-निजी साझेदारीमा पनि जान सकिन्छ। अमेरिकाको जस्तो 'चार्टर स्कूल' को अभ्यास गर्न पनि सकिन्छ। आवश्यकता छ, व्यवस्थापनका निम्ति केवल स्पष्ट नीति र मापदण्डको।



## समाजसेवा ठानौं !

**मानदास महर्जन**
अध्यक्ष, विव्यस(बलम्बु मावि, काठमाडौं)

तराईमा व्यवस्थापन समितिमा बस्नका निम्ति मारामार हुने गरेको सुनिन्छ । यता काठमाडौंमा चाहिं नेतृत्व लिने मान्छे पनि पाउन गाह्रो छ। व्यवस्थापन समितिमा रहेर काम गर्नु भनेको समाजसेवा हो । व्यवस्थापन समितिका पदाधिकारीले इमान्दारीपूर्वक काम गरेको खण्डमा विद्यालयको स्तर सुध्रन्छ। कुन विद्यालय कस्तो छ? कहाँ कसरी पठनपाठन भइरहेको छ ? व्यवस्थापन समितिका क्रियाकलाप कस्ता छन् ? यसबारेमा जिल्ला शिक्षा कार्यालयका विनिहरूबाट खासै अनुगमन र निरीक्षण भएको पाइँदैन । म २०३७ सालदेखि बलम्बु माविमा व्यवस्थापन समितिको अध्यक्ष छु । मैले समितिमा सबै दलका प्रतिनिधिलाई समेटेको छु । त्यसले काम गर्न पनि सजिलो भएको छ ।

व्यवस्थापन समितिलाई निस्तेज पारेर प्रअलाई नै सबै अधिकार दिनुपर्छ भन्ने तर्कमा सहमत हुन सकिंदैन । किनभने व्यवस्थापन समितिको विकल्प प्रअ हुनै सक्दैन । व्यवस्थापन समितिलाई जे

जति अधिकार कानूनले दिएको छ, त्यो सान्दर्भिक र पर्याप्त छ। व्यवस्थापन समिति मात्रैले र प्रअ वा उसको शिक्षक टीमले मात्रै केही गर्न सक्दैन।



## हस्तक्षेपले सखाप पार्छ

**राजेन्द्र गौतम**
अध्यक्ष, विव्यस(कंकाली मावि,काठमाडौं)

व्यवस्थापन समितिका अधिकारहरू पर्याप्त छन्। तिनै अधिकारको प्रयोग कानूनसम्मत हुनसके धेरै काम हुन्छ। विद्यालयमा राजनीतिक हस्तक्षेप र भागबण्डा हुनु हुँदैन। त्यसले विद्यालयलाई सखाप पार्छ। हाल आएर अभिभावक मात्रै व्यवस्थापन समितिको नेतृत्वमा रहन पाउने व्यवस्था एकदमै ठीक छ। कतिपय ठाउँमा छोरालाई निजी र छोरीलाई सामुदायिकमा भर्ना गरिएका उदाहरण पनि पाइएका छन्। छोरालाई पनि सामुदायिकमै भर्ना गर्नेतर्फ सचेतना बढाउने र विद्यालयको गुणस्तर उकास्न व्यवस्थापन समितिले अरु धेरै काम गर्नुपर्ने आवश्यकता छ।

## जिम्मेवार बनाऊँ !

**हरिप्रसाद लम्साल**
उपसचिव, शिक्षा मन्त्रालय



विद्यालय व्यवस्थापनमा विश्वमा विभिन्न मोडेलहरू प्रचलनमा छन्। जस्तै, फ्रान्समा केन्द्रीकृत अभ्यास छ, जुन सफल नै छ। निकै विकेन्द्रित मानिएको न्युजिल्याण्डको अभ्यास पनि सफल नै देखिन्छ। हाम्रो नीतिगत व्यवस्था पनि नराम्रो छैन। समस्या नियत र कार्यान्वयनमा हो। कार्यान्वयन पक्षको सुधारका निम्ति पहिले त राजनीति नै सुध्रिनुपर्छ। विद्यालय संरचना नियन्त्रणमुखी हुनुपर्छ भन्ने मान्यतामा सहमत हुन सकिदैन।

विद्यालय व्यवस्थापन समुदायलाई दिएर राज्य पन्छिन खोज्यो भन्ने भ्रमका पछाडि दगुर्‍यौं। विद्यालयको स्वामित्व समुदायलाई दिंदैमा सरकारले जिम्मेवारी छोड्ने र स्रोत नदिने भन्ने कतै लेखिएको छैन। लेखेको कुरा पालन हुँदैन, नलेखेको कुरामा चाहिं सबैले विश्वास गर्ने रहेछन्। नीतिगत व्यवस्थाको बारेमा तल्लो तहसम्म पर्याप्त बहस र सचेतना पुग्न सकेको छैन। त्यसमा शिक्षा मन्त्रालय, विभाग र जिशिकाको पनि कमजोरी रह्यो। विद्यालय व्यवस्थापन समुदायलाई दिने नीतिगत व्यवस्थाबाट 'ब्याक' हुने ठाउँ नै छैन। बरु अधिकारको तहलाई आपसी बहसबाट थपघट गर्न सकिन्छ।

व्यवस्थापन समितिलाई अरू बढी व्यवस्थित बनाउन र योग्य व्यक्तिहरू भित्र्याउनका निम्ति मेरा केही सुझावहरू छन्। अहिलेको संरचना पद जिम्मेवार हुने किसिमको छ। अब पदसँगै व्यक्तिलाई पनि जिम्मेवार बनाउनुपर्छ। कम्तीमा एक कार्यकाल सदस्य भइसकेको व्यक्ति मात्रै अध्यक्षको निम्ति योग्य रहने व्यवस्था थपौं। त्यसो गर्दा अनुभवी व्यक्तिले नेतृत्व तहमा पुग्ने अवसर पाउँछन्। व्यवस्थापन समितिको पदाधिकारीलाई पनि शपथ ग्रहण गराउने व्यवस्था गरौं। त्यसले उनीहरूमा केही न केही जवाफदेहिता बढाउँछ। साथै, व्यवस्थापन समितिको अध्यक्ष वा सदस्यमा चुनिने व्यक्तिले आफू सदस्य रहेको पार्टीको सदस्यता त्याग्नुपर्ने प्रावधान पनि राख्नुपर्छ। यसो गर्न सकिए उनीहरूमा मनोवैज्ञानिक रूपमा पनि जिम्मेवारीबोध गराउँछ। नयाँ पदाधिकारीलाई लिखित रूपमा कार्यगत शर्तहरू दिने अभ्यास पनि पनि शुरू गरौं। यसले व्यवस्थापन समितिको पदलाई बढी जिम्मेवार र मर्यादित तुल्याउँछ।



## यता शिक्षक : उता अध्यक्ष

**रामशरण सापकोटा**
उपनिर्देशक, शिक्षा विभाग

अहिले स्थानीयस्तरमा राजनीतिक अभ्यास गर्ने ठाउँ विद्यालय भइदिएको छ। पहाडी क्षेत्रको तुलनामा तराईमा यो समस्या बढी देखिएको छ। तराईका विद्यालयको स्वामित्वमा सम्पत्ति बढी छ। त्यसको परिचालन गर्न पाइने लालसाका कारण समितिको नेतृत्व हत्याउन खोज्ने होड तराईमा बढी देखिएको हो। चुनाव हार्ने अवस्था आउँदा वा हारिसकेपछि विपक्षीलाई अपहरण, कुटपिटदेखि गोलीसम्म हानिएका घटना पनि छन्।

व्यवस्थापन समितिको अहिलेकै संरचना कायम राख्ने कि यसलाई परिवर्तन गर्ने भन्ने सन्दर्भमा धेरै बहस चलिरहेका छन्। जस्तै, स्थानीय निकायमा निर्वाचन भइदिए सम्बन्धित वडाको अध्यक्षको नेतृत्वमा व्यवस्थापन समिति गठन गर्न सकिने एउटा विकल्प पनि हुन सक्छ। अथवा अहिलेकै संरचनामा थप सुधार गरेर पनि जान सकिन्छ। त्यसका लागि अझै थप बहस गरौं। कतिपय विद्यालयका शिक्षकहरू नै अर्को विद्यालयको व्यवस्थापन समितिको पदाधिकारीका निम्ति प्रतिस्पर्धामा उत्रने गरेका छन्। त्यसले पनि समस्या पारेको छ। अर्को विद्यालयको व्यवस्थापनतर्फ शिक्षकको ध्यान मोडिंदा आफ्नो विद्यालयको पठनपाठनलाई पक्कै पनि नकारात्मक असर पुर्‍याउँछ। त्यही भएर शिक्षा विभागले हालै परिपत्र गरेर एउटा विद्यालयको शिक्षक आफ्नो विद्यालयको पदेन सदस्यमा बाहेक अर्को विद्यालयको व्यवस्थापन समितिमा बस्न नपाउने गरी रोक लगाएको छ।

प्रस्तुतिः **प्रमोद आयाम**

**sms प्रतिक्रियाका लागि ltr<space>5006**



विश्लेषण



डा. विष्णु कार्की

# एसएसआरपीको घिटीघिटी: नियमित आकस्मिकता कि नियति ?

**विगतका कतिपय योजना परियोजनाहरूले भोगेका नियतिभन्दा फरक ढंगले यो (एसएसआरपी) कार्यक्रम अगाडि बढ्ला जस्तो देखिएको छैन। वर्तमान राजनीतिक, प्रशासनिक छाडातन्त्रको हालीमुहालीका बीच 'शिक्षा क्षेत्रमा केही गरौं' भन्ने झण्डै ४० वर्षपछि आएको एउटा सोचको अवसान धेरै पर छ जस्तो लाग्न छोडेको छ।**

शिक्षामा समसामयिक परिवर्तन गर्दै लैजानुपर्छ भन्ने सोच आजको चिन्तन होइन। विगतमा विभिन्न आयोग, योजना तथा आयोजनामार्फत सुधारका लागि पटक-पटक प्रयासहरू भएकै हुन्। आज हामी जुन शिक्षा ऐनमा टेकेर कुरा गर्दैछौं त्यसको जग हाल्ने काम २०२८ सालमा लागू भएको नयाँ शिक्षा योजनाले नै गरेको थियो। त्यस अर्थमा नेपालमा शिक्षालाई योजनाबद्ध तथा कानूनसम्मत बनाउने काम यसै बेला भएको हो।

शिक्षा ऐन २०२८ लागू भएको झण्डै चार दशकपछि अर्थात २०६६/६७ सालमा आएर फेरि एकपटक शिक्षामा आमूल परिवर्तन गर्ने सोचका साथ विद्यालय क्षेत्र सुधार कार्यक्रम (एसएसआरपी) लागू गरिएको छ। यो कार्यक्रम निश्चय नै महत्त्वाकांक्षी देखिन्छ। तथापि, यसले शिक्षामा व्यापक सुधार गर्ने चिन्तन पस्केको छ। कुरा नौलो होइन, तैपनि क्षेत्रीय र विश्व बजारमा प्रचलित शिक्षा प्रणालीसँग समकक्षी हुने जमर्को गरेको छ। खस्किंदो शिक्षाको गुणस्तरलाई व्यवस्थित र शिक्षण पेशालाई मर्यादित बनाउने पहल गरेको छ। शिक्षाका संयन्त्रलाई जिम्मेवार र जवाफदेही बनाउने बुद्धि पस्केको छ। विद्यमान शैक्षिक समस्याहरूका माझ निकासका लागि प्रयत्न थालेको छ।

विकासवादी विश्लेषकहरू शिक्षालाई सामान्यतया दुई दृष्टिले हेर्ने गर्छन्: १) आधारभूत आवश्यकता अथवा सामाजिक अधिकारका रूपमा, र २) दिगो विकासका लागि अत्यावश्यक पूर्वाधारका रूपमा। सामाजिक अधिकारका रूपमा शिक्षाको कुरा गर्दा केही महत्त्वपूर्ण विषयहरू समेटिएका हुन्छन्। जस्तै: समतामूलक पहुँच, समयसापेक्ष, जीवनोपयोगी, सीपमूलक शिक्षा, इत्यादि। यस अर्थमा शिक्षा सरकारको दायित्व र राज्यले लिनुपर्ने अनिवार्य अभिभाराका रूपमा बुझ्ने गरिन्छ। अर्कोतर्फ विकासका लागि शिक्षाको कुरा गर्दा मानव संशाधन (ह्युमन रिसोर्स) को विकासका लागि शिक्षा आवश्यक पूर्वाधार भएकाले विविध प्रकारका सीप र दक्षताहरू यसभित्र समेटिएका हुन्छन्। जस्तै: प्राविधिक, विशेषज्ञ, दक्ष जनशक्ति इत्यादि। यस अर्थमा शिक्षालाई देशको उत्पादनशीलता बढाउने माध्यमका रूपमा हेर्ने गरिन्छ। तसर्थ शिक्षामा राज्यले लगानी गर्नुपर्छ भन्ने धारणा लिएको पाइन्छ। शिक्षाको न्यूनतम गुणस्तरको कुरा गर्दा यी दुवै प्रकारका चिन्तनलाई साझा विषयवस्तुका रूपमा समेटेको पाइन्छ। यिनै सैद्धान्तिक परिवेशभित्र विद्यालय क्षेत्र सुधार कार्यक्रमले केही नीतिगत अवधारणा तथा रणनीतिहरू तय गरेको हो।

तथापि, विगतका कतिपय योजना परियोजनाहरूले भोगेका नियतिभन्दा फरक ढंगले यो (एसएसआरपी) कार्यक्रम अगाडि बढ्ला जस्तो देखिएको छैन। वर्तमान राजनीतिक, प्रशासनिक छाडातन्त्रको हालीमुहालीका बीच 'शिक्षा क्षेत्रमा केही गरौं' भन्ने झण्डै ४० वर्षपछि आएको एउटा सोचको अवसान धेरै पर छ जस्तो लाग्न छोडेको छ। यहाँ विद्यालय क्षेत्र सुधार कार्यक्रमले सोचेका, गर्न सकेका र नसकेका केही महत्त्वपूर्ण पक्षमा प्रकाश पार्ने जमर्को गरिएको छ:

### १. संरचना भत्काउन खोज्यो (कक्षा १-८ र ९-१२ गर्न खोज्यो)

**किन खोज्यो:** हाल संचालनमा रहेका २२ थरीका विद्यालय (कक्षा १, १-२, १-३ ... १-१०, १-१२ चलेका) हरू संचालन तथा व्यवस्थापनका हिसाबले ज्यादै अव्यावहारिक भएको स्वदेशी चिन्ता। सबैले आधारभूत तहसम्मको शिक्षा अनिवार्य रूपमा लिनुपर्छ भन्ने क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मान्यता स्थापित भइसकेको सन्दर्भमा विदेशी बुद्धिको नक्कल गर्न तथा १४ वर्षको उमेरसम्म काम गर्न नपाउने कानूनी बाध्यताले गर्दा विद्यालयमा थन्क्याउन।

**कसरी खोज्यो:** विद्यालय गाभेर, स्तर अभिवृद्धि गरेर तथा स्तर घटाएर, विद्यालय नक्शांकन गरेर।

**कहाँ गएर पछारियो:** कागजी काम प्रशस्त गऱ्यो, गफ धेरै गऱ्यो तर कानून बनाउन सकेन। माथि नभत्काई तल मात्र भत्काउन खोज्यो। उच्च माध्यमिकलाई विद्यालय संरचनाभित्र ल्याउने गफ गऱ्यो; तर राजनीतिक नियुक्ति गर्न छाडेन।

### २. शिक्षालाई नि:शुल्क तथा अनिवार्य बनाउन खोज्यो

**किन खोज्यो:** सबैले मागे, राजनीति गर्नेले झनै मागे।

**कसरी खोज्यो:** टालटुल गरेर, अलिकति दियो; धेरै दिएको नक्कल मात्र गऱ्यो।

**कहाँ गएर पछारियो:** शिक्षा नि:शुल्क हुन सक्दैन भन्ने बुझ्न पनि सकेन, बुझाउन पनि सकेन। भाषण सबैले गरे; नभई नहुने स्रोतका लागि कसैले चासो देखाएनन्। अनिवार्य शिक्षाको वातावरण घरघरमा मिल्नुपर्छ, केशरमहल वा सिंहदरबारमा मिलेर हुँदैन भन्ने बुझ्न पनि सकेन; बुझाउन पनि सकेन। विद्यालयले विभिन्न नाममा शुल्क लिइरहे। अभिभावकले शुल्क तिरिरहे। सामुदायिक विद्यालयले पनि अंग्रेजीमा पढाउने जुक्ति निकाले। विद्यालयकै स्रोत प्रयोग गरे। खुलेर पैसा असुल्न थाले। अभिभावकले तिरे। कसैको टाउको दुखेन। नि:शुल्क शिक्षा गफै भयो।

### ३. विद्यालय व्यवस्थापनलाई स्थानीयकरण गर्न खोज्यो

**किन खोज्यो:** स्थानीय निकायलाई विद्यालयीय शिक्षाप्रति बढी भन्दा बढी जिम्मेवार र जवाफदेही बनाउन; शिक्षालाई स्थानीय आवश्यकताका आधारमा विकास गर्ने वातावरण बनाउन; शिक्षा र समुदायबीचको दूरीलाई घटाउन र परिवार तथा व्यक्तिका सपनाहरूलाई पूरा गर्ने

सशक्त माध्यमका रूपमा शिक्षालाई स्थापित गर्न।

**कसरी खोज्यो**: वर्तमान व्यवस्थामा सुधार गरेर, विद्यालय व्यवस्थापन समितिलाई बढी जिम्मेवार, जवाफदेही र पारदर्शी बनाएर। शिक्षामा स्थानीय निकायको भूमिका स्पष्ट र अनिवार्य गरेर।

**कहाँ गएर पछारियो**: विद्यालय हस्तान्तरणको भूतले पछ्याउन छाडेन। स्थानीय निकायको दयनीय हालत देखेर झनै खुम्चिनु पर्‍यो। वर्तमान नियम कानूनमा सुधार गर्नै सकेन। परिवार र व्यक्तिसम्म पुग्नै सकेन।

## ४. शिक्षक व्यवस्थापन गर्न खोज्यो

**किन खोज्यो**: शिक्षा क्षेत्रको सबैभन्दा ठूलो चुनौतीका रूपमा विद्यमान रहेकाले व्यवस्थित गर्न। शिक्षकलाई विद्यालयप्रति र विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउन। शिक्षाको गुणस्तरमा सुधार ल्याउन।

**कसरी खोज्यो**: शिक्षकलाई विद्यालय व्यवस्थापन समिति, स्थानीय निकाय, अभिभावक तथा विद्यार्थीप्रति उत्तरदायी बनाएर। वर्तमान शिक्षक व्यवस्था प्रणालीमा सुधार गरेर। प्रतिविद्यालय न्यूनतम लागतको आधारमा तथा शिक्षकहरूको तहगत व्यवस्था, पुराना शिक्षकहरूको सम्मानजनक व्यवस्थापन, र न्यूनतम शैक्षिक योग्यतामा सुधार गरेर। शिक्षकहरूको हकहितका कुराहरू निर्दिष्ट गरेर। शिक्षण पेशालाई मर्यादित बनाएर।

**कहाँ गएर पछारियो**– अस्थायी, राहतजस्ता १३ थरीका शिक्षकको भूतले छाडेन। २७ मुखे शिक्षक राजनीतिले झनै तर्सायो। शिक्षकको झोला बोक्ने प्रवृत्ति कम गर्न पनि सकेन, स्वीकार गर्न पनि सकेन। ठूला भन्ने दलहरूले शिक्षकलाई आफ्नो निहित स्वार्थका लागि प्रयोग गर्ने प्रवृत्ति रोक्न सकेनन्। शिक्षकहरूले पनि आफू प्रयोग भइरहेको कुरा बुझेनन् वा बुझ्ने चाहना राखेनन्।

## ५. परीक्षा प्रणाली भत्काउन खोज्यो

**किन खोज्यो**: कक्षा १० र १२ मा राष्ट्रियस्तरको परीक्षा लिंदा अव्यावहारिक भयो भनेर। एसएलसी, सीटीईभीटी र उच्च माध्यमिक शिक्षा बोर्ड जस्ता बोर्डहरूको बीच तालमेल मिलाउन। एकीकृत समकक्षता तथा प्रमाणीकरण गर्ने प्रणालीको व्यवस्था गर्न।

**कसरी खोज्यो**: राष्ट्रिय परीक्षा बोर्ड बनाएर, भइरहेका विभिन्न बोर्डहरूलाई राष्ट्रिय परीक्षा बोर्डको एउटै छातामुनि ल्याएर।

**कहाँ गएर पछारियो**: सीटीईभीटी र उमावि शिक्षा बोर्डको राजनीतिमा शिक्षा मन्त्रालय रमाएर बस्यो। कुरा प्रशस्त गर्‍यो काम अगाडि बढाउनै सकेन। वर्तमान नियम कानूनमा सुधार गर्न सकेन। जाँच लिने, पास गर्ने, फेल गर्ने कुरामा शिक्षक पनि रमाए, नेता पनि रमाए, शिक्षा मन्त्रालयका पनि रमाए। निजी विद्यालयका झनै रमाए। यो रमाइलो भित्रको व्यापारबाट कोही पनि निस्कन चाहेन।

## ६. कक्षा १ देखि ७ सम्म निरन्तर मूल्याङ्कन प्रणाली लागू गर्न खोज्यो

**किन खोज्यो**: विद्यार्थीको समस्या पहिचान गर्दै आवश्यक सुधारात्मक उपचार दिनका लागि। विद्यार्थीको निरन्तर सिकाइको सुनिश्चितताका लागि। विद्यार्थीहरूमा तहगत तथा कक्षागत न्यूनतम सिकाइ सुनिश्चितता गर्नका लागि।

**कसरी खोज्यो**: कक्षा १ देखि ७ सम्म निरन्तर मूल्याङ्कन प्रणाली लागू गरेर। शिक्षकलाई आवश्यक तालीम दिएर। विद्यालयमा अत्यावश्यक न्यूनतम पूर्वाधारको विकास गरेर।

**कहाँ गएर पछारियो**: शिक्षकलाई कुरा बुझाउनै सकेन। शिक्षकले जाँच लिने, पास गर्ने, फेल गर्ने भन्दा बढी बुझ्नै चाहेनन्। अभिभावकले पनि पास र फेल नै खोजे। निजी विद्यालयमा हत्पत्ति फेलै नहुने। सार्वजनिक विद्यालयमा हत्पत्ति पासै नहुने। यो रहस्यभित्रको व्यापार शिक्षकले पनि बुझेनन्। अभिभावकले झनै बुझेनन्। सरकारी संयन्त्र ट्वाल्ल परिरह्यो। निजी विद्यालयले त्यही रहस्यको व्यापार गरिरहे।

## ७. पाठ्यक्रममा आमूल परिवर्तन गर्न खोज्यो

**किन खोज्यो**: समय सान्दर्भिक तथा जीवनोपयोगी शिक्षा दिनका लागि। विश्वबजारमा नेपाली शिक्षाको समकक्षता तथा गुणस्तरीयता सुनिश्चित गर्न। स्वदेशी भूमिमा आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न।

**कसरी खोज्यो**: दक्षतामा आधारित, परिणाममूलक शिक्षण सिकाइ माध्यमद्वारा। प्राविधिक तथा व्यावसायिक शिक्षालाई विद्यालय तहदेखि नै अभिमुखीकरण गरेर। कक्षागत तथा तहगत सिकाइका न्यूनतम मापदण्ड तय गरेर।

**कहाँ गएर पछारियो**: सीटीईभीटीले आफ्नो कार्यक्षेत्रमा हस्तक्षेप भएको ठान्यो, नेता गुहार्‍यो, दातृ संस्था गुहार्‍यो। उमावि शिक्षा बोर्डले आफ्नो ऐन तेर्सायो र धम्क्यायो। पाठ्यक्रम विकास केन्द्र निरीह बन्यो। मन्त्रालय ट्वाल्ल परिरह्यो।

## हलो कता अड्कियो

***भत्काउन चाहिने ऐन नियम फेर्न सकेन***

काम गर्दै जाऔं, ऐन नियम फेरौंला भन्यो। ऐन नियम कर्मचारीले काखी च्यापेर राखे। नेताले फाइदा देखेनन्। शिक्षकले आफ्नो भन्दा अरूको स्वार्थ देखेन। विद्यार्थी, अभिभावकले थाहै पाएनन् प्रस्तावित शिक्षा ऐनमा के छ भनेर।

***आफू पनि तयार भएन समुदायलाई पनि तयार गर्न सकेन***

मन्त्रालय र विभागजस्ता केन्द्रीय निकायबीचमै तालमेल मिलिरहेको थिएन। एकथरी आफ्नो अधिकार कटौती हुने कुरा स्वीकार गर्ने विपक्षमा लागिरहे भने अर्कोथरी फरक गरौं भन्ने विषयमा सधैं चिन्तित रहे। फलस्वरुप विद्यालय क्षेत्र सुधार कार्यक्रमबारे स्पष्ट दृष्टिकोण तल्लो निकायसम्म कहिल्यै पुगेन। स्वदेशीको मोह र विदेशीको दबाब झेल्न सकेन। सबै विद्यालय समुदायका हुन् भन्ने स्थापित गर्न सकेन। कति आफूले गर्ने। कति र कसरी समुदायलाई दिने भन्ने तय गर्न सकेन।

## अब के गर्ने त

**१. पुनरावलोकन गरौं**

के गर्न सकियो, के गर्न सकिएन, किन सकिएन र अब कता लैजाने निष्कर्ष निकालौं। ठूला पार्टीका प्रतिनिधि, मन्त्रालय, शिक्षक, अभिभावक प्रतिनिधि तथा विज्ञहरूको सानो टीम बनाएर पुनरावलोकन गरौं।

**२. ऐन नियममा सुधार गरौं**

पुनरावलोकन समितिबाट आएको सुधारिएको एसएसआरपी अनुसार वर्तमान ऐन नियममा सुधार गरौं। राष्ट्रियस्तरमा ऐन नियममा आवश्यक सुधारका बारेमा बहस गरौं।

**३. केही राष्ट्रिय नीति तय गरौं र स्पष्ट पारौं**

नि:शुल्क तथा अनिवार्य शिक्षाका बारेमा। विद्यालय व्यवस्थापनका बारेमा। शिक्षक व्यवस्थापनका बारेमा। स्थानीय निकायको भूमिकाका बारेमा।

**४. शिक्षालाई अराजनीतिबाट अलग राख्ने पहल गरौं**

सर्वदलीय बहसबाट तय गरौं। आचार-संहिता लागू गरौं। पालन नगर्नेलाई राजनीतिबाट वञ्चित गरौं। शिक्षकलाई राजनीति गर्न खुला गरौं। तर विद्यार्थीको समय र विद्यालय क्षेत्रभन्दा बाहिर।

*(डा. कार्की यो कार्यक्रम निर्माणमा विज्ञ परामर्शदाताका रूपमा संलग्न थिए।)*

**sms प्रतिक्रियाका लागि ltr<space>5006**

नेपाल-अध्ययन



डा. तीर्थबहादुर श्रेष्ठ

# पानीको लीला अपरम्पार !

**पानीको प्रकृति ज्यादै अचम्मको हुन्छ। जमेर बस्दाको ठोस अवस्थाबाट पग्लेर तरल पानी बन्नलाई यसले वरपरको न्यानो सोसेर लिन्छ। तरल पानी जमेर हिउँ बन्न थाल्दा हिउँले आफ्नो न्यानोपनालाई वरपर छोडिदिन्छ। पानीको वाष्प तरल अवस्थामा फर्कने बेलामा पुन: त्यही न्यानोपन बाहिर ओकलिदिन्छ। यसैले; पानीको लीला अपरम्पार छ !**

*मैन्हा माघ थियो, बिहानपखमा हावा चलेको थियो,*
*छानामा, पथमा तथा चउरमा चिनी छरेझैं थियो।*
*जाडो खूब थियो, समस्त जलमा ऐना जमेको थियो,*
*काम्यो लुगलुग त्यो गरिब विचरा त्यसमा दया गर्छ को !*

**-भीमनिधि तिवारी**

*शिक्षक* को असोज अंकमा पानीको प्रकृतिबारे थोरै चर्चा गरियो। त्यो तरल पानीको कुरा थियो। पानीको ठोस अवस्था अथवा हिउँ वरफका कुरा गर्दा जाडोको प्रसंग स्वत: आउँछ। जाडो लाग्यो भने मानिस काम्छन्; कठ्यांग्रिन्छन्। जाडोले लुगलुग कामेको एक गरीबको वर्णनमा कवि भीमनिधि तिवारीको लोकप्रिय कविता स्कूले विद्यार्थी छँदा पढिएको थियो; २०१० सालतिर। चिनी छरेजस्तो तुषारो र ऐना जमेको जस्तो पानीले हामीलाई जाडो गराउँछ र काम्न बाध्य पार्छ भन्ने विश्वास थियो हामी बालबालिकाहरूमा। पछि र, धेरै पछि मात्र थाहा भयो- हाम्रो वरिपरि तापक्रम घटेपछि पानी र पानीको वाफलाई जाडो लागेर जमेका रहेछन्। तिनलाई पनि हामीलाई जस्तै जाडो लाग्दो रहेछ र जम्दा रहेछन्। वरपरको तापमान शून्य डिग्री सेल्सियसभन्दा तल झ्यो भने तरल अवस्थाको पानी जमेर हिउँ, तुषारो, वरफ आदि विभिन्न पदार्थ निर्माण हुने रहेछन्। रसायन विज्ञानको परिभाषामा हिउँ भने पनि तुषारो भने पनि वा वरफ भने पनि- हाइड्रोजनका दुई अंश र अक्सिजनको एक अंशको संयोग ($H_2O$) नै हुन् यी पदार्थ। मात्र भौतिक संरचनाका विभेदमा यिनका आकार-प्रकार फरक पर्न जाने गर्दछन्। तरल रूपमा पानी; ठोस रूपमा वरफ र वाष्प रूपमा वाफ- एउटै पदार्थका भिन्न रूप मात्र हुन्।

काठमाडौंमा बसेहुर्केकाहरू हिउँका पहाड त देख्दछन् हिमालय भनेर तर तिनले हिउँसँग खेल्न पाउँदैनन्। तिनलाई हिउँको दु:ख पनि थाहा हुँदैन। तिनले फ्याक्ट्रीमा जमाएको आइसक्रिम र वरफ भने उपभोग गर्दछन्। मधेश तराईको पनि यस्तै यस्तै अवस्था हुन्छ तर धेरैजसो पर्वतीय क्षेत्रका उच्च गाउँ वस्तीमा वर्षेनि हिउँ पर्छ। हिउँ र जाडोले गर्दा लेकाली वस्तीहरू उभौली र उधौली गर्न समेत बाध्य हुन्छन्। हाम्रा पहाडहरू हिउँको घर- हिमालय (हिम+आलय) भनेर विश्व प्रसिद्ध छन्। त्यसैले हिउँका बारेमा हामीले जान्नुपर्ने कुरा धेरै छन्।

हिउँ निश्चय नै आकाशको बादल र वर्षाका कारण निर्माण हुने वस्तु हो तर भीमनिधिको वर्णनमा आएको 'समस्त जलमा ऐना जमेको थियो' भन्दा हामी हिउँका हैन वरफका कुरा गरिरहेका हुन्छौं। तरल पानीका तहहरू जाडोले गर्दा कठ्यांग्रिएर ऐनाजस्तो पारदर्शी वरफ बन्न पुग्छन्। हामीले घरमा रेफ्रिजिरेटरद्वारा जमाउने वरफको ढिक्का जसरी निर्माण हुन्छ, हिमालयको हिउँ त्यसरी निर्माण भएको हैन। हिउँ निर्माणको प्रक्रिया बेग्लै हुन्छ।

आकाशको वायुमण्डलमा रहेका बादल र वाष्पका जलकणहरू शून्य डिग्री सेल्सियस भन्दा निकै चिसो अवस्थामा पुगेपछि हिमका सूक्ष्मकण (ice nuclei) मा वरिपरि अरू जलकणहरू थुप्रन गई हिममणि (snow crystals) को निर्माण हुन्छ। यस्ता सूक्ष्ममणिहरू धेरै संख्यामा मिल्दै जाँदा आकृति र आयतन वृद्धि भई तिनले अनेकौं रूप लिन थाल्छन्। प्रारम्भमा यिनीहरू सूक्ष्म रूपका कोही च्याप्टा खपटा जस्तो, कोही सियोजस्तो रूप धारण गरेर हिउँका पत्र 'स्नोफ्लेक' (snow flakes) को निर्माण हुन्छ। स्नोफ्लेकका आकृति ज्यादै कलात्मक र आकर्षक हुन्छन्। तिनका कलाकारिता र रूप सज्जा वर्णन गरेर साध्य हुँदैन; किनभने कुनै पनि दुई वटा स्नोफ्लेकको आकृति आपसमा मिल्दैन; हरेक व्यक्तिको औंठा छाप भिन्दै भएजस्तै। त्यस्तै करोडौं, अरबौं वा अनगिन्ती स्नोफ्लेकका आकृति भिन्दाभिन्दै हुन्छन्। सूक्ष्मदर्शक यन्त्रले हेर्दा तिनका बुट्टा र वान्की षट्कोणमा मिलेर कोही चेप्टो प्लेटजस्तै र कोही ६ घार भएका पेन्सिल कलमझैं देखिन्छन्। यिनका वान्की र बुट्टा हेरेर कलाकारहरू चित्र बनाउँदछन्। कपडा वा कागजमा विभिन्न मनमोहक बुट्टा छाप्दछन्। कुनै आकाशका ताराझैं देखिन्छन् त कुनै गमलामा सजाएका उन्यूका पातझैं। नराम्रा कुनै हुँदैनन्। स्नोफ्लेकको सुन्दरता सूक्ष्मदर्शक यन्त्रको सहायताले देख्न सकिन्छ। हिमपात हुँदा यिनै स्नोफ्लेकहरू बर्सेर भूदृश्यलाई सेताम्य पार्ने हुन्। उत्तरी ध्रुव र दक्षिणी ध्रुवतिर बाह्रै महीना हिमपात हुन्छ। सबैभन्दा धेरै हिउँ जम्ने ठाउँ भने पर्वतीय क्षेत्र नै हुन्। त्यसमा क्यानडाको ब्रिटिश कोलम्बिया, संयुक्तराज्य अमेरिकाको रक्की माउन्टेन्स् र सेरा निभाडा पर्वत श्रृंखला, युरोपमा इटाली, स्वीट्जरल्याण्ड, फ्रान्स र अष्ट्रियाको आल्प पर्वतमाला तथा एशियाको हिमालय, दक्षिण अमेरिकाको एण्डिज पर्वतमाला तथा अष्ट्रेलिया र न्यूजिल्याण्डका हिमशिखर प्रमुख हुन्। तीमध्ये हिमालय र काराकोरम सर्वोच्च हिम श्रृंखलाका रूपमा प्रख्यात छन्। विश्वकै सर्वोच्च शिखर सगरमाथा त नेपालको ताज नै भइहाल्यो।

आकाशबाट झरेको हिउँको विशाल राशी पहाडमाथि जमेर हाम्रो हिमालय बनेको छ। हाम्रो भौगोलिक अवस्थितिले समुद्र सतहभन्दा लगभग ५००० मिटर भन्दा उच्च क्षेत्रमा मात्र हिउँ बाह्रै महीना




***हिमनदी (glacier) र हिमताल (glacier lake) को अनुमानित खाका***

नपग्लेर बस्न सक्छ। त्यसैकारण नेपालको हिमरेखा (snow line) पाँच हजार मिटरको उचाइ हो। पाँच हजार मिटरभन्दा मुनिको हिउँ मौसम र ऋतुको फेरबदलमा पग्लेर पानी बनेर बगेर जान्छ। उच्च पर्वतको भिरालो धरातलमा टिक्न नसक्ने हिउँका राशी स्खलन भएर हिमपहिरो (Avalanche) बनेर तल झर्दछ। पर्वतारोहणमा जानेहरू तिनबाट बच्दै जानुपर्छ। पर्वतारोहणका क्रममा सबैभन्दा दु:खदायी दुर्घटनाहरू हिमपहिरोकै कारण हुने गरेका छन्।

आकाशबाट भुवाजस्तै नरम हिउँ उच्च पहाड-पर्वतमा झर्छ र त्यही हिउँ आपसमा जमेर कडा हुन्छ; चट्टान जस्तै साह्रो वरफ बन्न पुग्छ। त्यसैले हिमाल चढ्न जाने मानिसहरूले गरेको छायांकन टेलिभिजनमा हेर्दा कहिले हिउँमा खुट्टा गाडिएका हुन्छन् त कहिले बुटको किलाले टेकेर पर्वतारोहीहरू साह्रो हिउँमा हिंडेका हुन्छन्। नयाँ ताजा हिउँको तह कमलो हुन्छ। त्यसलाई बटुलेर गोलो गोलो बनाई आपसमा हानाहान गरी रमाइलो गर्नु हिउँ खेलेको एउटा पाटो हो। तर नयाँ हिउँमा पर्ने बिहानीको सूर्यकिरणले आँखालाई बिगार्ने विकिरण पर्यावर्त (reflect) गर्ने हुनाले कालो चस्मा नलगाई यस्तो क्रीडामा सहभागी हुनुहुँदैन।

हिमालयका उच्च उपत्यकाहरूमा जमेका विशाल हिमराशीलाई हिमनदी (glacier) भन्ने चलन छ। तर यस्ता नदी बगेको हामी चाल पाउँदैनौं। यिनीहरू ज्यादै सुस्त गतिमा खस्कने गर्दछन्। भूधरातलको अवस्थाले पनि यिनको खस्कने गतिलाई प्रभाव पारेकै हुन्छ। हिमनदीहरू प्रतिदिन औसत ३० सेन्टिमिटर अर्थात् एक फूट मात्र बग्दछन् भन्ने वैज्ञानिकहरूको ठम्याइ छ। केही वर्ष पहिलेसम्म हिमको राशी किन स्थिर हुँदैन र बग्न थाल्छ अर्थात् खस्कन थाल्छ भन्ने जिज्ञासाले मानिसलाई निकै सताएको थियो। पछिबाट के ज्ञान भयो भने हिउँको आफ्नै ओजन र भारले गर्दा सबैभन्दा पींधको हिउँ

**रसायन विज्ञानको परिभाषामा हिउँ भने पनि तुषारो भने पनि वा वरफ भने पनि– हाइड्रोजनका दुई अंश र अक्सिजनको एक अंशको संयोग ($H_2O$) नै हुन् यी पदार्थ। मात्र भौतिक संरचनाका विभेदमा यिनका आकार-प्रकार फरक पर्न जाने गर्दछन्। तरल रूपमा पानी; ठोस रूपमा वरफ र वाष्प रूपमा वाफ– एउटै पदार्थका भिन्न रूप मात्र हुन्।**

तरलीकृत भएर पानीको रूप लिंदो रहेछ र त्यहाँका ढुंगा, माटो, चट्टान पनि माथिको हिउँको भार खप्न नसकेर स्थिर बस्न नसक्ने अवस्था आउँदो रहेछ। फलस्वरुप पींधको पानीको सहायताले हिउँका विशाल राशीहरू विस्तारै तल-तल सर्ने क्रममा तल्लो न्यानो क्षेत्रमा पुगेपछि हिउँ पग्लेर पानीको दह बन्ने क्रम शुरू हुँदो रहेछ। हिमनदीले आफैं खन्दै-जोत्दै ल्याएका माटो, चट्टान र बालुवाले त्यस दहमा बाँध बाँध्ने काम गर्दो रहेछ। त्यसबाट हिमनदीको पुच्छर पुच्छरमा हिमताल निर्माण हुने अवस्था बन्दो रहेछ। यस्ता हिमतालहरू नै हाम्रा अधिकांश नदीका लागि पानीका मूलस्रोत बन्न गएका छन्। नेपालभित्र यस्ता हिमतालको संख्या २,३१५ वटा पहिचान भएको छ र हिमनदी भने ३,२५२ वटा रहेको तथ्यांक छ। तीमध्ये २० वटा हिमताल फुट्ने जोखिममा रहेको विज्ञहरूको आकलन छ।

हिमालयको हिउँ-वरफका कुरा गर्दा ऐनाजस्ता पारदर्शी 'आइसिकल' (icicle) लाई बिर्सन सक्दैनौं। तिनीहरू ज्यादै मनमोहक ढंगले पहरामा लहराजैं झुण्डिएका देख्दछौं। उच्च गाउँघरमा पनि छानाबाट चुहिंदा





**हिम–कला:** हिउँका सूक्ष्मकण (ice nuclei) मा वरिपरि अरू जलकणहरू थुप्रन गई हिममणि (snow crystals) को निर्माण हुन्छ। प्रारम्भमा यिनले सूक्ष्म रूपमा च्याप्टा खपटा वा सियोजस्तो रूप धारण गर्छन् र हिउँका पत्र 'स्नोफ्लेक' (snow flakes) बन्छ। स्नोफ्लेकका आकृति ज्यादै कलात्मक र आकर्षक हुन्छ। र, हिउँ लहरा 'आइसिकल' (icicle) (दायाँ)।

चुहिँदै जमेका ऐनाजस्ता बरफका लहराहरू बेलाबखत देख्न पाउँछौं।

हिउँ, पानी, बरफ र वर्षाका कुरा गर्दा असिनालाई बिर्स्यौं भने किसानी क्षेत्रलाई उपेक्षा गरेको ठहर्छ। बालीनालीमा असिनाको प्रकोप निकै विनासकारी हुन्छ। त्यसैले असिना कसरी बन्छ र वर्षन्छ भन्नेतिर पनि विचार गरौं। असिना पर्दा कहिले कनिकाजत्रो, कहिले मकैको गेडाजत्रो र कहिले कुखुराको स-सानो अण्डाजत्रो पनि वर्षेको हामीलाई अनुभव छ। संवत् २०२६ भाद्र २८ गते (सन् १९७० सेप्टेम्बर ३) का दिन अमेरिकाको कान्सास राज्यमा पर्ने कोफेभिल (Coffeyville) मा परेको असिना ४४.५ सेन्टिमिटर गोलो; भोगटे जत्रो र ७६० ग्राम (पौने केजी) गह्रुँगो थियो भन्ने अभिलेख पाइन्छ। जब आकाशका जलकणहरू अति चिसो हावा-बतास भएको ठाउँमा आइपुग्छन्, त्यहाँ असिनाका प्रारम्भिक भ्रूण (hail embryos) निर्माण हुन्छन्। धेरै पानीका कणहरू मिलेर स-साना बरफका टुक्रा र ती टुक्रा आपसमा मिलेर असिनाका दाना बन्छन्। दानाको आकार ठूलो भएपछि हावाले तिनको बोझ थाम्न सक्दैन र जमिनमा बजार्न ल्याइदिन्छ। अति उच्च भागबाट बेजोड तल झर्ने भएकाले असिनाले झ्याल, ढोका र मोटरगाडीका सीसा फुटालिदिन्छ। असिनाले लागेर मानिस, गाईवस्तु मरेका उदाहरणहरू पनि पाइन्छन्। त्यसैले हिउँ पर्दा खुल्ला ठाउँमा खेलेझैं असिना परेका बेला खुल्ला ठाउँमा खेल्न जानु मूर्खता हुन्छ।

माघ महीनाको बिहानीपखमा छानामा, पथमा तथा चउरमा चिनी छरेझैं देखिने जलकणलाई हामी तुषारो भन्दछौं। तुषारो हिउँ र असिनाजस्तो आकाशमा जमेर जमिनमा खस्ने वस्तु हैन। हावामा रहेका जलकणहरू चिसो जमिनमा ठोक्किएपछि जमेर हिमकण बन्दछन् र त्यसलाई नै हामी तुषारो भन्दछौं। तुषारो पर्ने रातमा आकाश खुल्ला हुन्छ। तारा गन्न सकिन्छ। जमिनबाट उठेर गएको न्यानोपनलाई छेक्ने बादल त्यहाँ हुँदैन। रात ज्यादै चिस्सिन थालेपछि हावामा रहेका जलवाष्पहरू जमिनमा खस्न थाल्दछन्। तापमान शून्य डिग्रीभन्दा कम भएपछि तुषारो बन्न पुग्छ चिनी छरेझैं; नत्र शीतका थोपाहरू मात्र टल्कन्छन् बिहानी सूर्यकिरणमा। तुषारो परेको बिहानीमा घाम लाग्दा पनि प्रारम्भमा न्यानो हैन, जाडो बढी हुन्छ। घाममा नै बसे पनि त्यो विचरा गरीबले अझ बढी काँप्नुपर्ने हुन्छ। किनभने तुषारो पग्लेर पानी बन्नलाई त्यसले वरपरको ताप/उर्जा (heat) खिचेर लिनुपर्ने हुन्छ। पग्लनलाई पनि त शक्ति चाहिन्छ! त्यस्तो शक्तिलाई वैज्ञानिकहरू ल्याटेन्ट हिट (latent heat) भन्दछन्। यसलाई तापक्रम नापेजस्तो थर्मोमिटरले नाप्न मिल्दैन।

पानीको प्रकृति ज्यादै अचम्मको हुन्छ। जमेर बस्दाको ठोस अवस्थाबाट पग्लेर तरल पानी बन्नलाई यसले वरपरको न्यानो सोसेर लिन्छ। त्यसैले घाम लागेर तुषारो वा हिउँ पग्लँदा बढी जाडो लाग्छ हामीलाई। तरल पानी जमेर हिउँ बन्न थाल्दा हिउँले आफ्नो न्यानोपना (latent heat) लाई वरपर छोडिदिन्छ। त्यसैले हिउँ परिरहेको बेला त्यसको अघिपछि भन्दा न्यानो अनुभव हुन्छ। पानी वाष्प बनेर उडेर जाँदा पनि आसपासको न्यानोपन (heat) लाई बोकेर लग्छ। त्यसैले भिजेको हात सुक्न लाग्दा चिसो हुन्छ। पानीको वाष्प तरल अवस्थामा फर्कने बेलामा पुनः त्यही न्यानोपन (latent heat) बाहिर ओकलिदिन्छ। यसैले; पानीको लीला अपरम्पार छ!

**समाप्त**




# मेरा प्रथम गुरु बद्रीनाथ शर्मा

**केटाकेटीहरूमा एउटा अन्तरब्रह्मा हुन्छ भन्छन्– आफूलाई माया गर्नेलाई तिनले चिनिहाल्छन् र त्यसलाई आफू पनि माया गर्न थाल्छन् रे ! त्यसै भएको हुनुपर्छ। नत्र मलाई तिनै गुरुको त्यस्तो माया किन लाग्थ्यो ? ऐले पनि सम्झन्छु– पुड्का, गोरा, सेतै फुलेका दाह्री छुसछुस हुने जैले पनि। विस्तारै हिंड्ने। पछिपछि पनि देख्थें, गैह्रीधारा, नक्सालतिर हिंडेको। खुट्टैमा ढोग्थें। आशीर्वाद दिनुहुन्थ्यो। म जैले पनि गुरु नै भन्थें। त्यसैले उहाँको नाम बद्रीनाथ शर्मा हो भन्ने थाहा पाउन मलाई धेरै वर्ष लाग्यो।**

■ **कमल दीक्षित**

मैले राम्रो गरें कि गरिनँ थाहा छैन, तर २०४० सालमा 'बिर्सेको सम्झेको' भन्ने आत्मकथात्मक निबन्धहरू लेख्ने क्रममा आफ्ना गुरु (शिक्षक, मास्टरसाहेब र प्रोफेसरसाहेब) हरूका बारेमा थुप्रै कुरा लेखेको रहेछु। त्यसरी लेख्दा कसैको तारिफ गरेको र कसैका त कुरा पनि काटेको रहेछु। तर, जे जसो लेखे पनि मैले त्यसैबेलाको केटौले मनमा लागेका कुरा नै लेखेको थिएँ, क्यै थपघट गरेको थिइनँ।

आजभन्दा ६०/७० वर्षअघिका गुरुहरू कस्ता हुन्थे र हामी विद्यार्थी कुन प्रकारका हुने गर्थ्यौं भन्ने बुझ्न मेरा ती लेखोटहरू कामलाग्दा नै होलान् भन्ने लागेर 'बिर्सेको सम्झेको' मा छापिएका मध्ये केहीलाई जस्ताको तस्तै यहाँ उद्धृत गर्ने आँट गरेको छु। तिनै कुरा आज लेखेको भए अलि भिन्नै पाराले लेखिंदो हो, अलि रसिलो पारिंदो हो, फूलजडी भरेर !

मेरो अक्षरारम्भ घरका अभिभावकले गराएनन्। गुरुबाटै मैले अक्षर सिकें, पं. बद्रीनाथबाट। उहाँको थर मलाई थाहा छैन। नाम पनि थाहा थिएन पैले त। उहाँ 'गुरु' मात्र हुनुहुन्थ्यो मेरा लागि। 'बिर्सेको सम्झेको' मा मैले उहाँका बारेमा पूरै दुई पेज लेखेको रहेछु। त्यस कितापमा मेरा अरू कुनै शिक्षकका विषयमा मैले यति लामो बेहोरा लेखेको फेला पर्दैन। मेरा दोस्रा गुरु लक्ष्मीनन्दन चालिसेका बारेमा त जम्मा १२ लाइन मात्र छन्। बद्रीनाथ गुरुबारे आफूले लेखेको कुरा ऐले पढ्दा पनि रमाइलो लाग्छ, मलाई। *शिक्षक* का पाठकहरूलाई पनि चाख लाग्ला। तल म त्यो उद्धृत गर्छु।

"'तस्वीर भएको किताप लिने कि नभएको ?' भन्नुभयो गुरुले। मैले 'तछबिल भएको' भनें। 'बाँदर भएको तस्वीर कि नभएको ?' भनेर गुरुले झन् लोभलाग्दो गरेर सोध्नुभयो। मैले 'बाँदल भएको' भनें। यो खेल गुरुलाई रमाइलो लाग्दो रहेछ। उहाँले अरू अगाडि सोध्दै जानुभयो, 'सिलोट चाहिन्छ कि चाहिंदैन ?', 'पिन्सिन चाहिन्छ कि चाहिंदैन ?' त्यति मात्र होइन; त्यसताका सिलोटमा लेख्ने पेन्सिल जापानी हुन्थ्यो क्यारे, माथि टाउकोपट्टि कुनैमा रातो कुनैमा हरियो बुट्टे कागज टाँसेको हुन्थ्यो- त्यो पनि सोधियो कुन रंगको लिने भनेर। मैले फरक रंगको भने पनि, किनेर ल्याएकै रंग मबाट भनाउनुभयो गुरुले, यसोउसो गरेर ! वास्तवमा 'मूल रामायण' को किताप, सिलोट, पेन्सिल किनेर ल्याइसक्नुभएको रहेछ गुरुले अघिल्लै दिन। श्रीपञ्चमीको दिन मेरो अक्षरारम्भ थियो। म पाँच वर्षको थिएँ, १९९१ साल। त्यस दिन गुरुले सिलोटमा पूजा गर्नुभयो। अ आ इ ई लेखेर मलाई पढाउनुभयो। अनि मैले मिठाई फलफूलहरू टपरीमा राखेर गुरुलाई खुट्टामा ढोगें।

सिलोटमा अ आ इ ई लेखेको मैले आफैंले पढिदिएँ। मैले अक्षर चिनिसकेको थिएँ। क ख ग घ पनि सबै सिकिसकेको थिएँ मैले। गुरुले नै सिकाएर। त्यो श्रीपञ्चमीका दिन त औपचारिकता मात्र पूरा गरिएको थियो- गुरु थाप्नलाई। गुरु हाम्रो घरमा पहिलेदेखि नै आइराख्ने, अरूलाई पनि पढाउने गर्नुहुन्थ्यो। सबैका गुरु। तर मलाई कताकता लाग्छ गुरुले हामी केटाकेटीहरूमा मलाई नै सबभन्दा बढ्ता माया गर्नुहुन्थो कि क्या। म पनि गुरुलाई अत्यन्त माया गर्थें। केटाकेटीहरूमा एउटा अन्तरब्रह्मा हुन्छ भन्छन्- आफूलाई माया गर्नेलाई तिनले चिनिहाल्छन् र त्यसलाई आफू पनि माया गर्न थाल्छन् रे ! त्यसै भएको हुनुपर्छ। नत्र मलाई तिनै गुरुको त्यस्तो माया किन लाग्थ्यो ? ऐले पनि सम्झन्छु- पुड्का, गोरा, सेतै फुलेका दाह्री छुसछुस हुने जैले पनि। विस्तारै हिंड्ने। पछिपछि पनि देख्थें, गैह्रीधारा, नक्सालतिर हिंडेको। खुट्टैमा ढोग्थें। आशीर्वाद दिनुहुन्थ्यो। म जैले पनि गुरु नै भन्थें। त्यसैले उहाँको नाम बद्रीनाथ शर्मा हो भन्ने थाहा पाउन मलाई धेरै वर्ष लाग्यो।

नक्सालमा वेद पढाउने एउटा सानो पाठशाला थियो, नन्दिकेश्वर बहालमा। हाम्रा गुरु त्यहाँका अध्यापक हुनुहुन्थ्यो धेरै वर्ष। त्यहीं पढाउँदा पढाउँदै रिटायर भएर स्वर्ग हुनुभएको हो दश-एघार सालतिर। उहाँकी एउटी छोरी रहिछन्; विधवा, नोतन कुमारी। पछि उनी पनि मरिछन् अनि छोरीको नामबाट एउटा मसिनु पुस्तक छपाउनुभएको थियो गुरुले, 'पतिव्रता धर्म' भन्ने १९९५ मा (मपुपु नं.१८४८)। त्यसमा पुछारमा हाम्रा गुरुका बारेमा लेखिएको थियो, छोरीकै भाकाबाट-

*'बाबू मेरा पंडितै बद्रिनाथ,*
*नक्साल् ग्राम्मा गर्छन् वेदपाठ।*
*उनकै छोरी नोतनामा कुमारी*
*मै हूँ मेरा कर्मको धर्म राखी...* ई.'

त्यो किताप गुरुले छोरीको सम्झनामा नि:शुल्क बाँड्नुभएको थियो। हाम्रो घरमा पनि, हामी केटाकेटीको पनि नाम-गन्तीले एक चाडै आएको थियो त्यो किताप, सम्झन्छु।

एउटा कुरो मेरो अक्षरारम्भको बारेमा सम्झँदा मलाई अचम्म लाग्छ। 'ठूलो वर्णमाला' आएन त्यो दिन। ठूलो मात्र किन, सानो वर्णमाला पनि पढेको छैन मैले। किन होला, गुरुलाई त्यस्ता किसिमका कुरा मन पर्दो रहेनछ कि क्या। एकदम 'मूलरामायण' को किताप आएको थियो मेरो अक्षरारम्भमा। अथवा के हुन सक्छ भने, अक्षर जति गुरुले पहिले नै सिकाइसकेको हुनाले वर्णमालाको काम नपरेको

होला। तर, कति गर्दा पनि सम्झन सकिनँ मैले- मैले अक्षर केबाट सिकें? गुरुले मलाई अक्षर कसरी चिनाउनुभयो? वर्णमाला त सम्झँदै सम्झन्न। सम्झन्छु बरु सिलोटहरू। ती सिलोटहरूको टक बसेको छ मेरो आँखामा अझसम्म पनि। कालो चिल्लो हुन्थ्यो सिलोट, साँच्चैको स्लेट पत्थर, अचेलको जस्तो टिनमा कालो रंग पोतेको होइन! काठको फ्रेम हुन्थ्यो दुई अंगुल चाक्लो। अनि चार कुनामा जोर्नी जोर्नीमा दुईपट्टि सेतो पाता ठोकेको हुन्थ्यो अल्मुनियमको- पहेंलो पित्तलका टाउका भएका 'थम-ट्याक' ले। त्यस्तो सिलोटमा गुरुले मलाई अक्षर सिकाएको हुनुपर्छ। सिलोटमा अक्षर मेट्नलाई 'हा' गरेर सासको बाफले चिस्याएर मेट्नुपर्थ्यो। हामी केटाकेटीको सासले नभ्याउने जिब्रोले चाटेर मेट्थ्यौं कोही। त्यसो गर्नु हुँदैन भनिन्थ्यो- सरस्वतीलाई थुक लगाउनुहुन्छ? भनेर सिलोटमा ढोग्न लगाउँथे। बराबर भन्दा पनि नमान्नेले कान निमोठाइ खानुपर्थ्यो। गुरुले मलाई चाहिं कान निमोठेको म सम्झन्न, मलाई बढ्ता माया गरेर हो कि म ज्ञानी भएर हो थाहा छैन। सधैंजसो काखमा राखेर पढाउनुभएकै सम्झन्छु।

हाम्रा गुरु गाँजा खानुहुन्थ्यो रे! होला! तर हामी केटाकेटीलाई के पत्तो? हामीलाई त माया गरेर पढाउनुहुन्थ्यो गुरु। त्यत्ति हो थाहा भएको कुरो। गुरुको क्लास दिउँसो लाग्थ्यो। 'ठूलो घर' मा दुई तीन थरी गुरु, माष्टरहरू आउँथे। हरेकको भिन्नाभिन्नै टाइम हुन्थ्यो। मैले अरू गुरु माष्टरहरूसँग पढ्न परेन क्यारे। म सम्झन्न। हाम्रो गुरुको क्लास चाहिं धेरैजसो कपुरको बोटको चौतारोमा हुन्थ्यो। अजङ्गको थियो त्यो कपुरको बोट। घाम अलिअलि छिर्थ्यो तल। त्यहीं छायाँमा बसेर पढ्थ्यौं हामी कराई कराई। (पृ. ४१-४३)"

यसरी मैले बद्रीनाथ गुरुका बारेमा लेखेको रहेछु ३० वर्षअघि। माथि नै भनिसकें मैले अरू कुनै गुरु या शिक्षकका बारेमा यति विस्तृत व्याख्या गरेको छैन। तर चर्चा गरेको छु। प्रशंसाका साथै कुनैलाई गिज्याएको पनि छु। *शिक्षक* ले चाहेमा बेलामौका म ती पनि पस्किँदै जानेछु त्यस्ता गुरुहरूका नालीबेली।

**sms प्रतिक्रियाका लागि ltr<space>5006**

---

# ॐ गुरवे नमः

■ **महेश्वर आचार्य**

२०६८ साल फागुनको एक दिन म कीर्तिपुर पुगें– त्रि.वि. अङ्ग्रेजी केन्द्रीय विभागमा स्नातकोत्तर तहको चारित्रिक प्रमाणपत्र लिन। मेरो चारित्रिक प्रमाणपत्रले भन्छ, म 'गुड' विद्यार्थी हुँ। स्कूल, कलेज सबैले मलाई 'गुड' देखेका छन्। कीर्तिपुरबाट ओरालो झर्दै गर्दा म भावुक भएँ।

त्यस रात केहीछिन मनखाएका शिक्षक-शिक्षिकाहरूबारे घोत्लिएँ। र; के आश्चर्यमा पुगेर अड्किएँ भने करीब २० वर्षको औपचारिक शिक्षाआर्जनको क्रममा देखेभोगेका हाराहारी १०० मध्ये जम्मा ४ जनाले मात्रै मेरो मनमा घर बनाएका रहेछन्।




## वसन्ती मिस

भनिन्छ, घर पहिलो पाठशाला हो तर घरमा मेरा शिक्षक-शिक्षिका को थिए यकिन भएन। घरपछिको पहिलो पाठशाला काठमाडौं, भोटेबहालको स्थानीय अरनिको स्कूल भयो। त्यो स्कूलमा मैले दुई वर्ष पढें। त्यस स्कूलकी वसन्ती मिसलाई अहिलेसम्म सम्झिरहेको छु। काली, हँसिली मुहारकी, हल्का बाक्लो पावरदार चस्मा लगाउने, श्रेष्ठ थरकी वसन्ती मिस विद्यार्थीलाई गर्ने मायाका लागि चिनिनुहुथ्यो। उहाँ भुराभुरीलाई कखग-एबीसी पढाउनुहुन्थ्यो। भर्खर स्कूल जाने भुराभुरीले त्योभन्दा बढ्ता के नै पो जान्नुपर्‍यो र? उहाँको बारे मैले धेरै कुरा नसके पनि एउटी मायालु शिक्षकका रूपमा उहाँलाई सम्झिरहेको छु। उहाँले स्याउँस्याउँती विद्यार्थीमाझ मलाई के नै विशेष स्नेह गर्नुभयो होला र? तर पनि २८ वर्षअघि वसन्ती मिसले गर्नुभएको मायाले मलाई उहाँको सम्झना गराइरहेको छ। वसन्ती मिसजस्तो मिस भएको स्कूलमा जान भुराभुरीलाई डरत्रास हुँदैन।

## सरिता मिस

अरनिको स्कूलमा दुई वर्ष पढिसक्दा पनि एक कक्षामा पुग्ने लक्षण नदेखिएपछि म भर्खरै खुलेको स्थानीय दीप स्कूलमा हालिएँ। वसन्ती मिसजस्तै अर्की मायालु मिस त्यहाँ भेटिनुभयो, सरिता मिस। उहाँले हामीलाई नै त पढाउनुभएन, तर उहाँको मायालुपन पाउनबाट भने हामी चुकेनौं। शायद त्यही भएर म उहाँलाई अहिले पनि श्रद्धासाथ सम्झिरहेको छु।

**बीस-बीस वर्ष औपचारिक शिक्षा लिने क्रममा पढिएका करीब १०० जनामा जम्मा ४ जना शिक्षक मात्र चिरस्मरणीय भएका छन्। अन्य सबै शिक्षक-शिक्षिका अगतिला थिए भन्ने कुरो पनि होइन। तर केटीकेटी छँदा जसले माया गरे, जसले स्नेह गरे ती प्रिय भए। अलि ठूलो भएपछि जसले हृदयमा ज्ञानको हुटहुटी चलाइदिए तिनै प्रिय लागे।**

झोंछेतिरकी नेवार समुदायकी सरिता मिसको स्वर तीखो थियो र शरीर पातलो। तीनताक उहाँ अविवाहित हुनुहुन्थ्यो। उहाँले ढिलै बिहा गर्नुभयो। वसन्ती मिसले जस्तै उहाँले मलाई विशेष स्नेह गर्नुभएको होइन। यद्यपि उहाँ मायालु शिक्षिकाका रूपमा हामी विद्यार्थीहरूमाझ प्रसिद्ध हुनुहुन्थ्यो। उहाँको त्यो प्रसिद्धि हामीलाई उहाँले गर्ने मायाकै कारण फैलिएको हो। उहाँ विद्यार्थीहरूलाई पिटपाट नगर्ने, माया गर्ने खालकी हुनुहुन्थ्यो। हामीलाई 'तिमी' भनेर बोलाउनुहुन्थ्यो, आम-सरमिसले भन्ने 'तँ' विपरीत। उहाँ सोझी पनि हुनुहुन्थ्यो। कति सोझी भने छालाले मोरेको भकुन्डोभित्रको फुटेको सुन्तले टयुबलाई पनि सियोले सिउने !

एकपटक बिहान नौ-सबा नौतिर स्कूल पुगेर हामी भकुन्डो खेल्दै थियौं। भकुन्डो उछिट्टिएर सडकमा पुग्यो। सडकमा गुडिरहेको टयाक्सीको चक्काले भकुन्डोलाई कुल्च्यो। भकुन्डो फुट्यो। फुटेको भकुन्डो लिएर हामी डराई-डराई स्कूलको माथ्लो तलामा गयौं। हामी डराएको देखेर सरिता मिस पनि डराउनुभयो। हेडसरको गाली खाइने डर उहाँलाई पनि भयो होला। उहाँले भकुन्डोको टयुब सियोधागोले सिइदिनुभयो। मलाई द्विविधा पऱ्यो। हैन, फुटेको टयुबलाई धागोले सिएर हावा अडिन्छ के?

आज त्यो स्कूल छोडेको २५ वर्षपछि पनि म सरिता मिसलाई सम्झिरहेको छु, एउटी मायालु ठूल्दिदीका रूपमा।

## दीपक सर

समयक्रममा ११ वर्षको हुँदा भानुभक्त मेमोरियल स्कूल, पानीपोखरी पुगें। कक्षा ५ मा हामीलाई नेपाली पढाउन आउनुभयो दीपक सर। म कुनै उम्दा विद्यार्थी थिइनँ, तर उहाँको विषय नेपालीमा भने ठीकठीकै थिएँ।

उहाँ शायद कीर्तिपुरमा एमएड पढ्दै हुनुहुन्थ्यो। हामीलाई फेनल बोर्ड, विविध चित्र, आकृतिहरू लगायतका प्रयोगात्मक सामग्री ल्याएर पढाउने गर्नुहुन्थ्यो। उहाँ विद्यार्थीलाई पिटपाट नगर्ने, माया गर्ने कोमल हृदयको सरका रूपमा परिचित हुनुहुन्थ्यो। उहाँको व्यवहार पनि राम्रो लाग्थ्यो हामीलाई। पाँच कक्षामै पढाउने कतिपय सर हामीलाई त्राहि त्राहि पार्थे। विज्ञान पढाउने खड्का सर त्रासका पोका नै थिए। उता दीपक सर भने मरुभूमिका छहारी सरह। उहाँसँग भानुभक्त मेमोरियलमा २०४४ साल फागुनदेखि २०४५ साल पुससम्म एक शैक्षिक सत्र कक्षा पाँचको नेपाली पढियो। उहाँको प्रभाव दिमागमा नमेटिने गरी बसेको छ। एउटा मायालु शिक्षकका रूपमा।

## रमेश सर

स्कूले जीवनपछिको क्याम्पसे जीवन करीब नौ वर्ष लम्बियो। करीब ६० जना शिक्षक-शिक्षिकासँग पढियो होला, तर एक जना मात्र स्मृतिमा छन्, रमेश शर्मा। रमेश सर रत्नराज्य कलेजमा आइए र बीएको ऐच्छिक अङ्ग्रेजी पढाउँथे। मैले उनलाई सम्झनुको कारण हो, उनी भाउ खोज्दैनथे र इमानदार हुने प्रयास गर्थे। कालान्तरमा उनी उमेर खाएको साथीझैं भए।

'आधुनिक शिक्षक' शीर्षक प्रबन्धमा इन्द्रबहादुर राईले सन् १९५० मै लेखेका थिए– जहाँ पुराना शिक्षक गुरु शिष्यहरूदेखि सत्कार माग्छन्, अलग्ग बस्छन्, आफ्ना व्यक्तिगत कुराको शिरपुच्छर छोप्छन्, आधुनिक शिक्षक खुला छ, केवल केटाहरूको खुला मन र सच्चाइ खोज्छ, मिसिन्छ। ऊ भन्छ, 'म लुकाउँदिनँ। मेरो विषयमा जे-जति साँचो छ जसले पनि जानोस्।' राईको आधुनिक शिक्षकको छनक दिने रमेश सर सोधेको कुरा नजानेको, थाहा नपाएको छ भने, 'खोइ थाहा छैन' भन्थे।

कालान्तरमा रमेश सर अङ्ग्रेजी दैनिकमा समाचार लेख्ने काम गर्न थाले। म पनि पत्रकारिता पढ्ने भएकाले उनीसँग आफ्नो लेखाइ जँचाइमाग्न उनको संसर्गमा गइरहन्थें। उनी हामीलाई लेखपढ गर्न हौस्याइरहन्थे। धरणीधर बाजेले 'गरी काव्य सुधा-रस पान अरे/गर मानव-जीवन सार्थक रे' भनेझैं रमेश सर हामीलाई साहित्य रसपान गर्न हौस्याइरहन्थे।

कवि विलियम बट्लर यिट्सको उक्ति- 'शिक्षा भनेको बाल्टिन भरेजस्तो होइन, आगो सल्काएजस्तो हो।' रमेश सरमा विद्यार्थीको मस्तिष्कमा ज्ञानको आगो दन्काउने क्षमता थियो। यो संसारमा मास्टरले सबै कुरा जान्दैन र मास्टरले भाउ खोज्दैन भन्ने कुराको लागि म उनलाई सम्झिरहेको छु।

अहिले म आफैं मास्टर भएको छु। मलाई विद्यार्थीहरूले कुन रूपमा लिन्छन् थाहा छैन। खगेन्द्र संग्रौलाले *'एउटा मास्टरको बकपत्र'* मा लेखेका छन्- 'मलाई हजारौं केटाकेटीले वर्षौंसम्म एकै ठाउँमा एक टकले हेरेका छन्। म कल्पना गर्छु त्यसरी मलाई हेर्दाहेर्दा तिनको मानसपटलमा स्मृतिको गाढा रंगले अंकित भएको मेरो बिम्ब कस्तो होला? हवल्दारजस्तो? जब यस्तो अप्रिय प्रश्न मेरो मनमा उब्जिन्छ, म सधैं झस्किन्छु।'

म पनि बेला बेला झस्किन्छु, दश वा बीस वर्षपछि मेरा विद्यार्थीले मबारे के सोच्लान्? कतै म हृदयचन्द्र सिंह प्रधानको 'खैराती मास्टर' त भइरहेको छैन? तर भन्नैपर्ने एउटा सत्य के हो भने, मेरा आम शिक्षक साथीहरूझैं म पनि पैसाको लागि पढाउँछु। जगत नै पैसामुखी हुँदै गएको छ। यस्तो अवस्थामा वर्षभरि मनाइने अरू पूर्णिमाको के महत्त्व हुन्छ कुन्नि; गुरुपूर्णिमाको महत्त्व भने दिन पर दिन घट्दै गइरहेझैं लाग्छ। देवकोटा बाजेले 'भलाद्मी' शीर्षकको प्रबन्धमा ऊबेलै लखेका थिए, 'पंडित र गुरु भन्ने लबजमा केही फिक्कापन चढ्न लागेको छ।'

म कल्पन्छु, त्यो फिक्कापन अहिले खुइलिएर सेतो मात्र होइन खैरै भइसकेन र? मलाई वसन्ती मिस, सरिता मिस, दीपक सर किन राम्रा लागे भने उहाँहरूको मायालुपनले गर्दा राम्रा लागे। एउटा भुरो आखिर शिक्षक-शिक्षिकाको मायामा लुटपुटिने रहेछ। मैले उहाँहरूबाट विद्यार्थीहरूसँग मायालु हुनुपर्छ भन्ने सिकें। रमेश सर इमानदार थिए, मैले पनि इमानदार हुनुपर्छ भन्ने सिकें। बीस-बीस वर्ष औपचारिक शिक्षा लिने क्रममा पढिएका करीब १०० जनामा जम्मा ४ जना मात्र चिरस्मरणीय भएका छन्। एक-दुई अपवाद बाहेक अन्य शिक्षक-शिक्षिका अगतिला थिए भन्ने कुरो पनि होइन। तर केटीकेटी छँदा जसले माया गरे, जसले स्नेह गरे ती प्रिय भए। अलि ठूलो भएपछि जसले हृदयमा ज्ञानको हुटहुटी चलाइदिए तिनै प्रिय लागे। जसलाई सम्झँदा मात्र पनि शीतल अनुभव हुन्छ।

गुरु माझी हो। उसले नदी तार्ने काम गर्छ। विद्यार्थी यात्री हो, ऊ संसार घुम्न निस्कन्छ। माझीले तारिदिने भएकाले नै यात्रीको संसार यात्रा सम्भव हुने हो। ॐ गुरवे नमः।

**sms प्रतिक्रियाका लागि ltr<space>5006**

# विशेष आर्थिक क्षेत्र सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०६५

## १. उद्देश्य र कारण

विशेष आर्थिक क्षेत्रको अवधारणाले तोकिएको कुनै क्षेत्रमा विशेष रूपमा कर छुट, सुविधासम्पन्न भौतिक पूर्वाधारको निर्माण, एकद्वार प्रणालीद्वारा आवश्यक प्रक्रियागत सेवा प्रदान गर्ने व्यवस्था तथा पूर्णत: निर्यातमूलक उद्योग स्थापना गरेर देशमा प्रत्यक्ष विदेशी लगानी तथा आधुनिक र उपयुक्त उत्पादन प्रविधि भित्र्याउने प्रयासलाई बुझाउँछ। यस्ता क्षेत्र भौगोलिक क्षेत्रफलका हिसाबले साना-ठूला जस्ता पनि हुनसक्छन्। यसमा पूर्ण रूपमा विदेशी स्वामित्वका देखि लिएर संयुक्त लगानीका समेत उद्योग-व्यवसायहरू स्थापना हुनसक्छन्।

अन्य मुलुकका विशेष आर्थिक क्षेत्रमा विभिन्न उत्पादनशील उद्योग, पर्यटन उद्योग, मनोरञ्जन उद्योग, ब्याङ्किङ व्यवसाय लगायतका कारोबार हुने गरेको पाइन्छ। कतिपय विशेष आर्थिक क्षेत्रमा माथि उल्लेख भएका सबै किसिमका व्यवसायहरू सञ्चालन भएका पाइन्छन् भने कतिपय विशेष आर्थिक क्षेत्र एउटै मात्र व्यवसाय वा केही सीमित व्यवसायको लागि मात्रै पनि तोकिएको भेटिन्छ। चीन, भारत लगायत एशियाका अधिकांश नवोदित अर्थ-व्यवस्थाहरूले विशेष आर्थिक क्षेत्रलाई विकासको एउटा नयाँ सम्वाहकको रूपमा प्रयोग गरेका छन्।

विशेष आर्थिक क्षेत्र स्थापना गरी त्यस्ता क्षेत्रहरूमा स्थापना हुने उद्योगहरूलाई विशेष सुविधा र सहुलियत प्रदान गरी औद्योगिकीकरणमार्फत मुलुकको सामाजिक एवं आर्थिक विकासको गतिलाई टेवा पुऱ्याउने उद्देश्यले यो विधेयक प्रस्तुत गरिनु उत्साहको कुरा हो।

## २. प्रत्यायोजित व्यवस्था

यस विधेयकमा प्रत्यायोजित व्यवस्थापन सम्बन्धी प्रावधानको विश्लेषण गर्दा ऐनका कुल ५४ दफामध्ये १७ वटा प्रावधानमा 'तोकिएको वा तोकिए बमोजिम हुनेछ' भन्ने रहेको छ। नेपालमा यसअघि विशेष आर्थिक क्षेत्रको कुनै व्यवस्था नभएको र केही वर्षअघिसम्म पनि यो एउटा नौलो विषय भएको तथा अन्य आर्थिक, औद्योगिक ऐन, नियमहरूमा यससम्बन्धी कुनै प्रावधान रहेका छैनन्। यो एउटा नयाँ अवधारणाको रूपमा आउन लागेको विधेयक भएको र यसको कार्यान्ययनको क्रममा आउने मुख्य-मुख्य व्यावहारिक विषयमा बेलैमा निर्णय गर्नुपर्ने अवस्था सृजना हुनसक्ने हुनाले नेपाल सरकारले नियममार्फत तोक्नसक्ने व्यवस्था व्यावहारिक दृष्टिले उपयुक्त हुनसक्दछ। तर यसले ऐनका प्रावधानहरूलाई ज्यादै बढी कार्यकारी निर्णयबाट प्रभावित हुने प्रावधानको रूपमा पनि चित्रित गर्न सक्दछ।

लगानीकर्ता र सरकारका निकायहरू अर्थात् दुवै पक्षलाई आवश्यक पर्ने सुस्पष्टता र स्थिर लगानी वातावरण तयार पार्न यी प्रावधानहरूलाई यथासम्भव परिभाषित गरिनुपर्ने आवश्यकता रहेको छ।

## ३. प्रस्तावना

विशेष आर्थिक क्षेत्रको स्थापना गर्नुको उद्देश्य औद्योगिकीकरणको प्रक्रिया बढाउनु मात्रै नभएर निर्यात प्रवर्द्धन गर्नु पनि रहेको हुन्छ। यस क्षेत्रमा हुने लगानीको मुख्य उद्देश्य नै निर्यात गर्नु रहने हुनाले प्रस्तावनामा 'निर्यात प्रवर्द्धन' पनि थप्नु आवश्यक छ।

## ४. उद्योगको सूची तयार गर्ने (दफा ५)

विशेष आर्थिक क्षेत्रमा स्थापना गर्न सकिने वा नसकिने उद्योगको सूची तयार गर्ने सम्बन्धमा दुई किसिमको मत रहने गरेको पाइन्छ। एउटा, विशेष आर्थिक क्षेत्र प्राधिकरणले आफैंले उद्योगको सूची तयार गर्ने र समय समयमा अद्यावधिक गर्दै लैजाने। दोस्रो, देशमा विद्यमान ऐन, नियम, आर्थिक, सामाजिक, वातावरणीय लगायत विविध कारणले उद्योग स्थापना गर्न नसकिने सूची प्राधिकरणले तयार गर्ने तथा बाँकीको हकमा खुला गरिने। हाल मुलुकमा विद्यमान औद्योगिक वातावरण हेर्दा दोस्रो किसिमको (नकारात्मक सूची) व्यवस्था गर्दा अरू खुला भएका तर विशेष क्षेत्रको सीमितता आदि कारणले सबैलाई सम्भाव्य मात्र सकिने अवस्था पनि रहेको देखिंदैन। तसर्थ प्राधिकरणले समयसमयमा मुलुकको विद्यमान आर्थिक र औद्योगिक स्थितिहरू अध्ययन गरी विस्तृत सूची तयार पारी लगानीको वातावरणलाई बढावा दिनुपर्दछ। तर, दफा ७ को उपदफा ३, र ८ मा सम्भावित लगानीकर्ताले नै सूची बाहेकको पनि उद्योगको प्रस्ताव ल्याउन सक्ने र त्यसले उपयुक्तताको आधारमा सूचीमा पार्न वा सूचीमा परेको सरह व्यवहार गर्न पाउने सिद्धान्त अँगालेको देखिन्छ। यो सिद्धान्तले विशेष आर्थिक क्षेत्रमा स्थापना हुन सक्ने उद्योगको सूचीमा अत्यन्त बढी लचकता अपनाएको देखाउँछ। तसर्थ प्राधिकरणले यस प्रकारले सूचीको लचकतालाई खुल्ला गर्नुभन्दा पनि उक्त क्षेत्रको स्थापना गर्दा देखिएको सम्भावनालाई सूचीमा पाँच वर्षसम्म परिवर्तन गर्नु व्यावहारिक देखिंदैन। तसर्थ सूचीको विषयमा पाँच-पाँच वर्षमा पुनरावलोकन गर्ने नीति ऐनमा राखिनु उपयुक्त हुन्छ।

## ५. इजाजतपत्र सम्बन्धी व्यवस्था (दफा ७)

दफा ७ को उपदफा (८) मा विशेष आर्थिक क्षेत्रमा उपलब्ध हुने सेवा तथा सुविधाबाट आकर्षित भएर त्यस क्षेत्रभन्दा बाहिर स्थापना भएका उद्योगहरू पनि स्थानान्तरणको लागि इच्छुक हुने सम्भावना रहन्छ। त्यसबाट विशेष आर्थिक क्षेत्र खोल्नुको उपादेयतामा प्रश्नचिन्ह खडा हुन जाने हुनाले आन्तरिक स्थानान्तरणलाई निरुत्साहित पार्ने सिद्धान्त अवलम्वन गरेको देखिन्छ। तर दफा ७ को उपदफा (१०) मा 'नेपाल सरकारले तोकेको कुनै खास प्रकारको उद्योग' भन्ने वाक्यांशले सरकारले केही स्वविवेकीय अधिकार राख्न खोजेको देखिन्छ। यसरी राख्दा विभिन्न उद्योगहरूले आफूलाई विशेष प्रकारको भनेर व्याख्या गरिरहने अवस्था रहन्छ। तसर्थ 'तोकेको विशेष प्रकारलाई' मुलुकको समग्र आर्थिक, औद्योगिक स्थितिको अध्ययन गरी परिभाषित गर्नु उपयुक्त हुन्छ। उदाहरणको लागि ऊनी गलैंचा, पश्मिना, तयारी पोशाक, जडीबुटी प्रशोधन आदि। दफा ७ को उपदफा (४) मा वातावरणीय परीक्षण वा वातावरणीय प्रभावको मूल्यांकनमा लाग्ने गरेको लामो समयलाई छोट्याउने प्रयास गरिएको छ। विशेष आर्थिक क्षेत्र स्थापना गर्दा नै वातावरणीय मूल्यांकन गरिएको हुन्छ। यसमा स्थापना हुने उद्योगहरूको सूची तयार गर्दा पनि यस कुरालाई ध्यान दिइएको हुन्छ। तथापि उद्योगको प्रस्तावमा उल्लेख हुने कुरा उद्योग विशेषमा भर पर्ने भएको हुँदा यसको वातावरणीय परीक्षण वा प्रभाव मूल्यांकन गर्नु आवश्यक हुन्छ। प्राधिकरणले नै उक्त काम गर्दा प्रक्रियामा सरलता आउँछ। यसको लागि उपदफा (४) को पहिलो हरफमा "वातावरण संरक्षण ऐन २०५३, वातावरण

संरक्षण नियमावली २०५४ मा राखिएको प्रावधान अनुसार गरेको मूल्यांकनको आधारमा" भन्ने वाक्यांश थप्नुपर्ने।

### ६. निकासी गर्नुपर्ने (दफा ११)

हाम्रो जस्तो उत्पादन कम भएको अधिकांश मुलुकसित व्यापार घाटा भएको अवस्थामा विशेष आर्थिक क्षेत्र जस्तो सुविधासम्पन्न खर्चिलो प्रयासबाट उत्पादन भएको वस्तुहरूको २५ प्रतिशतसम्म आन्तरिक बजारमा जान अनुमति दिएमा विशेष आर्थिक क्षेत्रको स्थापनाको उद्देश्य पूरा नहुने तथा क्षेत्रभन्दा बाहिरका उद्योगहरूलाई नकारात्मक असर पर्न हुन्छ। तसर्थ यस किसिमको छुट १० प्रतिशत मात्रै कायम गरिनुपर्दछ। साथै यसरी आन्तरिक बजारमा बिक्री गर्न छुट दिइएको वस्तु वा सेवाको प्रतिशत बराबरको उत्पादनमा यस ऐनले दिएको कर सुविधा उपलब्ध हुने छैन भनेर दफा ११ दफा ४ को रूपमा स्पष्ट रूपमा उल्लेख गर्नु आवश्यक छ। अन्यथा यसले अन्य उद्योग र आन्तरिक बजारमा अस्वस्थ स्थिति सृजना हुन जान्छ।

### ७. विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले पाउने सहुलियत सम्बन्धी व्यवस्था– परिच्छेद–६

विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले पाउने सहुलियत सम्बन्धमा दफा ३४ सम्म विविध किसिमका व्यवस्थाहरू गरिएका छन्। यस्तो व्यवस्था गरिनुको मुख्य उद्देश्य विदेशी लगानी तथा प्रविधि आकर्षित गर्नु, निर्यात प्रवर्द्धन गर्नु तथा मुलुकभित्र त्यस उद्योगका प्रविधिहरू विस्तार गर्नु तथा जनशक्तिको दक्षतामा वृद्धि गरिनु रहेको छ। नेपालमा लगानी गर्न चाहने उद्यमीहरूको अधिकांश गुनासो विद्यमान ऐन नियममा लगातार परिवर्तन भइरहने प्रवृत्ति रहने गरेको छ। विशेष गरेर, कर तथा दस्तुर सम्बन्धमा अक्सर प्रत्येक वर्ष आर्थिक ऐन नियमहरूको परिवर्तनले फरक पार्ने गरेकोले स्थिर र दिगो आर्थिक नीति र दृष्टिकोण नरहेको देखिन्छ। विशेष आर्थिक क्षेत्रको लगानी प्रथमत: विदेशी बजारलाई दृष्टिगत गरेर गरिने सन्दर्भमा आन्तरिक रूपमा हुने कर वा सुविधाको अनिश्चितताले कठिन अवस्था सृजना हुन जान्छ। तसर्थ, यस ऐनमा गरिएका प्रावधानलाई स्थिरता दिन नीतिनिर्माताहरूले प्रतिबद्ध हुनुपर्दछ तथा अन्य ऐनहरूमार्फत यसका प्रावधानहरूलाई संशोधन गरी प्रतिकूल वातावरण सृजना हुने/नहुनेतर्फ आश्वस्त गराउनुपर्दछ।

### ८. कामदार तथा कर्मचारी सम्बन्धी व्यवस्था– परिच्छेद–७

विशेष आर्थिक क्षेत्रमा हुने वस्तु तथा सेवा उत्पादन अन्तर्राष्ट्रियस्तरमा कारोबारसित सम्बन्धित हुने हुँदा उत्पादनको स्तर, आपूर्तिको समय तथा कामदारहरूको सेवा सहुलियत जस्ता विषयमा अत्यन्त चनाखो रहनुपर्दछ। यसको लागि अधिकांश क्रेताहरूले अन्तर्राष्ट्रियस्तरकै मापदण्ड खोज्ने तथा उत्पादकहरूले पनि सोही अनुसार यी विषयहरूलाई व्यवस्थित गर्ने प्रयास गरेका हुन्छन्। तसर्थ यस परिच्छेदमा भएका प्रावधानहरूलाई लागू गराउनतर्फ सबै पक्ष प्रतिबद्ध हुनु आवश्यक देखिन्छ। यस प्रयोजनको लागि दफा ५३ मा गरिएको प्रावधानको उचित प्रयोग गरिनुपर्दछ।

आज विश्व अर्थतन्त्रको परिदृश्यमा निर्यात व्यापार नै अर्थतन्त्रको वृद्धिको आधार रहने गरेको सन्दर्भमा यो विधेयक धेरै ढिलो भए पनि आएको छ। तर यसलाई विद्यमान अन्य आर्थिक नीतिहरूसँग तालमेल मिलाएर लैजानु आवश्यक छ। विशेष आर्थिक क्षेत्र प्रत्यक्षत: अन्तर्राष्ट्रिय व्यापारसित सम्बन्धित हुने भएकोले यसमा मजदुर हकहित तथा लगानीकर्ताको सुविधाको बीचमा सामञ्जस्य हुनु आवश्यक रहन्छ। यसमा प्रस्तुत गरिएको प्रावधानले कामदारहरूको हकको संरक्षण भएको छ कि छैन? निजी क्षेत्रबाट पनि विशेष आर्थिक क्षेत्रको पूर्वाधारको संरचनाको विकास, व्यवस्थापन र सञ्चालन गराउन सक्ने प्रावधान उपयुक्त रहेको छ। प्रत्यायोजित व्यवस्थापन सम्बन्धी प्रावधानको संख्या धेरै रहेको हुँदा सरकारको नियन्त्रणमा धेरै कुरा रहने ऐनका प्रावधान अस्थिर देखिने सम्भावना रहने हुनाले यसलाई यथासम्भव कम गरिनुपर्ने धारणा व्यक्त भएको थियो। इजाजतपत्रवाला उद्योग वा व्यवसायले उत्पादन गर्ने वस्तु तथा सेवाको प्रतिशतको विषयमा चासो रहेको थियो। धेरै प्रतिशतसम्म आन्तरिक बजारमा बिक्री गर्दा अन्य क्षेत्रभन्दा बाहिरका उद्यम वा व्यवसायलाई दवाव पर्ने तथा बजारमा विकृति पैदा हुने धारणा व्यक्त भएको थियो। विभिन्न करमा छुट तथा प्रदान गरिने अन्य सुविधाहरूको सम्बन्धमा यसलाई प्रभावकारी बनाउनुपर्ने तथा विदेशी लगानीकर्ताको संवेदनशीलतालाई पूरै ध्यानमा राख्नुपर्ने आवश्यकतामा जोड दिइएको थियो। महिला कामदारहरूको सम्बन्धमा केही सकारात्मक कुराहरू भए पनि महिला कामदारको हकमा विशेष उल्लेख हुनु आवश्यक रहेको भन्ने प्रतिक्रिया विज्ञहरूको रहेको थियो। श्रमिकहरू उत्पादन प्रक्रियाको महत्त्वपूर्ण हिस्सा भएको हुनाले संचालक समितिमा प्रतिनिधित्व हुनुपर्ने पनि केही टिप्पणीकारको धारणा रहेको थियो। विशेष आर्थिक क्षेत्र स्थापना भएपछि स्थानीय जनतालाई के फाइदा हुन्छ, यसतर्फ ध्यान पुऱ्याउनुपर्दछ भन्ने धारणा पनि व्यक्त भएको थियो।

संघीयतातर्फ अगाडि बढिरहेको अवस्थामा यस अवधारणाको के भविष्य हुन्छ भन्ने पनि प्रश्न उठेको थियो। विद्यमान उद्योगको स्थानान्तरणको प्रावधान रहनुपर्छ/पर्दैन भन्ने विषयमा पनि रायहरू आएका थिए। स्वदेशी लगानीले स्थान पाउँछ कि पाउँदैन भन्ने प्रश्न पनि उठेको थियो। यसरी उठेका विविध प्रश्न तथा प्रतिक्रियाको कतिपय उत्तर माथि प्रस्तुत गरिएको विश्लेषणमा भई नै सकेको छ। तथापि, केही कुरालाई अरू स्पष्ट पार्नु जरुरी छ। सेवा वा वस्तु उत्पादन प्रक्रियामा श्रमिकहरूको महत्त्वपूर्ण भूमिका हुने हुँदा श्रमिक वर्गको हकहितको बारेमा सजग हुनु आवश्यक हुन्छ। विशेष आर्थिक क्षेत्रको उत्पादन मुख्यत: निर्यातको प्रयोजनको लागि हुने भएकोले श्रमिकहरूको पारिश्रमिकहरूको निर्धारणमा पनि विशेष ध्यान पुऱ्याइएको हुन्छ। अन्तर्राष्ट्रिय व्यापारमा संलग्न क्रेता र विक्रेता दुवै नै उपयुक्त श्रमिक नीतिको पक्षपाती हुने गर्दछन्। तसर्थ यो अपेक्षा गरिन्छ कि उपयुक्त पारिश्रमिक र सुविधाहरू व्यवस्थापन र श्रमिकको बीच विवादको विषय विशेष आर्थिक क्षेत्रमा रहँदैन। साथै अन्तर्राष्ट्रिय व्यापारमा समयबद्ध उत्पादन योजना रहेको हुन्छ, यसमा व्यवधान भएमा उद्योगले साह्रै ठूलो क्षति उठाउनुपर्ने सम्भावना रहन्छ। तसर्थ सुमधुर श्रम सम्बन्ध रहनु विशेष आर्थिक क्षेत्रमा अपरिहार्य हुन्छ। तसर्थ यसमा न्यूनतम पारिश्रमिक प्राधिकरणले तोक्ने तथा सम्पूर्ण सुविधाहरू करार बमोजिम हुने, सुविधाहरू उद्योगले नै निर्धारण गर्ने तथा गुनासो उत्पन्न भएमा गुनासो व्यवस्थापन समितिको व्यवस्था जस्ता प्रावधानले विशेष आर्थिक क्षेत्रको वर्तमान विधेयकमा सुमधुर श्रम सम्बन्ध कायम हुने अपेक्षा राखेको देखिन्छ। विशेष आर्थिक क्षेत्रको सञ्चालक समितिमा श्रम मन्त्रालयको प्रतिनिधित्व भएको हुँदा श्रमिकको हितको सम्बन्धमा कुनै प्रतिकूल अवस्था नआउने कुरामा श्रमिक विश्वस्त हुने अपेक्षा गरिएको देखिन्छ। 📖

*[*]पूर्वसचिव निरञ्जन बरालद्वारा नेपाल कन्स्टिट्युसन फाउण्डेसनका लागि तयार गरिएको यो अनुसन्धान तथा सुझावपत्रलाई महिला, जनजाति, दलित, मधेशी, युवा तथा सम्बन्धित क्षेत्रका अन्य दबाव समूहहरूको इनपुटका आधारमा अन्तिम रूप दिइएको छ। यस सम्बन्धमा यो फाउण्डेसन प्रा. आमुदा श्रेष्ठ, डा. हरिशरण चक्कु, सम्बोजन लिम्बु, डा. श्रीकृष्ण श्रेष्ठ, गोपी विश्वकर्मा, शान्तमान तामाङ, किरण गुप्ता, भरत गौतम, डा. भीम न्यौपाने, सन्तोष राई, ज्ञान शाक्य, के.पी. पाण्डे, डा. चिरञ्जीवी नेपाल, रुद्र पाठक, रमेश बडाल लगायत फुर्पा तामाङ तथा डा. विपिन अधिकारी समेतप्रति आभार व्यक्त गर्दछ।*

*यो अध्ययन एसिया फाउन्डेसनको सहयोगमा गरिएको हो तर यसमा व्यक्त विचारहरू सम्बद्ध लेखकका हुन्। तिनले फाउन्डेसनको विचार र दृष्टिकोणलाई प्रतिनिधित्व गर्दैनन्।*

# शिक्षकको अपेक्षाले प्रभाव पार्छ

– एलिक्स स्पिगेल



हार्वर्ड विश्वविद्यालयका प्रोफेसर रबर्ट रोसेन्थल (Robert Rosenthal) ले दक्षिण सान फ्रान्सिसको (संयुक्त राज्य अमेरिका) को एउटा प्राथमिक विद्यालयमा एउटा गजबको अनुसन्धान गरे। उक्त अनुसन्धानको विषय थियो, शिक्षकले कक्षाका कुनै विद्यार्थीलाई 'तिमी सफल हुन सक्छौ' भनेर विशेष जोड दिंदा वा हौस्याउँदा त्यसको परिणाम के हुन्छ भनेर हेर्नु थियो। प्रोफेसर रोसेन्थलले विद्यार्थीको एउटा सामान्य आईक्यू परीक्षा लिए। तर उनले त्यहाँका शिक्षकलाई चाहिं "यो अद्वितीय आईक्यू क्षमता भएका र भविष्यमा साँच्चै नै केही गर्न सक्ने बालबालिका छान्नका लागि हार्वर्डले विकास गरेको विशेष परीक्षण पद्धति हो" भनेका थिए। परीक्षापछि सामान्य तरिकाले र्‍याण्डम्ली केही विद्यार्थी छाने। उनले ती विद्यार्थीलाई अरू विद्यार्थीसँगै राखे। अरू केहीमा फरक पनि गरेनन्। तर शिक्षकलाई भने 'यी मैले छनोट गरेका बालबालिका विशेष क्षमता सम्पन्न छन्; चाँडै नै उनीहरूले विशिष्ट उपलब्धि हासिल गर्ने छन्' भनिदिए। प्रो. रोसेन्थलले त्यसपछिका दुई वर्षसम्म ती विद्यार्थीको निरन्तर अनुगमन गरे। प्रोफेसरले त्यहाँका शिक्षकहरूमा जगाइदिएको अपेक्षाले साँच्चै नै काम गर्‍यो। उनले छानेका विद्यार्थीको आईक्यूमा एकदमै ठूलो अन्तर आयो।

"यो जादू होइन, मनका कुरा बुझ्ने कला पनि होइन",

## अपेक्षाले *आईक्यू* कसरी बढाउँछ त ?

थप अध्ययनको क्रममा प्रोफेसर रोसेन्थलले के पत्ता लगाए भने जुन जुन विद्यार्थीसँग अपेक्षा बढेको हुन्छ, तिनीहरूसँग शिक्षकको अन्तरक्रिया एकदमै बढेर जान्छ। शिक्षकले त्यस्ता विद्यार्थीलाई बढी प्रश्न गर्छन्, उत्तर दिने अवसर बढी दिन्छन्, बढी प्रतिक्रिया दिन्छन्, उनीहरूका मुखमा हेरे मुस्काउँछन् र बढी आत्मीयता झल्काउँछन्।

यो अनुसन्धानको प्रयोग हुने एकदमै उपयुक्त पात्र भनेका समस्याग्रस्त बालबालिका हुन्। अनुसन्धाता रबर्ट पियन्टा (Robert Pianta) ले समस्याग्रस्त बालबालिकाप्रतिको व्यवहार फेर्न शिक्षकहरूलाई निम्न उपाय सुझाएका छन्।

१. **अवलोकन गर्ने**: उनीहरू साथीसित कसरी बस्छन्, कसरी खेल्छन् र उनीहरूमा के-कस्ता क्षमताहरू छन् भन्ने कुरा पत्ता लगाउने।
२. **सुन्ने**: उनीहरूका कुरा सुन्ने, बुझ्ने प्रयास गर्ने, जसबाट विभिन्न विषयसित सम्बन्धित उनीहरूका भावना र विचारसित परिचित हुने मौका पाइन्छ।
३. **हेलमेल गर्ने**: उनीहरूसित बसेर उनीहरूका कुरा ध्यानपूर्वक सुन्ने। त्यसमा आफ्नो विचार वा सुझाव भने नदिने।
४. **प्रयोगशील रहने**: अप्ठ्यारो व्यवहार गर्ने वा समस्याग्रस्त बालबालिकाका कुरामा कसरी प्रतिक्रिया दिंदा कस्तो प्रभाव पर्छ भन्ने कुरामा राम्रो विचार राख्ने। उनीहरूको अप्ठ्यारो व्यवहार तपाईंको ध्यान तान्ने उपाय मात्र पनि हुनसक्छ।
५. **भेटघाट गर्ने**: हप्ताको एकपटक त्यस्ता विद्यार्थीहरूसित कक्षाकोठा बाहिर भेट्ने। उनीहरूलाई केही नसिकाई, कुनै अर्ति बुद्धि नदिई साथीजस्तो भएर उनीहरूसित खेल्ने। यस्ता गतिविधिबाट विद्यार्थी र शिक्षकको सम्बन्ध प्रगाढ पार्न मद्दत पुग्छ।
६. **थाहा पाउने**: विद्यार्थीहरू के खेल्छन्, उनीहरूका रुचि के छन् जस्ता कुरा थाहा पाउने र उनीहरूलाई मनपर्ने खालका काममा मद्दत गर्ने। यसो गर्नाले तपाईं हामी पनि उनीहरूकै नजरले संसारलाई हेर्न सक्ने हुन्छौं।
७. **सम्झने**: तपाईंका आफ्नै सबभन्दा राम्रा र नराम्रा शिक्षक, हाकिम आदिलाई सम्झने। उनीहरूका बारेमा पाँच-पाँच शब्दमा केही लेख्ने। उनीहरू तपाईंलाई किन मन पर्थे र किन मन पर्दैनथे भन्ने कुरा बुझ्ने र आफ्ना विद्यार्थीले आफूलाई कसरी मूल्याङ्कन गर्छन् भन्ने कुरा विचार गर्ने।

प्रोफेसर रोसेन्थल भन्छन्, "बरु विभिन्न किसिमका चिकित्सा जस्तै यो मानिसको उपचारको एउटा विधि हो।"

शिक्षकको अपेक्षाले विद्यार्थीको क्षमता बढाउँछ भन्ने कुरा अनुसन्धानले पुष्टि गरेपछि अर्को प्रश्न उभियो, शिक्षकहरूले सही अपेक्षा चाहिं कसरी राख्ने त?

अनुसन्धाता रबर्ट पियन्टा र उनका साथीहरूले शिक्षकहरूले कक्षामा पढाउँदाका थुप्रै भिडियो टेपहरूको सूक्ष्म अध्ययन गरे र त्यसका आधारमा शिक्षकहरूका लागि उपयुक्त व्यवहारका केही सूत्र फेला पारे। यस्ता अरू पनि धेरै तरिका, विधि र उपायहरू हुन सक्छन्। तर यसै सन्दर्भमा पियन्टा एउटा उदाहरण दिन्छन्, "मानौं, मैले एउटा प्रश्न सोधें। एउटा विद्यार्थी त्यसै त्यसै फुर्किएर 'मलाई थाहा छ, मलाई थाहा छ' भनेर चिच्याउन थाल्यो। यस्तोबेला परिस्थितिलाई काबुमा राख्न शिक्षकसँग मूलतः दुई वटा उपाय हुन्छन्- या त हामीले उसलाई कठोर तरिकाबाट अनुशासनमा राख्नुपर्छ, या त उसका कुरा भन्न दिनुपर्छ।" पियन्टाको अनुभवमा "तिमी आफ्नो ठाउँमा बस र पालो आएपछि भन" भन्नु ठीक होइन। बरु उसको फुर्त्याइँको व्यवस्थापन गर्नुपर्छ। पियन्टाको अनुसन्धानले देखाएको सही प्रतिक्रिया हो, "ल ल, भन। तर एउटा कुरा चाहिं के भने यो भनिसकेपछि तिमी शान्त भएर बस र अर्को पटक चाहिं हात उठाएर मात्र बोल।"

# शिक्षणसित सम्बन्धित भ्रम

थुप्रै देशका शिक्षकजस्तै अमेरिकी शिक्षकहरू पनि आफ्नो पेशालाई अपजस पाउने पेशा मान्छन्। 'आफूले सक्दो प्रयास गर्दागर्दै पनि अपजसको भारी त शिक्षकले बोक्नैपर्छ', उनीहरू भन्छन्। यसलाई अलिकति कम गर्न सकिन्छ कि भनेर उनीहरू शिक्षणसित सम्बन्धित केही भ्रमहरूलाई हटाउने प्रयासमा लागेका छन्। केही अमेरिकी शिक्षकहरूले तयार गरेको एउटा छोटो सूची यस्तो छः

**भ्रमः** शिक्षण सजिलो पेशा हो।

**यथार्थः** खासमा शिक्षण इन्जिनियरिङभन्दा गाह्रो हुन्छ। भविष्य होस् वा घर- हामी दुवै निर्माण गर्छौं। तर इन्जिनियरिङका सरसामानको व्यवहार फेरिदैन शिक्षकले व्यवहार गर्नुपर्ने विद्यार्थी भने एकदमै परिवर्तनशील हुन्छन्।

**भ्रमः** शिक्षकको काम पास गराउने त हो नि!

**यथार्थः** शिक्षकको सही काम विद्यार्थीमा ज्ञानको भोक जगाउने हो। शिक्षा भनेको जाँच र पास-फेलको खेल मात्र होइन र वास्तवमा शिक्षाको अधोगति यसलाई त्यस किसिमले लिनेहरूले नै गराएका छन्। तर ज्ञानको भोक जगाउन सजिलो छैन। त्यसका लागि विद्यार्थीहरू शिक्षकको ज्ञानबाट प्रभावित हुनुपर्छ। आफू ज्ञानवान हुन शिक्षकले किताब, समाज र व्यक्तिको अध्ययन गरिरहनुपर्छ।

**भ्रमः** शिक्षण दिउँसो एकछिन गर्ने काम त हो नि!

**यथार्थः** शिक्षण कहिल्यै पनि फुर्सद नहुने काम हो। पढ्नु, होमवर्क जाँच्नु, पाठ्योजना बनाउनु, किताब र अन्य आवश्यक सामग्रीहरूका बारेमा जानकारी राख्नु र प्रत्येक विद्यार्थीलाई मानवीय हिसाबले चिन्नु एकछिनको होइन; अहोरात्र खट्नुपर्ने काम हो।

# शिक्षकको सङ्गत

**- डेविड बी. कोहेन**

अमेरिका मत सर्वेक्षणहरूको देश हो भने पनि हुन्छ। त्यहाँ विभिन्न किसिममा मत सर्वेक्षणहरू अनवरत चलिरहेका हुन्छन् र त्यसैबाट समाजको सोचाइ, प्रवृत्ति, व्यवहार, समस्या आदिका बारेमा थाहा पाउन र समाधानका उपाय अपनाउन सकिन्छ।

त्यस्तै एउटा पछिल्लो मतसर्वेक्षण अनुसार आफ्ना सन्तानलाई पढाउने शिक्षकलाई अमेरिकीहरू मन पराउँछन्; राम्रो मान्छन्। सो अनुसन्धानले देखाए अनुसार शिक्षकहरूले निम्न चार किसिममा सङ्गत बढाएमा उनीहरूको सम्मान अझ बढ्छ।

विद्यार्थी, अभिभावक र समुदायसितः यस्तो सङ्गतबाट शिक्षकहरूले आफूलाई अरू उपयोगी, सामुदायिक र फरासिलो व्यक्तिका रूपमा प्रस्तुत गर्न सक्छन्। समुदायसित नजिक रहेको शिक्षक आफू पनि कहिल्यै एक्लो हुँदैन।

सहकर्मी र व्यावसायिक व्यक्तिहरूसितः सहकर्मी र व्यावसायिक व्यक्तिहरूसितको सम्बन्धले शिक्षकको व्यावसायिक क्षमता मात्र होइन प्रतिष्ठा पनि बढाउँछ। यसबाट उनीहरू वास्तविक रूपमा शैक्षिक जगत र पेशागत हकहितका कुरा गर्न सक्ने हुन्छन्।

**सूचनाको सङ्गतः** धेरै अमेरिकी शिक्षकहरू राजनीतिबाट टाढा बस्न रूचाउँछन्। तर; अरू राजनीतिका बारेमा चासो नराखे पनि शिक्षकहरूले शैक्षिक क्षेत्रमा भएका काम कुरा, बजेट, कटौती र बढोत्तरीका कुरा आदि बुझिराख्नु राम्रो हुन्छ। मुलुकको शैक्षिक नीतिका बारेमा जानेका शिक्षकको प्रशासनमा पनि इज्जत हुन्छ।

**सुसङ्गतः** शिक्षकहरूका बारेमा जत्तिसुकै सकारात्मक धारणा भए पनि केही मानिसहरू उनीहरूलाई अलि बढी नै नकारात्मक ढङ्गले हेर्छन्। समाजको धारणा बुझेर प्रतिष्ठाजनक सङ्गतहरूमा आफूलाई अल्झाएर राख्ने शिक्षक मर्यादित र सन्तुष्ट हुन्छन्।

# किशोरावस्थाको गर्भधारण दर घट्यो



अमेरिकामा किशोरावस्थाको गर्भधारण पहिलेको तुलनामा निकै कम भएको पाइएको छ। त्यहाँको सेन्टर फर डिजिज कन्ट्रोल एण्ड प्रिभेन्सनले जनाए अनुसार १५ देखि १९ वर्षको उमेरमा गर्भधारण गर्नेहरूको संख्यामा अघिल्लो वर्षका तुलनामा २५ प्रतिशतले घटेको छ। अघिल्लो वर्ष अमेरिकाभर १५ वर्षमुनिका ३,९७४ जना युवतीहरू गर्भवती भएको पाइएको छ।

'सुरक्षित यौन सम्पर्क' को भन्दा पनि पहिलो यौन सम्पर्कमै ढिलाइ गर्ने किसिमको यौन शिक्षाका कारण यो सकारात्मक परिवर्तन आएको विश्वास गरिएको छ।

**sms प्रतिक्रियाका लागि ltr<space>5006**

विचार



डा. विद्यानाथ कोइराला

# पश्य न विपश्यका शिक्षक: केही त गर्ने कि !

**हामी शिक्षक त्रिप्रज्ञी हौं। विद्यार्थीका कुरा सुनौं। त्यसैमा गुनौं। श्रवण, मनन र निधिध्यासन गरौं। ज्ञानमयी प्राज्ञ बन्ने हो भने किताब पढौं। लेख पढौं। मनन गरौं। अरूलाई सुनाऔं। भावमयी प्राज्ञ बन्ने हो भने ध्यानमा लागौं। विपश्यना ध्यान। आफूले आफैंलाई हेर्ने। आफैंमा हेर्ने।**

### पश्य कि विपश्यको ज्ञान ?

इन्द्रिय ज्ञान पश्य ज्ञान हो। सुँघेर हुने। छामेर हुने। सुनेर हुने। हेरेर हुने। बोलेर हुने। मनले आर्जने ज्ञान विपश्य ज्ञान हो। बुद्धको शब्दावलीमा ज्ञानमयी प्रज्ञा। आफ्नो शरीरमा आफैं पस्ने। स्थूल शरीर (biological body) बाट तरंग शरीर (weave body) मा। तरंग शरीरबाट ऊर्जा शरीर (cosmic body/astral body) मा। यस अर्थमा अन्तर शरीरीय ज्ञान विपश्य ज्ञान हो। अनुभूत ज्ञान। बुद्धको शब्दावलीमा श्रुतमयी प्रज्ञा भन्दा भिन्न। सुनेर गरिने प्राज्ञिक चिन्तन। रेडियो सुनेर, टीभी हेरेर, पत्रिका पढेर, अरूका कुरा सुनेर आफ्नो बुद्धि बनाउने प्रज्ञा। त्यस्ता खाले प्राज्ञिक। विश्लेषक। ज्ञानमयी प्रज्ञ हुँदा व्यक्ति पढ्न थाल्छ। त्यसैमा रम्छ। यस अर्थमा विवेकी प्रज्ञ। किताबी प्रज्ञ। यस्ता प्राज्ञिक पनि पश्य ज्ञानी हुन्। श्रुतमयी प्राज्ञिक जस्तै। अर्थात् श्रुतमयी र ज्ञानमयी प्राज्ञ विवेकमा चल्छन्। परिणामत: व्यावहारिक नहुन सक्छन्। तिनले अरूकै शिरानी खोज्छन्। गान्धीले भने अनुसार। मार्क्सले भने अनुसार। माओले भने अनुसार। ती उपाधिधारी विज्ञले आफ्नो विचार जन्माएका नहुन सक्छन्। जन्माए भने ढुकुरपुच्छे ज्ञान (dovetailing) हुन्छ। ढुकुर अर्केको पुच्छर अर्केको। अर्थात् गान्धीमा यो थपें, यो झिकें भन्ने ज्ञान। मार्क्समा यो जोडें भन्ने ज्ञान। माओको यो छोडें भन्ने ज्ञान। यस अर्थमा तिनमा विज्ञता हुन्छ। विवेक पनि हुन्छ। तर भावमयी प्राज्ञ बन्दा अनुभूति पनि थपिन्छ। बुद्धका शब्दमा स्वअर्थी (स्वार्थी प्राज्ञ)। समासित हुँदा स्वार्थी आफ्नै अर्थ भएको। आफैंले अर्थ्याइएको। आफ्नै लागि बनाइएको। आफ्नै निर्वाणको लागि उपयोग हुने। अरूलाई प्रक्रिया भनिदिए पुग्ने। यस अर्थमा बुद्धका सच्चा चेलाचेली आफैं बुद्ध हुन्छन्। बुद्धलाई काँध हाल्दैनन्। शिरानी हाल्दैनन्। छाँद हाल्दैनन्। आफैंमा विश्वास गर्छन्।

### शिक्षक पाश्यिक कि विपश्यिक ?

पाश्यिक भए शिक्षकका सबै इन्द्रियले ज्ञानार्जन गर्छन्। विद्यार्थीको ज्ञानार्जन। विद्यार्थी ब्रह्माण्ड हुन्छ। शिक्षक शोधक हुन्छौं। उसलाई बुझ्न थाल्छौं। डर्मिटोग्लाफिक्सवालाले भने झैं सुनेर बुझ्ने विद्यार्थीको कित्ता छुट्याउँछौं। विषयवस्तु छुट्याउँछौं। हेरेर बुझ्ने विद्यार्थीको जमात चिन्छौं। तिनले जान्ने विषयवस्तु थाहा पाउँछौं। मनोविद्‌ले भने झैं अन्तरमुखी (introvert) बहिर्मुखी (extrovert) र अन्तर-बहिर्मुखी। बहिर अन्तर्मुखी (ambivert) विद्यार्थी पहिल्याउँछौं। तिनका विषयवस्तु चिन्छौं। अनि मन्टोगोमेरी र ग्रोट (Montogomary and Groat) ले सोचे झैं तिनलाई संवादमा अल्झाउँछौं। विविध विषयगत संवादमा। तिनको संचार-सीपमा हाम्रा विषयवस्तु मिसाउँछौं। तिनको पढाइमा ऊर्जा थप्छौं। उनीहरूलाई हामी भन्दा भिन्नै खाले व्यक्तित्व बनाउँछौं। त्यसो गर्न जानेमा हामीले कोल्ब (Kolb) को सिकाइ-चक्रीय सिद्धान्त लागू गर्छौं। विद्यार्थीका अनुभूतिबाट प्रवेश गर्ने। नवीन अनुभूतिको संसारमा पुऱ्याइदिने। प्रत्याभूति (reflect) गर्न लगाउने। अनि आफ्नै अनुभूतिजन्य ज्ञानको सिर्जना सुनिश्चित गर्ने।

यस कसीमा हामीले आफूलाई घोट्यौं त ? छैनौं भने हामी पाश्यिक शिक्षक पनि रहेनौं। पाश्यिक शिक्षक बुद्धको श्रुतमयी ज्ञानवाला हौं। विषयवस्तु विद्यार्थीको पठनपाठन हो। अरूले आयोजना गरिदिएका मेला/भेला/बैठक/सभा/गोष्ठी/कार्यशाला/तालिम/अभिमुखीकरणका दिनमा बाहेक हामीले विषयवस्तु केन्द्रित बहस गऱ्यौं त ? मेरो विद्यार्थीको यो क्षमता छ। मैले यसरी पढाएँ। म सफल भएँ। असफल भएँ। यस्तो बुद्धि भएको भए हामी पाश्यिक शिक्षक हौं। श्रुतमयी ज्ञानवाला पाश्यिक शिक्षक। मेरो अनुभूतिले भन्छ- हामी चुक्यौं। यहाँ पनि पाश्यिक शिक्षक बन्न सकेनौं। ज्ञानमयी पाश्यिक शिक्षक बन्दा हामी पढ्नमा लगाव राख्थ्यौं। शिक्षण-सिकाइ, पाठ्यक्रम, मूल्याङ्कन, शिक्षक, विद्यार्थी, समाजशास्त्र, मानवशास्त्र आदि विषयमा लेखिएका स्वदेशी तथा विदेशी लेखका पाठक बन्थ्यौं। पत्रिका बाहेक हामीले कति पढ्यौं र ? के पढ्यौं र ? मेरो अनुभूतिले भन्छ- हामी शिक्षकले पढायौं। पढेनौं। यस अर्थमा हामी बुद्धको ज्ञानमयी प्राज्ञवाला शिक्षक पनि रहेनौं। पाश्यिक ज्ञानमयी शिक्षक।

विपश्यिक शिक्षक बन्दा प्रक्रिया सिकाउँछौं। त्यहाँ सिक्नेको कामना हुन्छ। सिक्नेकै प्रत्याभूति हुन्छ। सिक्नेकै समस्या

हुन्छ। सिकाउनेले प्रक्रिया मात्रै सिकाउँछौं। विपश्वीको प्रक्रिया। स्वसंमोहन (self-hypnotism) गर्ने प्रक्रिया। नाकबाट सास आउने जाने प्रक्रिया हेर्ने। त्यसो हुँदा कहाँ-कहाँ कुन-कुन संवेदना हुन्छ भनी जानकार बन्ने। विपश्यनाको शब्दावलीमा आनापाना। यही प्रक्रियालाई बढाउँदै लाने। सासलाई ओठको तल्लो भागमा हेर्ने। क्रमशः ब्रह्मरन्ध्र (तालु) मा लाने। शरीरभरी घुमाउने। मेरुदण्डमा पसाउने। क्रमश : ब्रह्माण्ड ऊर्जा (cosmic rays) शरीरमा भित्र्याइरहने। यो क्रममा हुने अनुभूतिहरू सँगाल्दै जाने। सजग। ध्यानमग्न। त्यही सजग ध्यानमग्नताबाट ज्ञानार्जन गरिरहने। शरीर ज्ञान। पूर्वजन्मको ज्ञान। ब्रह्माण्डको ज्ञान। अनि आफ्नो अन्त्य र अनन्त पहिल्याउने निर्वाण ज्ञान। महाशून्यमा बिलाउने ज्ञान। स-साना शून्यमा नउल्फिने ज्ञान। अर्थात् विपश्वी शिक्षकले विद्यार्थीलाई विषयवस्तु पढाउन्नौं। पढ्ने प्रक्रियामा हालिदिन्छौं। स्वानुभूतिको प्रक्रियामा। स्वानुज्ञानको प्रक्रियामा। के हामी शिक्षकले त्यसो गर्‍यौं त? के हाम्रो तालिमले त्यता लग्यो त? मेरो अनुभूतिले भन्छ- लगेन। गएनौं। परिणामतः हामी विषयवस्तु पढाउने (teaching) प्रक्रियामा नै घुम्यौं। स्वसिकाइ प्रक्रियामा विद्यार्थीलाई लगेनौं। अर्थात् हामी विपश्यिक शिक्षक पनि बनेनौं।

## सन्तुलित कि एकल ज्ञानी शिक्षक ?

बुद्धले त्रिप्रज्ञ छुट्याए- श्रुतप्रज्ञ। ज्ञानप्रज्ञ। भावमयी प्रज्ञ। श्रुतप्रज्ञमा उनले अस्थिरता देखे। त्यही स्थिति देखे ज्ञानप्रज्ञमा। तर भावमयी प्रज्ञमा उनले स्थिरता पाए। गीताको शब्दावलीमा स्थितप्रज्ञ। अविचलित प्रज्ञ। स्थिरप्रज्ञ। तर शिक्षक एकल प्रज्ञमा रहन्न। श्रुतप्रज्ञ हुँदा विद्यार्थीका विचारहरू बटुल्छ। ज्ञानप्रज्ञ हुँदा प्रकाशित पाठ्यसामग्रीबाट ज्ञान बटुल्छ। सीप आर्जन गर्छ। अनि भावमयी प्रज्ञा हुँदा सुने र पढेका कुरालाई स्वानुभूतिको कसीमा पर्गेल्छ। बुद्धकै शब्दावलीमा श्रवण, मनन र नीतिध्यासन गर्छ। सुन्छ। गुन्छ। अनुभवको कसीमा खार्छ। यसोगर्दा शिक्षक सन्तुलित बन्छ। अब प्रश्न रहन्छ- हामीमध्ये को सन्तुलित शिक्षक हौं? श्रवण गर्ने। मनन गर्ने र नीतिध्यासन गर्ने। एउटै विषयवस्तुलाई तीन तरिकाले परख (test) गर्ने। सोही विषयवस्तु उपर श्रुतप्रज्ञ, ज्ञानप्रज्ञ र भावमयी प्रज्ञको मिलान गर्ने। मेरो अनुभवले भन्छ हामी शिक्षकले यो क्षमता बोकेनौं। यस अर्थमा हामी एकल रह्यौं। कि श्रुतिवादी कि ज्ञानवादी। भाववादी बन्ने तागतै रहेन। ज्ञानवादी बन्ने संस्कारै बनेन। श्रुतिवादी बन्दा पनि पठनपाठनका विषयवस्तुमा जोड्ने बुद्धि नै बनेन।

## पश्यमै बस्ने कि विपश्यमा लाने ?

संस्कारले हामीलाई बहुगामी बनायो। जप गर्दा विपश्यमा लाने। तप गर्दा विश्वमै पुर्‍याउने। दान गर्दा पश्यमा हिंडाउने। तर शिक्षणकला विज्ञहरूले हामीलाई पश्यमै धकेले। बालबालिकाको कुरा सुन भनेर श्रुतमयी प्रज्ञ बन्न लगाए। दिएका निर्देशिका पढ भनेर ज्ञानमयी प्रज्ञ बन्न सिकाए। भावमयी प्रज्ञको बन्ने बनाउने बुद्धि तिनमा आएन। किनकि तिनको लक्षित कुरा शिक्षण बन्यो। सिकाइ बनेन। त्यसैले सिक्ने प्रक्रिया सिकाएनौं। उत्पादन सिकाएनौं। परिणाम हामीले अरूको अर्थ बुझ्यौं। बुझायौं। आफ्नो अर्थ नै बनाएनौं। खोजेनौं। त्यसैले हामी शिक्षक पश्यवादी बन्यौं। विपश्यमा गएनौं। ऋग्वेदले सिर्जेको विपश्यमा। गीताले वकालत गरेको विपश्यमा। गौतम बुद्धले जनवादी बनाइदिएको विपश्यमा। यस अर्थमा हामी हिन्दू र बुद्ध धर्मावलम्बीहरूले पुर्खाको स्व-सिकाइ (self-learning) सीपको बेवास्ता गर्‍यौं। सिकाउने बुद्धिमै

**ज्ञानमयी प्राज्ञ हौं भने पढ्न थालौं। जे पनि पढौं। जसका कुरा पनि पढौं। विद्यार्थीको पाठ्यपुस्तक पढेर त्यसैमा फुँदा जोड्ने दुर्बुद्धि छोडौं। तिललाई पहाड बनाउने गफाडी संस्कार तोडौं। बरु विद्यार्थीलाई किताब पढ्न लोभ्याऔं। लेख पढ्न प्रोत्साहित गरौं। इन्टरनेटमा जोडिन सिकाऔं।**

लागिरह्यौं। आफैं सिक्ने तर्किव मारिरह्यौं। शिक्षणबाट। तालिमबाट। निर्देशिका जारी गर्ने बुद्धिबाट। यसरी सिक्छन् भन्ने सन्देश नदिएबाट। यसरी सिक्यौं भन्ने जानकारीहरू नबटुलेबाट । बटुल्ने संयन्त्र नबनाएबाट। यस्तो सहज प्रक्रियामा शिक्षकलाई नहिंडाएबाट।

## केही त गर्ने कि ?

पश्यवादी हौं भने विद्यार्थीका कुरा सुनौं। त्यही सुनाइमा स्वसिकाइका तर्किव हालौं। विद्यार्थी भन्छन्। प्रत्येक दिन भन्ने कुरा खोजिरहन्छन्। स्वखोजी। यसरी शिक्षक श्रुतमयी प्राज्ञ बन्न थाल्छौं। अनेक विद्यार्थीबाट एक शिक्षक दीक्षित बन्छौं। हाम्रो काम विद्यार्थीको कुरामा पाठको गेडो जोड्ने हुन्छ। कुन कुरामा कुन विषयको पाठको गेडी जोड्ने। हाम्रो ध्याउन्न त्यही हुन्छ। यसोगर्दा पाठयोजना चाहिन्न। त्यसको काम पनि हुन्न। बरु प्रत्युत्पन्न मति (presence of mind) चाहिन्छ। पढाउने विषयवस्तुको पूरापूर ज्ञान चाहिन्छ। विद्यार्थीलाई खोज्न लगाउने सीप चाहिन्छ। कुनबेला कुन जवाफ दिने भन्ने क्षमता चाहिन्छ। विद्यार्थीमा जिज्ञासा सिर्जना गर्ने शक्ति चाहिन्छ। उपनिषदीय शब्दमा अन्वेषिकी बनाउने रहर चाहिन्छ। जेमा पनि खोज्ने। जेमा पनि खोजाउने।

ज्ञानमयी प्राज्ञ हौं भने पढ्न थालौं। जे पनि पढौं। जसका कुरा पनि पढौं। विद्यार्थीको पाठ्यपुस्तक पढेर त्यसैमा फुँदा जोड्ने दुर्बुद्धि छोडौं। तिललाई पहाड बनाउने गफाडी संस्कार तोडौं। बरु तिम्रो पाठसँग सम्बद्ध चारवटा किताब रहेछन्। तिनमा दुईवटा कुरा रहेछ भन्दै विद्यार्थीलाई किताब पढ्न लोभ्याऔं। लेख पढ्न प्रोत्साहित गरौं। इन्टरनेटमा जोडिन सिकाऔं। बोल्ने किताब सुन्न सुनाउन उत्प्रेरित गरौं। यसका लागि पुस्तकालय चाहिन्छ। किताबी पुस्तकालय। पुस्तकविहीन पुस्तकलाई (electronic library) पत्रपत्रिका चाहिन्छ। इ-जर्नल चाहिन्छ। त्यसको जोहो गर्ने प्रवृत्ति चाहिन्छ। आफूले पढेका पुस्तक र पत्रपत्रिका आदानप्रदान गर्ने संस्कार चाहिन्छ। भेटिएका वेवसाइट अरूलाई सुनाउने चलन चाहिन्छ। कसले के पढ्यौं भनी सुनाउने थलो चाहिन्छ। प्राज्ञिक अंग्रेजी शब्दमा कोलोकियम। यस्ता छलफल सत्रको आयोजना गर्ने व्यवस्थापन चाहिन्छ।

ज्ञानमयी प्राज्ञ हौं भने अनुभूति गर्ने परिवेश चाहिन्छ। स्तुति गर्दा शरीरमा कुन रस सञ्चारित भयो? जप गर्दा के कस्तो अनुभूति भयो? प्रार्थना गर्दा शरीर, मन र मनोत्तर (beyond-mind) को के अवस्था रह्यो। ध्यान गर्दा आफू कहाँ भेटियो?

समाधिमा के अनुभूति रह्यो ? चाञ्चल्यता कतिबेर बस्यो ? स्थिरता कहिले आयो ? स्थितप्रज्ञ कसरी बनियो ? चिनियाँ ध्यानीले विचार ध्यान गर्दा के पाए ? प्रश्नध्यान। ध्यानमा बस्ने तर दिमागमा प्रश्न राख्ने। ध्यानमै त्यसको उत्तर खोज्ने। वैदिक ध्यान- आफू द्रष्टा हुने। भोक्ताभाव नराख्ने। कर्ताभाव नराख्ने। बुद्धको शब्दमा भोक्ताभावले प्रतिक्रियावादी बनाउँछ। कर्ताभावले अहंकारी। द्रष्टाभावले वस्तु हेर्दा तटस्थ बनिन्छ। बुद्धमार्गी शब्दमा तथागत। जे छ त्यही देखिन्छ। यस अर्थमा शिक्षकले एउटै वस्तुलाई भोक्ताभावबाट हेराउन सक्छौं। कर्ताभावबाट चिनाउन सक्छौं। द्रष्टाभावबाट जान्ने सूत्र दिन सक्छौं। बाखीको पाठो वस्तु हो। भोक्ताभावमा हेरे कति ठूलो छ ? कति ठूलो हुने जातको हो ? अहिले कतिमा बिक्छ ? ६ महीनामा कतिमा बिक्छ ? दुई वर्ष पाले कति फाइदा हुन्छ ? मासु खाए के हुन्छ ? व्याडको लागि पाले के हुन्छ ? यी प्रश्नहरू भोक्ताभावी प्रश्न हुन्। यी र यस्ता प्रश्नहरूबाट हेरे उपयोगिता विज्ञ बनिन्छ। बनाउन सकिन्छ। मैले पालेको पाठो। मेरो पाठो। म यति नपाइकन दिन्न भन्ने बोध गरे कर्ताभाव जानिन्छ। अनि द्रष्टा भावले हेर्ने हो भने- उपयोगिताको कुरै हुँदैन। पाठो कसरी बढ्यो ? किन बढ्यो ? मोल कसरी तोकियो ? किन तोकियो ? कसले मोल लियो ? किन लियो ? के गऱ्यो त्यो रकमले ? कसले खायो ? किन खायो ? यसरी प्रत्येक वस्तुलाई तीनवटै भावमा हेर्न सिकाए के होला ? वस्तु एक जिज्ञासा अनेक। अनि द्रष्टाभावबाट हेर्ने बुद्धिले भावमयी प्रज्ञा जाग्छ। द्रष्टाभावी बुद्धिमा व्यक्ति हिंस्रक हुन्न। जिज्ञासु हुन्छ। आनन्दित जिज्ञासु। स्वानुशासित हुन्छ। अनुशासनहीनताको समस्या हुन्न। स्वनिर्देशित हुन्छ। आदेशात्मक संस्कारको अन्त्य हुन्छ।

### त्रिप्रज्ञी शिक्षक बन्ने कि ?

एकल प्राज्ञी हाम्रो पेशेवार धर्म हैन। हामी त्रिप्रज्ञी हौं। विद्यार्थीका कुरा सुनौं। त्यसैमा गुनौं। बुद्धको शब्दमा श्रवण, मनन र निधिध्यासन गरौं। यसरी श्रुतमयी प्राज्ञ बन्ने बल गरौं। ज्ञानमयी प्राज्ञ बन्ने हो भने किताब पढौं। लेख पढौं। त्यही पढाइमा मनन गरौं। अरूलाई सुनाऔं। सुनेको र पढे पढाएको कुरामा मनन गरौं। निधिध्यासन गरौं। भावमयी प्राज्ञ बन्ने हो भने ध्यानमा लागौं। विपश्यना ध्यान। आफूले आफैंलाई हेर्ने। आफैंमा हेर्ने। त्यहीं विश्व खोज्ने। विश्वमा आफू। आफूमा विश्व। यसरी आर्जित अनुभूति अरूलाई सुनाऔं। आफैं पनि मनन गरौं। यसो गर्नाले हामी एकापसमा त्रिप्रज्ञी बन्छौं। विद्यार्थीलाई पनि त्रिप्रज्ञी बन्न बनाउन उत्प्रेरित गर्छौं। तीनवटै स्रोतबाट आर्जित ज्ञानको समान मूल्याङ्कन गर्छौं। कतै हामी शिक्षक यस कार्यमा अग्रसर हुने कि ? भावी सन्ततिलाई त्रिप्रज्ञी बनाउँदै स्थितप्रज्ञ बनाउने कि ? रोजाइ हाम्रै हो। कर्ताभावमा सिके पनि भोक्ताभावमा सिके पनि द्रष्टाभावमा सिके पनि, कुरो एउटै हो। सुनौं मनन गरौं। निधिध्यासन गरौं। मनन गरेर सुनौं सुनाऔं र निधिध्यासन गरौं। निधिध्यासनबाट ज्ञानार्जन गरे त्यसैमा मनन गरौं। मननयोग्य कुरा अरूलाई सुनाऔं। अरूको सुनौं। पूर्ण शिक्षक बन्ने तर्किव यही हो। 📖

**sms प्रतिक्रियाका लागि ltr<space>5006**



मेदिन लामिछाने





# उच्च सिकाइ उपलब्धि: कसरी हासिल गर्ने ?

**सिकाइएको सीप र निर्माण गरेको ज्ञान जति धेरै विद्यार्थीको दैनिक जीवनसँग सम्बन्धित हुन्छ विद्यार्थीहरू उति धेरै सिक्न जागरुक हुन्छन्। किनभने उनीहरूले सिकेको सीप तुरुन्तै तिनको जीवनमा उपयोग हुन्छ। यस्ता सीप र ज्ञान व्यावहारिक बनाउने वा विद्यार्थीको व्यवहारसँग सम्बन्ध स्थापित गराउने काम शिक्षकको हो।**

कुनै विद्यार्थीले कस्तो उपलब्धि हासिल गर्दछ भन्ने कुरा उसलाई अध्यापन गर्ने शिक्षकले कुन तहको शैक्षिक उपलब्धिको अपेक्षा राखेको छ भन्ने कुराले निर्धारण गर्दछ। शिक्षकले उच्च तहको शैक्षिक उपलब्धिको आशा राखेको छ भने उसले विद्यार्थीलाई सोही अनुरुपको शिक्षण सिकाइ क्रियाकलापमा संलग्न गराउनुपर्दछ। अर्थात् उच्च तहको शैक्षिक उपलब्धि हासिल गर्ने कुरा शिक्षकले अपेक्षा गरेको शैक्षिक उपलब्धिको तह र उसले विद्यार्थीलाई संलग्न गराउने शिक्षण-सिकाइका क्रियाकलापको तहमा निर्भर गर्दछ।

डो लेमोभ (Doug Lemov) ले उच्च तहको शैक्षिक उपलब्धि हासिल गर्न र गराउन पाँच वटा सूत्रको वर्णन गरेका छन्। तीमध्ये बाध्यात्मक पद्धति (No opt out) र ज्ञान/सूचना वा उत्तरको विस्तृतीकरण पद्धति (Stretch it) हाम्रो सन्दर्भमा बढी उपयोगी देखिन्छन्।

### क) बाध्यात्मक पद्धति (No Opt Out)

आफूले दिएको सूचना वा उत्तर गलत होला कि भन्ने आशंका वा सहपाठी साथीको दाँजोमा आफू अक्षम सावित होइन्छ कि भन्ने भयले कुनै विद्यार्थीले शिक्षकले सोधेको प्रश्नको उत्तर नदिन वा कुनै क्रियाकलापमा सहभागिता नजनाउन सक्छ। बाध्यात्मक पद्धति अपनाई शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरियो भने विद्यार्थीले हरेक शैक्षिक क्रियाकलापमा अनिवार्य सहभागिता जनाउनुपर्ने हुन्छ। सामान्यतया शिक्षकले कुनै प्रश्न सोध्दा विद्यार्थीलाई त्यस प्रश्नको उत्तर आएन भने उसले सांकेतिक रूपमा टाउको कन्याउने, नङ टोक्ने, कुम हल्लाउने वा मुख बङ्ग्याउने आदि क्रियाकलाप गर्दछ। हदै भयो भने 'मलाई थाहा भएन' भन्न सक्छ।

यस्ता विद्यार्थीलाई कसरी शिक्षण सिकाइ क्रियाकलापमा सक्रिय बनाउने? उनीहरूलाई कसरी समस्यासँग जुध्न सक्ने बनाउने? हाम्रो परम्परागत शिक्षण पद्धतिमा जब विद्यार्थी उत्तर दिन सक्षम हुँदैन, ऊ सकेसम्म त्यसबाट परै बस्न चाहन्छ। अनि हामी शिक्षकहरू पनि जानी नजानी त्यस्ता विद्यार्थीलाई परै बस्ने वातावरण सिर्जना गर्दछौं। 'यसले मेरो प्रश्नको उत्तर जान्दैन, किन सोध्ने ? किन सोधेर समय खेर फाल्ने? प्रश्नलाई चाहिएको उत्तर हो, जसले दिए पनि भइहाल्छ नि!' भन्ने हामी शिक्षकहरूको सोचाइका कारण थुप्रै विद्यार्थी समस्यासँग जुध्न सक्षम भइरहेका छैनन्। यसमा मूलत: हामी शिक्षकहरू नै जिम्मेवार छौं। किनभने हामीले नै कक्षाकोठामा वा कक्षाकोठाभन्दा बाहिरको सिकाइमा यस्तो शैक्षिक वातावरण सिर्जना गरिरहेको छौं।

कुनै विद्यार्थी सोधिएको प्रश्नको उत्तर 'थाहा भएन' वा 'थाहा छैन' भनेर उम्कन खोजेमा एउटा प्रभावकारी शिक्षकले त्यति सजिलै उम्कन दिँदैन। बरु शिक्षकले 'क्लु' (clue) वा 'हिन्ट' (hint) दिएर सो विद्यार्थीलाई उत्तर पत्ता लगाउन मद्दत गर्दछन् र अन्त्यमा 'थाहा भएन' वा 'आएन' भन्ने विद्यार्थीलाई नै सोधिएको प्रश्नको उत्तर दिन सक्षम बनाउँछन्। विद्यार्थीलाई सबै प्रश्नको उत्तर थाहा हुनैपर्छ भन्ने छैन। त्यसैले त उनीहरू सिक्नका लागि विद्यालय आउने गर्दछन्। यहाँ महत्त्वपूर्ण कुरा के हो भने; शिक्षकले नै थाहा नभएको ज्ञान वा सूचना कसरी सिक्ने, जान्ने र बुझ्ने भनी सिकाउने हो। हो; यही तरिकालाई डो लेमोभले बाध्यात्मक पद्धति (No Opt Out) भनी नामकरण गरेका हुन्।

यस अन्तर्गत चार वटा तरिका छन्, जसले विद्यार्थीमा सही ज्ञानको निर्माण गर्न सघाउ पुऱ्याउँछ। तलका उदाहरणहरू हेरौं:

#### एक

**शिक्षकले उत्तर भन्ने, विद्यार्थीले त्यसलाई दोहोऱ्याउने।**

शिक्षक: *सुमन! संसारको सबैभन्दा अग्लो शिखरको नाम के हो?*

सुमन: धौलागिरि हिमाल, सर।

शिक्षक: *संसारको सबैभन्दा अग्लो शिखरको नाम सगरमाथा हो। सुमन! अब भन त संसारको सबैभन्दा अग्लो शिखरको नाम के हो?*

सुमन: सगरमाथा हो, सर।

शिक्षक: धन्यवाद सुमन! संसारको सबैभन्दा अग्लो शिखरको नाम सगरमाथा हो।

#### दुई

**अर्को विद्यार्थीले उत्तर भन्ने, पहिला प्रश्न सोधिएको विद्यार्थीले उत्तर दोहोऱ्याउने।**

शिक्षक: *सुमन! संसारको सबैभन्दा अग्लो शिखरको नाम के हो?*

सुमन: धौलागिरि हिमाल, सर।

शिक्षक: *संसारको सबैभन्दा अग्लो शिखरको नाम तिमीहरूमध्ये कसले सुमनलाई भनिदिन सक्छौ?*

रूपा: म सक्छु सर। संसारको सबैभन्दा अग्लो हिमशिखरको नाम सगरमाथा हो।

शिक्षक: *धन्यवाद रूपा! सुमन अब भन त संसारको सबैभन्दा अग्लो शिखरको नाम के हो?*

सुमन: सगरमाथा हो, सर।

शिक्षक: हो सुमन! संसारको सबैभन्दा अग्लो हिमशिखरको नाम सगरमाथा हो।

## तीन

**शिक्षकले संकेत (Hint/Clue) दिने, विद्यार्थीले शिक्षकले दिएको संकेतका आधारमा उत्तर पत्ता लगाउने।**

शिक्षक: *सुमन! संसारको सबैभन्दा अग्लो शिखरको नाम के हो?*

सुमन: धौलागिरि हिमाल, सर।

शिक्षक: *सुमन! धौलागिरि हिमाल नेपालको पश्चिममा पर्दछ। तर संसारको सबैभन्दा अग्लो हिमशिखर त नेपालको पूर्वी भागमा पर्दछ। अब भन्न सक्छौ संसारको सबैभन्दा अग्लो हिमशिखरको नाम; जुन नेपालको पूर्वी भागमा पर्दछ?*

सुमन: सगरमाथा, सर।

शिक्षक: धन्यवाद सुमन! हो संसारको सबैभन्दा अग्लो हिमशिखरको नाम सगरमाथा हो। तिमीले भनेको यो उत्तर सही छ।

## चार

**शिक्षकले प्रश्न सोध्ने/सहपाठी साथीले संकेत (Hint/Clue) दिने। त्यसको आधारमा विद्यार्थीले उत्तर पत्ता लगाउने। शिक्षकले उत्तर दोहोऱ्याउने।**

शिक्षक: *सुमन! संसारको सबैभन्दा अग्लो शिखरको नाम के हो?*

सुमन: धौलागिरि हिमाल, सर।

शिक्षक: *विद्यार्थी भाइबहिनीहरू! तिमीहरूमध्ये कसैले सुमनलाई संसारको सबैभन्दा अग्लो हिमशिखरको नाम पत्ता लगाउन सहयोग गर्न सक्छौ? तिमीहरूले उत्तर भन्न पाउने छैनौ तर उत्तर पत्ता लगाउन अन्य सूचना दिन सक्छौ।*

रूपा: सर, धौलागिरि हिमाल नेपालको पश्चिममा पर्दछ तर संसारको सबैभन्दा अग्लो हिमशिखर नेपालमा नै पर्दछ तर नेपालको पूर्वी भागमा पर्दछ।

शिक्षक: *हो रूपा; संसारको सबैभन्दा अग्लो हिमशिखर नेपालको पूर्वी भागमा पर्दछ। सुमन अब भन्न सक्छौ संसारको सबैभन्दा अग्लो हिमशिखरको नाम के हो?*

सुमन: सगरमाथा, सर।

शिक्षक: हो सुमन! संसारको सबैभन्दा अग्लो हिमशिखरको नाम सगरमाथा हो। तिमीले भनेको यो उत्तर सही छ।

माथिका चारवटै उदाहरणमा चारवटा फरक तरिका अपनाइएको पाइन्छ। तर सबै उदाहरणमा एउटा कुरामा समानता पनि छ। त्यो हो; जुन विद्यार्थीलाई प्रश्न सोधिएको हुन्छ र प्रश्नको उत्तर दिन सक्षम हुँदैन, अन्त्यमा उसैले सही उत्तर दिएको हुन्छ। माथि उदाहरणमा दिइएजस्तै तरिकाले विद्यार्थीलाई शिक्षकले पनि उत्तर दिने अवस्था सिर्जना गर्न सकिएमा विद्यार्थीहरू समस्याबाट भाग्ने प्रवृत्ति हटेर जान्छ। सोधिएका प्रश्नको सही उत्तर अन्त्यमा आफ्नै मुखबाट दिनुपर्ने भएकोले सो प्रश्नको बारेमा भएका थप छलफलमा प्रश्न सोधिएको विद्यार्थीलाई थप सक्रिय भएर सहभागिता जनाउन प्रोत्साहित गर्दछ।

बाध्यात्मक पद्धति (No Opt Out) को एउटा सबल पक्ष के हो भने हरेक विद्यार्थीले जसरी पनि शिक्षण सिकाइ क्रियाकलापमा सहभागिता जनाउनुपर्दछ। समस्याबाट भाग्न पाइँदैन। यदि विद्यार्थीले समस्याको समाधान गर्न सक्दैन भने सहपाठी साथी तथा शिक्षकको सहयोगबाट भए पनि उसले समस्याको समाधान गर्नै पर्दछ। यसले कक्षाकोठामा वा कक्षाकोठा बाहिर समस्याबाट भाग्ने प्रवृत्तिलाई निरुत्साहित गरी समस्यासँग जुध्ने र त्यसको समाधान निकाल्न प्रोत्साहित गर्छ।




**ख) ज्ञान/सूचना वा उत्तरको विस्तृतीकरण पद्धति (Stretch it)**

सिकाइको क्रम सही उत्तर वा सूचना प्राप्तिमा मात्र पुगेर अन्त्य हुँदैन। सिकाइ प्रभावकारी बनाउन सही सूचना वा उत्तरलाई पुरस्कृत गरी थप प्रश्नहरू सोधिनुपर्दछ। यसबाट विद्यार्थीको ज्ञान, बुझाइ र सूचना विस्तृत एवं गहिरो छ/छैन भन्ने थाहा पाउन मद्दत पुग्छ। यसै पद्धतिलाई डो लेमोरले ज्ञान/सूचना वा उत्तरको विस्तृतीकरण पद्धति (Stretch it) भनी नामकरण गरेका छन्। यो विधिले शिक्षण सिकाइ क्रियाकलापमा विविधता ल्याउनुका साथै विद्यार्थीको बुझाइ र सिकाइ गहिराइसम्म पुऱ्याउन मद्दत गर्दछ।

हामीले विद्यार्थीलाई सोधेका प्रश्नको विद्यार्थीबाट सही उत्तर आएपछि हामी शिक्षकहरू निम्न भनाइबाट वार्तालाप वा प्रश्नोत्तर टुंग्याउँदछौं:

क. स्याबास

ख. ठीक

ग. हो

घ. वा; विद्यार्थीले दिएको सही उत्तर पुन: वाचन गरेर आदि

ज्ञान/सूचना वा उत्तरको विस्तृतीकरण पद्धति (Stretch it) मा सही उत्तरलाई स्याबास, ठीक, आदि शब्दद्वारा पुरस्कृत गरी अतिरिक्त प्रश्नहरू सोधिन्छ। यसो गर्दा विद्यार्थीको विषयवस्तुको बुझाइ कत्तिको गहिरो छ? कुन गहिराइसम्म विद्यार्थीले बुझेको छ? विद्यार्थीमा विषयवस्तुको ज्ञान कत्तिको फराकिलो छ? आदि कुराको बोध हुन्छ। यो पद्धतिमा सिकाइ सही उत्तरमा अन्त्य हुँदैन।

डो लेमोर (Dough Lemor) ले ज्ञान/सूचना वा उत्तरको विस्तृतीकरण पद्धति (Stretch it) का विभिन्न ६ वटा तरिकाको वर्णन गरेका छन्। यसलाई तलका उदरणमा हेरौं:

## एक

**किन र कसरी प्रश्न सोधेर**

शिक्षक: *काठमाडौंदेखि पोखरा कति टाढा छ?*

विद्यार्थी: १८० कि.मि., मिस।

शिक्षक: *तिमीले यो कुरा कसरी थाहा पायौ/पत्ता लगायौ?*

विद्यार्थी: मैले नक्सामा काडमाडौं र पोखराबीचको दूरी मापन

गरें। त्यस्तो दूरी नक्सामा ३ इन्च छ। मैले ६० तीन पल्ट जोडें र १८० कि.मि. पत्ता लगाएँ।

शिक्षकः *प्रत्येक १ इन्चको लागि ६० कि.मि. जोड्नुपर्छ भनेर कसरी थाहा पायौ?*

विद्यार्थीः मैले नक्साको फूटनोट पढेर थाहा पाएँ, मिस।

## दुई

### अर्को तरिकाले उत्तर दिने

शिक्षकः *काठमाडौंदेखि पोखरा कति टाढा छ?*

विद्यार्थीः १८० कि.मि., मिस।

शिक्षकः *यो कुरा कसरी पत्ता लगायौ/थाहा पायौ?*

विद्यार्थीः नक्सामा काठमाडौं र पोखराबीचको दूरी मापन गरें। त्यहाँको दूरी ३ इन्च रहेछ। मैले ६० कि.मि. तीन पटक जोडेर १८० कि.मि. हुँदोरहेछ भन्ने पत्ता लगाएँ।

शिक्षकः *६० तीन पल्ट जोडेर १८० निकाल्ने अन्य कुनै सजिलो उपाय छ?*

विद्यार्थीः ६० लाई ३ ले गुणन गर्‍यो भने हुन्छ, मिस।

शिक्षकः *६० लाई ३ ले गुणन गर्दा गुणन फल कति हुन्छ?*

विद्यार्थीः १८० हुन्छ, मिस।

शिक्षकः धेरै राम्रो। यो नै सही तरीका हो।

## तीन

### समानार्थक शब्दको खोजी

शिक्षकः *यस कथामा रामले किन दुःख पायो श्याम?*

विद्यार्थीः रामको कमाइ नभएर दुःख पायो, मिस।

शिक्षकः *श्याम! कमाइ शब्दको अर्को कुनै शब्द छ, जसले तिमीले दिएको उत्तरकै अर्थ दिन्छ?*

श्यामः रामको आम्दानी नभएर दुःख पायो, मिस।

शिक्षकः *धन्यवाद! आम्दानी शब्दको समान अर्थ दिने अर्को शब्द बताउन सक्छौ?*

श्यामः आम्दानी शब्दको अर्थ आय-आर्जन पनि हो, मिस। त्यसैले रामको आय-आर्जन नभएर दुःख पायो।

शिक्षकः अति उत्तम, श्याम!

## चार

### प्रमाण/तथ्य सोध्ने

शिक्षकः *यस कथाको मुख्य पात्रको चरित्र कस्तो छ?*

विद्यार्थीः यस कथाको मुख्य पात्र केशव हो र उसको चरित्र खराब छ।

शिक्षकः *खराब भन्नाले कस्तो खराब?*

विद्यार्थीः केशवले आफ्नो छिमेकीलाई सधैं दुःख दिन्छ।

शिक्षकः धन्यवाद! अब केशवको खराब आचरण बताउने कुनै तीन वटा वाक्य कथाबाट छानेर सुनाऊ।

## पाँच

### अन्य सीपहरू संलग्न गराउने

विद्यार्थीः सुलोचना एउटा निमुखा केटी हुन्।

शिक्षकः *निमुखा शब्दको अर्थ प्रष्ट पार्न अरू केही शब्द थप्न सक्छौ?*

विद्यार्थीः सुलोचना एउटा निमुखा र असहाय केटी हुन्।

शिक्षकः *अब यो वाक्यलाई अकरण वाक्यमा परिवर्तन गर त।*

विद्यार्थीः सुलोचना एउटा सक्षम र क्षमतावान केटी हुन्।

शिक्षकः *फेरि यो वाक्यलाई प्रश्नवाचक वाक्यमा परिवर्तन गर त।*

विद्यार्थीः सुलोचना कस्ती केटी हुन्?

## छ

### उही सीपलाई अन्य क्षेत्रमा प्रयोग गर्ने

शिक्षकः *अब भन त! हाम्रो कथाको घटनास्थल (setting) कस्तो स्थानमा छ?*

विद्यार्थीः यस कथाको स्थान (setting) एउटा शहरमा छ। जुन शहरको नाम गोरखा बजार हो र यो कथा केही समय पहिले घटेको हो।

शिक्षकः *धन्यवाद! अब भन त, यो कथाको घटना केही समय पहिलेको हो भन्ने कुरा कसरी थाहा पायौ?*

विद्यार्थीः यो कथामा कथाको मुख्य पात्र मोटर चढेर गाउँ गएको कुरा छ।

शिक्षकः *धेरै राम्रो। के सिनेमा वा चलचित्रहरूको पनि क्भततष्लन हुन्छ?*

विद्यार्थीः हुन्छ, सर।

शिक्षकः असाध्यै राम्रो। अब म केही चलचित्रहरूको घटनास्थल बताउँछु। तिमीहरूले ती चलचित्रको नाम बताउनुपर्दछ।

माथिका ६ वटै उदाहरणमा भिन्न-भिन्न ६ वटा तरीका अपनाइएको छ। उदाहरण एकमा विद्यार्थीहरूलाई किन, कसरी, के आदि पूरक प्रश्न सोध्दा घोक्ने वा कण्ठ गर्ने प्रवृत्तिलाई दुरुत्साहित गरी गहिराइसम्म पुगेर अध्ययन गर्ने र अध्ययन गरेका कुरा बुझेर व्यवहारमा लागू गर्न अभिप्रेरित गर्दछ। विद्यार्थीले समस्याको सोझो उत्तर मात्र खोज्ने हैन, सो समस्याको समाधानको लागि त्यससँग सम्बन्धित अन्य ज्ञान र सीपको समेत खोजी गर्दछ। यस्ता प्रश्नले विद्यार्थीमा कौतुहल र सिकाइप्रति सकारात्मक सोच उत्पन्न गराइदिन्छन्। सिकाइ निरस र यान्त्रिक नभई रोचक र अर्थपूर्ण बन्न जान्छ। दोस्रो उदाहरणमा विद्यार्थीले समस्यालाई राम्रोसँग बुझेको छ भने उसले त्यसको समाधान धेरै तरिकाले गर्न सक्छ भन्ने कुरा देखाइएको छ।

विद्यार्थीले उत्तर दिंदा, आफूले जाने/बुझेसम्म सजिलो शब्द/वाक्य संरचनाको प्रयोग गर्दछन्। उत्तर दिन उनीहरूले प्रयोग गरेका विशेष महत्त्व राख्ने शब्द वा वाक्य संरचनालाई अन्य शब्द वा वाक्य संरचना प्रयोग गरी पुनः भन्न लगाउँदा विद्यार्थीको शब्दभण्डार र शब्द चयन सीप वृद्धि हुनुका साथै उसको भाषाको तह र स्तर सुधार्न मद्दत पुग्छ। यो कुरा तेस्रो उदाहरणमा देखाइएको छ।

कुनै पनि विद्यार्थीले सामान्यीकरण गरेर उत्तर दिन सक्छन् र यसो गर्नु राम्रो पनि हो। तर विद्यार्थीले विषयवस्तुलाई राम्रोसँग बुझेको भने हुनुपर्दछ। उदाहरण चारमा केशव भन्ने पात्रको चरित्र खराब छ भन्ने कुरा विद्यार्थीलाई थाहा छ र उसले केशव खराब छ भन्ने कुराको पुष्ट्याईं समेत गरेको छ। विद्यार्थीको पुष्ट्याईंले उसको ज्ञानको गहिराइ र बुझाइलाई प्रष्ट रूपले देखाएको छ। यसरी विद्यार्थीले दिएका उत्तरको पुष्ट्याईं गर्ने मौका दिइयो भने विद्यार्थीको क्षमता र ज्ञान कति छ भन्ने कुरा शिक्षकलाई थाहा हुन्छ। यसले शिक्षकलाई त्यो विद्यार्थीलाई के सिकाउनुपर्ने हो? के के कुराको ज्ञान विद्यार्थीमा छ आदि कुरा बताउँछ। यही कुरा उदाहरण चारमा देखाइएको छ।

सिकाइएको सीप र निर्माण गरेको ज्ञान जति धेरै विद्यार्थीको दैनिक जीवनसँग सम्बन्धित हुन्छ विद्यार्थीहरू उति धेरै सिक्न जागरुक हुन्छन्। किनभने उनीहरूले सिकेको सीप तुरुन्तै तिनको जीवनमा उपयोग हुन्छ। यस्ता सीप र ज्ञान व्यावहारिक बनाउने वा विद्यार्थीको व्यवहारसँग सम्बन्ध स्थापित गराउने काम शिक्षकको हो। 📖

**(यो लेख डो लेमोरको पुस्तक "Teach like a Champion" मा आधारित छ।)**

*क्रमशः*

*(लामिछाने युलेन्स स्कूल, खुमलटार, ललितपुरका प्रिन्सिपल हुन्।)*

# जिज्ञासा जवाफ

## ट्रान्सक्रिप्ट पाउन के गर्नुपर्ला ?

मैले २०६५ सालमा नेपाली मूल विषय लिएर कक्षा ११ र १२ उत्तीर्ण गरी ट्रान्सक्रिप्ट, मार्कसिट, माइग्रेसन लिइसकेको छु। मैले २०६६ सालमा सोही तहमा मूल विषय अंग्रेजी पनि उत्तीर्ण गरी मार्कसिट लिएको छु। यसको ट्रान्सक्रिप्ट पाउन के गर्नुपर्ला ?

**मायाराम यादव**
**शंकर निमावि, खरहरिया, दाङ**

*तपाईंले 'नन-क्रेडिट' विषय अन्तर्गत कक्षा ११ र १२ को अंग्रेजी उत्तीर्ण गर्नुभएको रहेछ। 'नन-क्रेडिट' विषयको ट्रान्सक्रिप्ट दिइँदैन। मार्कसिट मात्रै हो।*

***जयन्ती सत्याल***
***परीक्षा उप-नियन्त्रक, उमाशिप***

## कति पेन्सन पाइन्छ ?

शिक्षा नियमावलीको नियम १३२ मा उल्लिखित 'अवकाशसम्बन्धी विशेष व्यवस्था' अनुसार नेपाल सरकारद्वारा गठित मेडिकल बोर्डले सिफारिश गरेका र वर्ष नपुग्दै पेन्सनमा जाने शिक्षकले कति पेन्सन पाउँछन् ?

**लीलाप्रसाद शर्मा पौडेल**
**जनता उमावि, कावासोती-७, नवलपरासी**

*नियम १३२ अनुसार शारीरिक अस्वस्थताको कारण अध्यापन गर्न असमर्थ भनी मेडिकल बोर्डले सिफारिश गरेका शिक्षकलाई पाँच वर्षसम्म सेवा अवधि थप गर्दा २० वर्ष पुग्ने रहेछ भने शिक्षा मन्त्रालयले बाँकी अवधि थप गरी अवकाश दिन सक्छ। त्यसरी अवकाश पाउने शिक्षकले अन्य शिक्षकसरह नै शुरू तलब स्केलको कम्तीमा आधा रकम पेन्सन पाउँछन्।*

***कृष्णप्रसाद शर्मा न्यौपाने***
***शाखा अधिकृत, विद्यालय शिक्षक किताबखाना***

## कहाँ उजुरी गरूँ ?

म माध्यमिक तृतीय श्रेणीको प्रचलित तलब/भत्ता पाउने गरी २०६८/०१/०७ मा विज्ञान-गणित शिक्षकको रूपमा बाल रूपान्तर बोर्डिङ स्कूल, त्रिभुवनवस्ती-५, कञ्चनपुरमा नियुक्त भएको थिएँ। मैले २०६८ चैतसम्म सो स्कूलमा शिक्षण गरें। तर, २०६८/०४/०१ बाट नेपाल सरकारले तोकेको नयाँ स्केल र अन्य सुविधा बापत पाउनुपर्ने रु.६६,००० विद्यालय व्यवस्थापनले दिएको छैन। यस विरुद्ध मैले कहाँ उजुरी दिन सक्छु ?

**वीरभद्र न्यौपाने**
**त्रिभुवनवस्ती-१, कञ्चनपुर**

*यदि विद्यालयले सम्झौता बमोजिम तपाईंले पाउनुपर्ने तलब/भत्ता नदिएको हो भने तपाईंले करार सम्झौता र नियुक्तिपत्रको प्रतिलिपिसहित जिल्ला शिक्षा कार्यालयमा उजुरी दिन सक्नुहुनेछ।*

***गणेशप्रसाद पौडेल***
***उपनिर्देशक, शिक्षा विभाग***

## उत्तरपुस्तिका हेर्न पाइन्छ ?

२०६८/११/२० गते लिइएको निम्नमाध्यमिक तहको अध्यापन अनुमतिपत्रको परीक्षामा म अनुत्तीर्ण भएँ। यो नतिजा मलाई चित्त बुझेको छैन। अब मैले मेरो उत्तरपुस्तिका हेर्न पाउँछु कि पाउँदिनँ ? यदि पाउँछु भने त्यसको लागि के गर्नुपर्ला ?

**भरतबहादुर विश्वकर्मा**
**महादेव प्रावि, चौबास-३, काभ्रे**

*शिक्षक सेवा आयोगको उत्तरपुस्तिका हेर्न पाउने प्रावधान छैन। तपाईंले २४ भदौ २०६९ भित्र पुनर्योगको निम्ति निवेदन दिनुभएको भए उत्तरपुस्तिकाको पुनर्योग हुन्थ्यो। अब त, त्यसको पनि म्याद सकिइसकेको छ।*

***खगेन्द्रप्रसाद नेपाल***
***सहसचिव, शिक्षक सेवा आयोग***

## तीनवटै प्याकेज किन लिने ?

हाम्रो विद्यालयमा कार्यरत सबै शिक्षक शिक्षकको पेशागत विकास (टीपीडी) तालिमको

## कसरी समाधान गर्ने ?

**कक्षा: ६, विषय-गणित (संस्करण-२०६५) पृष्ठ-५०**

प्रश्न नं. ३ मा दुई वटा घण्टी क्रमश: २४ र ३० मिनेटको अन्तरमा बज्छन्। यदि बिहान ९ बजे एकैसाथ बजे भने दोस्रो पटक कति समयपछि एकैसाथ बज्लान् ? भनेर सोधिएको छ। हिसाब गरेर हेर्दा दुई वटा घण्टी एकैसाथ बज्ने सम्भावना देखिएन। यही समस्या प्रश्न नं. ४ र ५ मा पनि छ। यसलाई कसरी समाधान गर्ने ?

**पुस्तराज कँडेल**
**चण्डीदेवी निमावि, हर्दिनेटा-९, गुल्मी**

*यो रुढ खण्डीकरण अन्तर्गतको समस्या हो। दुई वटा घण्टी एकैसाथ बज्ने सम्भावना नभएको भन्ने होइन। दुवै एकैसाथ बज्छन्। त्यसलाई पुष्टि गर्न कक्षाकोठामै खेल विधिको प्रयोग गरेर हेर्न सकिन्छ। जुन रोचक पनि छ।*

*यसका लागि कक्षाका दुई जना विद्यार्थीलाई दुई वटा घण्टी दिने। एक जनालाई २४ मिनेट र अर्कोलाई ३० मिनेटको अन्तरमा घण्टी बजाउन लगाउने। कक्षाको घडीमा ठीक ९ बज्दा दुवैले एकैसाथ घण्टी बजाउने र त्यसपछि निर्देशन अनुसारको अन्तरमा घण्टी बजाउने। उनीहरूले घण्टी बजाएको समयलाई निम्न अनुसारको तालिकामा टिप्दै जाने।*

| समय | ९:०० | ९:२४ | ९:३० | ९:४८ | १०:०० | १०:१२ | १०:३० | १०:३६ | ११:०० |
|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो घण्टी | √ | √ | | √ | | √ | | √ | √ |
| दोस्रो घण्टी | √ | | √ | | √ | | √ | | √ |

*यसप्रकार दुई वटा घण्टी ११ बज्दा पुन: एकैसाथ बज्ने रहेछन्। अन्य समस्यालाई पनि यसरी नै हल गर्न सकिन्छ।*

***सत्यनारायण महर्जन***
***गणित प्रशिक्षक तथा***
***स्रोतव्यक्ति पाटन उमावि स्रोत केन्द्र, ललितपुर***

## 'नन क्रेडिट' दिन मिल्छ ?

मैले सुर्खेत शिक्षा क्याम्पसबाट अंग्रेजी विषयमा बीएड र शैक्षिक योजना तथा व्यवस्थापनमा एमएड उत्तीर्ण गरेको छु। अब मैले अंग्रेजीमा एमएड गर्नका निम्ति सम्पूर्ण विषयको परीक्षा दिनुपर्छ कि अंग्रेजी समूहको मात्रै 'नन-क्रेडिट' परीक्षा दिए पुग्छ ? 'नन क्रेडिट' मात्रै दिन पाउने हो भने पहिले पढेकै क्याम्पसबाट आवेदन फारम भर्नुपर्छ कि अन्यत्रबाट पनि पाइन्छ ? उत्तीर्ण गरेपछि त्यसको ट्रान्सक्रिप्ट पाइन्छ कि पाईंदैन ? त्यसरी उत्तीर्ण भएको व्यक्तिले उच्च शिक्षा तहमा अंग्रेजी शिक्षकको उम्मेदवार हुन मिल्छ कि मिल्दैन ?

**भूपाल चन्द ठकुरी**
**मैटहवा उमावि, सैनिक, बाँके**

*अंग्रेजीमा एमएड गर्नका निम्ति तपाईंले अंग्रेजीका 'कोर सब्जेक्ट'को मात्रै परीक्षा दिए हुन्छ। अंग्रेजी पढाइ हुने जुनसुकै क्याम्पसबाट पनि आवेदन फारम भर्न सकिनेछ। तर, 'नन-क्रेडिट' विषयको ट्रान्सक्रिप्ट चाहिं पाईंदैन, मार्कशिट मात्रै दिइन्छ। किनकि बीएड/एमएडमा दोहोरो ट्रान्सक्रिप्ट दिईंदैन। 'नन-क्रेडिट' विषयबाट उच्च तहमा अंग्रेजी शिक्षकको उम्मेदवार हुन मिल्ने/नमिल्ने चाहिं त्यसको आवेदन माग्ने निकायमा निर्भर हुनेछ।*

***प्रा.डा. प्रकाशमान श्रेष्ठ***
***डीन, शिक्षाशास्त्र संकाय, त्रिवि***

## विज्ञानमा मात्रै परीक्षा दिन पाइन्छ ?

मैले उच्चमाध्यमिक शिक्षा परिषद्‌बाट +२ (विज्ञान शिक्षा) र त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्रमा बीएड उत्तीर्ण गरें। हाल शैक्षिक योजना तथा व्यवस्थापनमा एमएड अध्ययनरत छु। अब म विज्ञानमा बीएड गर्न चाहन्छु। यसका निम्ति मैले बीएडमा विज्ञान विषयको मात्रै परीक्षा दिन पाउँछु कि पाउँदिन ? विज्ञानको मात्रै परीक्षा दिंदा अभ्यास शिक्षण गर्नुपर्छ कि पर्दैन ?

**प्रकाश पौडेल, जितपुर मावि, इलाम**

*तपाईंले विज्ञानको मात्रै परीक्षा दिन पाउनुहुन्छ। छुट्टै विषय भएको कारणले अभ्यास शिक्षण चाहिं गर्नैपर्छ।*

***प्रा.डा. प्रकाशमान श्रेष्ठ***
***डीन, शिक्षाशास्त्र संकाय, त्रिवि***

पहिलो प्याकेज लिन गयौं। टीपीडीको यस्तो तालीम तीन प्याकेजमा लिनुपर्ने जानकारी पायौं। तर, बुझ्दा तीनवटै प्याकेज एउटै खालको रहेछ। उस्तै प्याकेजलाई किन तीन पटक लिनुपर्ने ?

**खड्गबहादुर कुँवर/चित्रबहादुर कुँवर**
**महादेव प्रावि, चौबास-३, काभ्रे**

*उस्तै प्याकेज होइन। तालीमको ढाँचा उस्तै किसिमको भए पनि विषय फरक हुन सक्नेछन्। जस्तो कि; तपाईंहरूले यस वर्ष गणितको तालीम लिनुभयो भने अर्को वर्ष अन्य विषयमा तालीम चल्नेछ। शिक्षकलाई कक्षाकोठामा परेका समस्यालाई सम्बोधन गर्ने गरी टीपीडी प्याकेजको ढाँचा बनाइएको हुँदा तपाईंहरूले आफ्ना समस्याको समाधान यसबाट गराउन सक्नुहुनेछ।*

***दीपक शर्मा***
***उपनिर्देशक, शैक्षिक जनशक्ति विकास केन्द्र***

## २० वर्ष कहिले पुग्ला ?

नोकरी अवधि गणना गर्दा स्थायी नियुक्तिपत्रमा उल्लिखित मितिलाई आधार मानिन्छ कि हाजिरी भएको दिनलाई ? मेरो नियुक्तिपत्रको निर्णय मितिः २०५०/०४/१५ र हाजिर भएको मिति २०५०/०४/२४ हो। यस अनुसार मेरो २० वर्ष सेवा अवधि २०७० सालको कुन महीनामा पुग्ला ?

**शम्भुप्रसाद घिमिरे**
**जनता प्रावि, हौंचुर-६, खोटाङ**

*हाजिरी मिति अर्थात् २०५०/०४/२४ देखि सेवा अवधि गणना शुरू हुन्छ। यदि तपाईंले सेवा अवधिको बीचमा असाधारण र बेतलबी बिदा लिनुभएको छैन भने २०७०/०४/२३ मा २० वर्ष पुग्ने देखिन्छ। असाधारण र बेतलबी बिदालाई चाहिं सेवा अवधिमा जोडिंदैन।*

***कृष्णप्रसाद शर्मा न्यौपाने***
***शाखा अधिकृत, विद्यालय शिक्षक किताबखाता***

## म्याद थपको पैसा ?

१. शिक्षा नियमावलीको दफा ८७ क मा अस्थायी शिक्षकको म्याद थप गर्नुपर्ने व्यवस्था छ। डोल्पा जिल्लामा व्यवस्थापन समितिले म्याद थपको लागि जिशिकामा सिफारिश गर्ने र जिशिकाबाट म्याद थप गर्ने अभ्यास चल्दै आएको छ। त्यसबापत जिशिकाले रु.६०० लिने गरेको छ। जिशिकाले म्यादका निम्ति त्यसरी रकम लिन मिल्छ ? साथै म्याद थप्ने काम व्यवस्थापन समितिको हो कि जिशिकाको ? व्यवस्थापन समितिले म्याद थपको जानकारी जिशिकालाई दिए मात्रै पुग्दैन र ?

२. समान विषय र पदका अस्थायी शिक्षकको जिल्लान्तर सरुवा हुन्छ कि हुँदैन ?

**गोपालप्रसाद भुषाल**
**जनप्रभा उमावि, लिकु, डोल्पा**

*१. अस्थायी शिक्षकको म्याद थप्ने काम विद्यालय व्यवस्थापन समितिकै हो। म्याद थपिएपछि अभिलेखका निम्ति त्यसको जानकारी जिशिकामा दिनुपर्छ। जिशिकाले आफ्नो कोष व्यवस्थापनको निम्ति जिल्ला शिक्षा समितिबाट निर्णय गराएर शुल्क लिन सक्छ।*

*२. अस्थायी शिक्षकको जिल्लान्तर सरुवा गर्न मिल्दैन।*

***टेकनारायण पाण्डे***
***निर्देशक, शिक्षा विभाग***

## द्विविधा पर्‍यो

सरकारले माध्यमिक विद्यालयमा दिएको विद्यालय सहायक (लेखापाल) दरबन्दीमा पहिलेदेखि कार्यरत शिक्षक, जसले लेखापालको समेत जिम्मेवारी सम्हाल्दै आएको छ, उसले आफ्नोसँगै लेखापालको पनि तलब खान पाउँछ कि लेखापालमा नयाँ नियुक्ति गर्नुपर्ने हो ?

**कुमार बयलकोटी**
**धरान-१७, रेलवे, सुनसरी**

*शिक्षकको मूल काम पढाउनु हो, लेखा अभिलेख राख्नु उसको काम होइन। लेखापालका निम्ति विद्यालयलाई छुट्टै अनुदान दिन थालिएको छ। सो अनुदानबाट तलब खुवाउने गरी छुट्टै लेखापाल नियुक्त गर्नुपर्छ।*

***टेकनारायण पाण्डे***
***निर्देशक, शिक्षा विभाग***

**sms प्रतिक्रियाका लागि jj<space>5006**

YOUR COMPLETE NEWS.



# Real फुर्सद



## शब्द खेल-५०



**तेर्सो**

१) पलेंटीको माथिल्लो भाग
५) आउने साल/आउँदो वर्ष
६) राम्रो किसिमको आनीबानी/सभ्य आचरण
७) दाजुभाइहरूमा जन्मका क्रमले दोस्रो
८) कुनै उद्योग-उत्पादनको निम्ति पहिले गरिएको खर्च
१०) खानेपिउने सामग्री/रसदपानी
१२) श्लोक
१४) नगर
१७) जमिनमा खनेर पानीको मूल भेट्टाई गोलाकार गारो लगाएर बनाइएको गहिरो खाल्डो
१९) कसैको प्रश्नको उत्तर
२१) मनभोग
२२) जरा भएको/मूलसहितको
२३) जुवा खेल्दा कौडा हान्ने ठाउँ
२४) कहानी

**ठाडो**

२) एकजात नढाँटीकन/सफासफी
३) पृथ्वीभन्दा तल मानिएको सात लोकमध्ये पहिलो लोकको नाम
४) स्प्रिङ; ५) भर्खरै जन्मेको शिशु/दूधमुखे बालक
९) कसैको प्रशंसा वा स्तुति
१०) मनको कुनै किसिमको आवेग वा क्रोध
११) सिंचाइका निम्ति बनाइएको नदी जस्तो पानीको स्रोत
१२) सिउने भाव, क्रिया वा प्रक्रिया
१३) परम्परागत रूढिवादी
१५) पुराणअनुसार देव, दानव मिलेर समुद्र मन्थन गर्दा निस्केको कडा विष
१६) नोकरी/उपकार
१८) उमेर नपुगेको केटो वा केटी
१९) पट्ठो/तरूनो; २०) खेतबारीमा हुने उब्जनी

**नामः** _ _ _ _ _ _ _

**ठेगानाः** _ _ _ _ _ _ _

## अन्ताक्षरी-५०



१) क्रम वा स्थितिको बेमेल (६)
२) लडाइँको मैदान (४)
३) कुनै गुप्त कुराको परामर्श (४)
४) बिगार्ने वा भत्काउने जस्ता विध्वंशकारी कार्य (४)
५) भित्रपट्टि रूवा वा भुवा भरेर बनाइएको बाक्लो बिछ्यौना (३)
६) नाता-कुटुम्ब (४)
७) काम छिट्टै टुङ्ग्याउनका निम्ति गरिने हतारो (३)
८) परस्परमा ताकिने काम (४)
९) असाधारण वा असामान्य काम/कमाल/चमत्कार (४)
१०) सिरीखुरी स्वाहा भएको/कङ्गाल (५)
११) बीचको/मझौला (३)
१२) रातका बीचको समय (४)
१३) घाम, आगो आदिको गर्मीको चर्को असर (३)
१४) धान कुट्ने, पीठो पिंध्ने यन्त्र आदि राखिएको घर वा कोठा (४)
१५) तडकभडक बढाउने किसिमको रमझम (६)

**नामः** _ _ _ _ _ _ _ _ _ _

**ठेगानाः** _ _ _ _ _ _ _ _ _

**शब्दखेल-४८ को सही उत्तर**

तेर्सोः १) सरम ४) गाँस ६) नखरा ८) धमाधम ९) सजाय १०) मलमास १२) कलाकार १५) सल्लाह १६) रामायण १८) तलुवा २०) गफ २१) नाइके ।

ठाडोः १) सही २) महिमा ३) जनमत ५) समय ७) रासलीला ८) धवल ११) मातहत १३) कारण १४) कारावास १५) सजग १७) यमुना १९) ढोके ।

**अन्ताक्षरी-४८ को सही उत्तर**

१) अदलबदल २) लर्तरो ३) रोकथाम ४) महसूस ५) सहानुभूति ६) तिरस्कृत ७) तर्जुमा ८) मार्मिक ९) कठालो १०) लोकाचार ११) रहनसहन १२) नक्कलझक्कल १३) लगायत १४) तराजु १५) जुम्ल्याहा ।

**सामान्यज्ञान-४८ को सही उत्तर**

१. (क) सदर मुलुकी खाना; २. (ग) १०;
३. (घ) अमेरिका; ४. (ख) १०; ५. (घ) मन्त्री




## फुर्सद






### सुडोकु-५०

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | ३ | | | | | ४ | | १ |
| | | | | | ४ | ८ | | २ |
| ७ | ५ | | | २ | | | | |
| | ८ | | | ९ | | | | |
| | | ७ | ४ | १ | ५ | २ | | |
| | | | | ७ | | | ३ | |
| | | | | ८ | | | २ | ६ |
| ५ | | १ | ३ | | | | | |
| ८ | | ३ | | | | | ४ | ५ |

नामः _ _ _ _ _ _ _ _

ठेगानाः _ _ _ _ _ _ _ _

### सुडोकु-४८ को समाधान

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | ४ | १ | २ | ९ | ८ | ७ | ६ | ५ |
| ६ | ९ | ७ | ३ | १ | ५ | ८ | ४ | २ |
| ८ | २ | ५ | ६ | ७ | ४ | ९ | १ | ३ |
| ५ | ७ | ६ | १ | ४ | २ | ३ | ९ | ८ |
| ९ | ३ | २ | ७ | ८ | ६ | १ | ५ | ४ |
| १ | ८ | ४ | ९ | ५ | ३ | ६ | २ | ७ |
| २ | ५ | ३ | ८ | ६ | १ | ४ | ७ | ९ |
| ७ | ६ | ८ | ४ | २ | ९ | ५ | ३ | १ |
| ४ | १ | ९ | ५ | ३ | ७ | २ | ८ | ६ |






### सामान्यज्ञान-५०

१. राष्ट्रिय गान नभएको देश कुन हो ?
(क) टर्की (ख) माल्टा (ग) क्यूवा (घ) साइप्रस

२. नेपालीहरूले 'भीम' अर्थात् माहिला पाण्डव भीमसेनलाई के को देवताका रूपमा पुज्छन् ?
(क) बल/सौर्यका देवता (ख) धन-सम्पत्तिका देवता
(ग) युद्धका देवता (घ) सकाल या अन्नका देवता

३. गायत्री मन्त्र कुन वेदको ऋचा हो ?
(क) ऋग्वेद (ख) यजुर्वेद (ग) सामवेद (घ) अथर्ववेद

४. अंग्रेजीका २६ वर्णमध्ये सबैभन्दा बढी प्रयोग हुने अक्षर E हो भने कम प्रयोग हुने चाहिं कुन हो ?
(क) X (ख) Z (ग) Y (घ) Q

५. विश्वमै पहिलो पटक मताधिकार पाउने भाग्यमानी महिलाहरू कुन देशका थिए ?
(क) संयुक्त राज्य अमेरिका (ख) बेलायत
(ग) न्युजिल्याण्ड (घ) फ्रान्स

नामः _ _ _ _ _ _ _ _

ठेगानाः _ _ _ _ _ _ _ _





***शिक्षक* को वार्षिक सङ्ग्रह २०६८ का केही प्रति बिक्रीमा छन् ।**

*शिक्षक* संकलन गर्न इच्छुक व्यक्ति वा संस्थाले कार्यालयमा सम्पर्क गर्नुहोला ।

फोनः ५५४३२५२, ५५४८१४२

# सही समाधान पठाउने सहभागी र पुरस्कार विजेता

**शब्दखेल-४८ः सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *प्रतिमा पौडेल,* जयकालिका मावि, कालिका-४, बर्दिया**

**सही समाधान पठाउने अन्य सहभागी**

- सरिता पौडेल (आचार्य), रामेश्वर मावि, बराम्ची-१, सिन्धुपाल्चोक
- लक्ष्मीप्रसाद सुवेदी, राधाकृष्ण उमावि, च्यानडाँडा, खोटाङ
- दिव्यराज सुवेदी, पञ्चकन्या प्रावि, ओख्रे-१, भोजपुर
- शारदा कार्की/गंगा खत्री, महाकालेश्वर प्रावि, चित्तपोल-६, भक्तपुर
- हेमबहादुर श्रेष्ठ, हरिकृष्ण कोइराला/भरत ढकाल, प्रभात निमावि, बाशेश्वर-१, सिन्धुली
- मीना श्रेष्ठ, भीमेश्वर निमावि, ल्याङ्ल्याङ्-५, रामेछाप
- खड्गराज कार्की, गुदेल मावि, गुदेल, सोलुखुम्बु
- एलिजा कोइराला, प्रभात निमावि, बाशेश्वर-१, सिन्धुली
- कमला श्रेष्ठ, दियाले-३, ओखलढुंगा
- नेत्रबहादुर के.सी., जनकल्याण उमावि, चिति, लमजुङ
- उषाकिरण घिमिरे, जनजीवन उमावि, पोकली-३, ओखलढुंगा
- भीमप्रसाद घिमिरे, चम्पादेवी निमावि, पोकली-९, ओखलढुंगा
- शान्ता गेलाल, भाषा निमावि, वडकादियाले-५, खोटाङ
- माधवप्रसाद भट्टराई, रा.ज. उमावि, भ्रमरपुरा, महोत्तरी
- रजत कुवँर/सुजाता थापा/सुमन थापा/नविना थापा, सप्तधारा मावि, जीता-८, लमजुङ
- खिलाराज खतिवडा/खड्गबहादुर खत्री, ज्यू मावि, सुन्तले, खोटाङ
- चक्रबहादुर पौडेल, देवकोटा मावि, मधुमल्ला-३, मोरङ
- डिकबहादुर तामाङ, निमावि सर्गवास, तावाश्री-९, उदयपुर
- विष्णुहरि तिवारी/गुणराज ढकाल/त्रिलोकप्रसाद सेढाइ, सप्तधारा मावि, जीता-८, लमजुङ
- नारायणप्रसाद गिरी, निमावि सर्गवास, तावाश्री-९, उदयपुर
- रामकुमार श्रेष्ठ, भीमेश्वर निमावि, ल्याङ्ल्याङ्, रामेछाप
- मनमोहन सुन्दर श्रेष्ठ, दुर्गा मावि, चन्द्रनिगाहापुर-१, रौतहट
- रामचन्द्र अधिकारी/सरोज अधिकारी, जलकन्या निमावि, बैरेनी-६, धादिङ
- देवीमाया प्रधान, कुलकेशर राई, लक्ष्मीनारायण प्रावि, वास्तिम-४, भोजपुर
- गोविन्दप्रसाद ढुङ्गाना, भालचन्द्र मावि, रयाले-३, काभ्रे
- फाल्गुना दाहाल, नवदुर्गा प्रावि, धनगढी न.पा.-१२, कैलाली
- दुर्गा परियार, चन्द्रकला प्रावि, प्यूरे इरौटार-२, इलाम
- वर्षा धिताल, हेटौंडा एकेडेमी, हेटौंडा
- झनकमान श्रेष्ठ, भगवती मावि, चित्लाङ सिद्धकाली-९, संखुवासभा
- सीताराम पौडेल, राम मावि, चोकटी, सिन्धुपाल्चोक
- रमेश ढकाल, लालीगुराँस एकेडेमी, ईश्वरपुर-२, सर्लाही
- अन्जु/अनु/डाकमान/खगेन्द्र/चन्द्र, आदरणीय निमावि, माइपोखरी-७, इलाम
- केशवराज पौडेल, अमरकल्याण उमावि, नयाँबजार, इलाम
- वासुदेव ढकाल, जनजाजृति प्रावि, खोटाङबजार-७, खोटाङ
- सपना उपाध्याय, वीरेन्द्रनगर न.पा.-८, ईत्राम, सुर्खेत
- मनकुमार राई, ठाकुरदेवी उमावि, आँखीसल्ला-५, थलथले, धनकुटा
- विलीन मल्ल, झाँ.रा.-२, बोहोरेटार, सिन्धुली
- केदारनाथ नेपाल, जनता मावि, ज्यामिरे-३, सिन्धुपाल्चोक
- जयप्रसाद पौड्याल, वीरेन्द्रनगर न.पा.-८, ईत्राम, सुर्खेत
- हरिनारायण गौतम, भगवती मावि, चित्लाङ सिद्धकाली-९, संखुवासभा
- फूलमाया लामा, बिजुलीकन्या निमावि, मेच्छे-४, चोपटार, काभ्रे
- राजकुमार तिम्सिना, पीपलडाँडा देवीस्थान उमावि, मंगलटार, खोटाङ
- लीलाधर जोशी, मालिकार्जुन मावि, रिठाचौपाता-६, दार्चुला
- पल्लवराज जोशी, गोकुलेश्वर बहुमुखी क्याम्पस, दार्चुला
- पल्लवराज जोशी/मोहनदेव जोशी, रिठाचौपाता-८, मैखोली, दार्चुला
- दलमन पुन मगर, धवाङ-५, रोल्पा
- विमलप्रसाद देवकोटा, जनज्योति उमावि, लालबन्दी, सर्लाही
- राधाकृष्ण रेग्मी, जयकालिका मावि, कालिका-४, बर्दिया
- दीपकराज जोशी, सेटीगाउँ उमावि, गोकुलेश्वर, बैतडी
- पशुपतिनाथ योगी, उमावि सेटीगाउँ, गोकुलेश्वर, बैतडी
- विष्णुप्रसाद पौडेल, कालिका मावि, शारदा बतासे-१, काभ्रे
- हेमचन्द्र अधिकारी, भारती उमावि, हात्तीखर्क-६, धनकुटा
- खोपीराम अधिकारी, नेरा उमावि, रेख, फलावाङ्, सल्यान
- डिल्लीबहादुर बुढाथोकी, नेरा उमावि, रेख, फलावाङ्,सल्यान
- गुप्तबहादुर भण्डारी, महेन्द्र निमावि, मलम्पार-७, म्याग्दी
- मनोज राई, ठाकुरदेवी उमावि, आँखीसल्ला-६, धनकुटा
- हरिनारायण खतिवडा, शारदा सं. उमावि, रामेछाप
- नारायणप्रसाद नेपाल, जुगल प्रावि, बतासे-४, सिन्धुपाल्चोक
- भीमबहादुर जर्घा मगर, जनज्योति उमावि, लालबन्दी, सर्लाही
- विमलादेवी जर्घा मगर, अम्बर ज्यान निमावि, जब्दी, सर्लाही
- मनोरमा राजभण्डारी, भैरवनाथ प्रावि, प्यूठान
- कमलप्रसाद फुयाल, नेत्रकाली उमावि, आँपडाँडा, सिन्धुली
- मीनकुमार दाहाल, शीतला मावि, खाल्ले, खोटाङ
- भवानीशंकर ढकाल, शिक्षा निकेतन मावि, मिर्गौलिया-९, मोरङ
- कृष्णकुमार श्रेष्ठ, बालज्योति मावि, तिल्पुङ-९, रामेछाप
- सयुषा फुयाल, जुनेली इ.बो.स्कूल, मकवानपुरगढी-६, मकवानपुर
- भीमकुमारी खतिवडा (नेपाल), चौतारा-५, सिन्धुपाल्चोक
- दिनेशकुमार लामिछाने, जालपादेवी मावि, आमभञ्ज्याङ, मकवानपुर
- वसन्तकुमार सिग्देल, भीम उमावि, वाडभञ्ज्याङ-३, काठमाडौं
- नरेन्द्रकुमार श्रेष्ठ, तमोर भ्याली से.बो.स्कूल, धनकुटा
- फिरीनी कुमार चौधरी/सोविन चौधरी, जनता प्रावि, दुलारी-५, मोरङ
- फणिन्द्रकुमार दनुवार, जनज्योति प्रावि, रिस्कु-४, उदयपुर
- पुष्पा थापा मगर, महेन्द्रोदय मावि, राम्जाकोट-५, तनहुँ
- रामजी राउत, जनज्योति प्रावि, रिस्कु-४, उदयपुर
- काशीनाथ अधिकारी, भुमेदेवी प्रावि, कल्याणपुर-४, नुवाकोट

**अन्ताक्षरी-४८ः सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *फाल्गुना दाहाल,* नवदुर्गा प्रावि, धनगढी न.पा.-१२, कैलाली**

**सही समाधान पठाउने अन्य सहभागी**

- चन्द्रप्रसाद वली/राम ब.रोकाया, भैरव मावि, धुपिढुस्का, तलिउम, जुम्ला
- गोविन्दप्रसाद ढुङ्गाना, भालचन्द्र मावि, रयाले-३, काभ्रे
- तत्रबहादुर लोप्चा, चन्द्रकला प्रावि, प्यूरे-२, इलाम
- अर्जुन रेग्मी, ने.रा. उमावि, रेख, सल्यान
- रिमाकुमारी अधिकारी (बराल), जनज्योति उमावि, लालबन्दी, सर्लाही
- विमलादेवी जर्घा मगर, अम्बरज्यान मावि, जब्दी, सर्लाही
- मनोज राई, ठाकुरदेवी उमावि, आँखीसल्ला-६, धनकुटा
- डिल्लीराम चपाई, खाँडदेवी उमावि, चौरासे, सुर्खेत
- भीमबहादुर जर्घा मगर, जनज्योति उमावि, लालबन्दी, सर्लाही
- गोपाल पौडेल, ईश्वरीप्रसाद पौडेल, कृष्ण श्रेष्ठ, सोनिया गुरूङ/साङगे शेर्पा/टुकराज अर्याल/राजेश, अरनिको उमावि, राङभाङ-५, स्याङ्जा
- सपना उपाध्याय, वीरेन्द्रनगर न.पा.-८, ईत्राम, सुर्खेत
- नारायणप्रसाद भण्डारी, माछापुच्छ्रे उमावि, ढिकुरपोखरी-४, कास्की
- हिमकुमारी के.सी. (वली), निमावि भाबाङ, रोल्पा
- सरिता तिमल्सेना, भाषा निमावि, वडकादियाले-५, खोटाङ
- झलकबहादुर श्रेष्ठ, भीमेश्वर निमावि, ल्याङ्ल्याङ्, रामेछाप
- डिल्लीबहादुर बुढाथोकी, ने.रा. उमावि, रेख, सल्यान
- उमा श्रेष्ठ, भगवती कोइराला, प्रभात निमावि, बाशेश्वर-१, सिन्धुली
- जगतबहादुर लामिछाने, पञ्च स्वरूप प्रावि, तिलाहार-७, पर्वत
- विलिन मल्ल, झाँ.रा.-२, बोहोरेटार, सिन्धुली
- नारायणप्रसाद नेपाल, जुगल प्रावि, बतासे-४, सिन्धुपाल्चोक
- कान्तिबहादुर रायमाझी, दुर्गानदी प्रावि, मझुवा-४, रामेछाप
- शिवप्रसाद अधिकारी, सरस्वती प्रावि, थाकलचौर, मकवानपुर
- कमलप्रसाद फुयाल, नेत्रकाली उमावि, आँपडाँडा, सिन्धुली
- शनिराम यादव, शंकर निमावि, खरदरिया, दाङ
- नारायण सुनुवार, गोल्माडाँडा प्रावि, रामपुर-८, रामेछाप
- कमल भण्डारी, सरस्वती निमावि, कचल-९, पाल्पा
- दीपकराज जोशी, सेटीगाउँ उमावि, गोकुलेश्वर, बैतडी
- केशवराज पौडेल, अमरकल्याण उमावि, नयाँबजार, इलाम
- टेकबहादुर भुँवाजी, ज्ञानेन्द्र प्रावि, तिलाहार-९, पर्वत
- सिंहबहादुर गुरूङ/जीतबहादुर गुरूङ/चिनबहादुर वि.क./शोभा रेग्मी, सप्तधारा मावि, जीता-८, लमजुङ
- मनमोहन सुन्दर श्रेष्ठ, दुर्गा मावि चन्द्रनिगाहपुर-१, रौतहट
- शिवकुमार अधिकारी/पुष्पराज रेग्मी/प्रदिप थापा, सप्तधारा मावि, जीता-८, लमजुङ
- रामप्रसाद शर्मा, बालमन्दिर निमावि, सिंगा, म्याग्दी
- गोपाल पौडेल/लक्ष्मी पौडेल/इन्द्रप्रसाद सुवेदी/लक्ष्मी सुवेदी, देउदी-२, स्याङ्जा
- प्रतिमा पौडेल, जयकालिका मावि, कालिका-४, बर्दिया
- रमेश दाहाल/ भीमबहादुर मगर/खड्गबहादुर खत्री, ज्यू मावि, सुन्तले, खोटाङ
- बलराम चौलागाई, मण्डलीदेवी प्रावि, भीमफेदी-१, मकवानपुर
- रामराज पौडेल, बहादुरे उमावि, भदौरे-१, कास्की
- पशुपतिनाथ योगी, उमावि सेटीगाउँ, गोकुलेश्वर, बैतडी
- विवेक तिमल्सिना, मोलिशी, कुमारीपाटी, ललितपुर
- खिमनाथ शर्मा, धवलागिरि मावि, सिंगा-६, म्याग्दी
- देवनारायण चौधरी, थानपोखरी उमावि, ज्यामिरेझोर, उदयपुर
- जयप्रसाद पौड्याल, वीरेन्द्रनगर न.पा.-८, ईत्राम, सुर्खेत
- लीलाधर जोशी, मालिकार्जुन मावि, तेलीगाउँ, दार्चुला
- दिव्यराज सुवेदी, पञ्चकन्या प्रावि, ओख्रे-१, भोजपुर
- नेत्रबहादुर के.सी., जनकल्याण उमावि, चिति, लमजुङ
- अर्जुनबहादुर लामिछाने, तिलाहार-७, रातमाटा, पर्वत
- प्रस्तुति चौलागाई, जुनेली इ.बो.स्कूल, गढी-६, मकवानपुर
- मनोज पौडेल, जयकालिका मावि, कालिका-४, बर्दिया
- निरञ्जन रावल, टीकापुर न.पा.-९, कैलाली
- विष्णुप्रसाद पौडेल, कालिका मावि, बतासे-१, काभ्रे
- मोहनदेव जोशी/पल्लवराज जोशी, रिठाचौपाता-८, दार्चुला
- विमलप्रसाद देवकोटा, जनज्योति उमावि, लालबन्दी, सर्लाही
- पल्लवराज जोशी, गोकुलेश्वर क्याम्पस, गोकुलेश्वर, दार्चुला
- नविना राई, टीका विद्याश्रम उमावि, सानेपा, ललितपुर
- राधाकृष्ण रेग्मी, जयकालिका मावि, बर्दिया
- मनकुमार राई, ठाकुरदेवी उमावि, आँखीसल्ला-६, धनकुटा
- दुतबहादुर गर्बुजा (पुन), महादेव मावि, बेगखोला-२, म्याग्दी
- एलिजा कोइराला/रन्जना कोइराला, प्रभात निमावि, बाशेश्वर-१, सिन्धुली
- हरिनारायण गौतम, भगवती मावि, सिद्धकाली-९, संखुवासभा
- गुप्तबहादुर भण्डारी, महेन्द्र निमावि, मलम्पार-७, म्याग्दी
- हरिनारायण खतिवडा, शारदा सं. उमावि, रामेछाप-३, रामेछाप
- होमनाथ पराजुली, सिंहबाहिनी प्रावि, हेलौंछा-५
- मीनकुमार दाहाल, शीतला मावि, खाल्ले, खोटाङ
- हेमचन्द्र अधिकारी, भारती उमावि, हात्तीखर्क-६, धनकुटा
- जीवनाथ शर्मा, तिलाहार-७, पर्वत
- श्रीराम सिंखडा, महालक्ष्मी निमावि, छत्रेदेउराली-६, धादिङ
- वासुदेव ढकाल, जनजागृति प्रावि, खोटाङबजार-७, खोटाङ
- कुलकुमार सापकोटा, छतिवन-५, गोठखोला, मकवानपुर
- विपिन सिग्देल, वाडभञ्ज्याङ-३, काठमाडौं
- रामचन्द्र अधिकारी/सविता भण्डारी/दीपक/पूर्णलाल/मञ्जु/सुमन तामाङ, जलकन्या निमावि, बैरेनी-६, धादिङ
- वर्षा धिताल, हेटौंडा एकेडेमी, हेटौंडा
- सुरज कार्की, सरस्वती निमावि, कचल-९, पाल्पा
- कौशिला कठायत, जगन्नाथ-८, बाजुरा
- झनकमान श्रेष्ठ, भगवती मावि, चित्लाङ, संखुवासभा
- माधवप्रसाद भट्टराई, रा.ज.उमावि, भ्रमरपुरा, महोत्तरी
- भगतप्रसाद दाहाल, लालीगुराँस एकेडेमी, ईश्वरपुर-२, सर्लाही
- प्रेमेन्द्रप्रसाद बराल, देवकोटा मावि, मधुमल्ला-३, मोरङ
- धनराज सापकोटा, कालिका कन्या मावि, कम्पुटोल, बाग्लुङ
- रामबहादुर विष्ट, जनता मावि, ज्यामिरे-३, सिन्धुपाल्चोक
- खड्गविक्रम विष्ट, वैजनाथ मावि, गैलनडी सुडा-९, कञ्चनपुर
- मोतीकुमार थापा, बालज्योति सामुदायिक, बाजुङ-२, पर्वत
- दलमन पुन मगर, धबाङ-५, रोल्पा
- दामोदर भुजेल/कृष्णहरि कार्की, महाकालेश्वर प्रावि, चित्तपोल-६, भक्तपुर
- रामकृष्ण तिमल्सिना/शंकरप्रसाद घिमिरे/नानीबाबु बन्जरा, बालेश्वरी उमावि, भारदेउ-१, ललितपुर
- रामजी राउत, जनज्योति प्रावि, रिस्कु-४, उदयपुर
- कुमारी थापा मगर, दीपेन्द्र मावि, रिस्कु-६, उदयपुर
- फणिन्द्रकुमार दनुवार, जनज्योति प्रावि, रिस्कु-४, उदयपुर
- पुष्पा थापा मगर, महेन्द्रोदय मावि, राम्जाकोट-५, तनहुँ

**सुडोकु-४८ः सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *निमकला सुनार,* जनसेवा प्रावि, खिल्जी-६, अर्घाखाँची**

**सही समाधान पठाउने अन्य सहभागी**

- स्वामी दयाल थारू, प्रगति निमावि, मैनापोखर-६, बर्दिया
- कमलप्रसाद फुयाल, नेत्रकाली उमावि, आँपडाँडा, सिन्धुली
- भजुराम के.सी., बागेश्वरी उमावि, बैरेनी, धादिङ
- नीलहरि लामिछाने, प्रभात निमावि, बाशेश्वर-१, सिन्धुली
- सयुषा फुयाल, जुनेली इ.बो.स्कूल, गढी-६, मकवानपुर
- श्रवणकुमार चौधरी, जनता मावि, दुलारी-८, मोरङ
- फिरिनीकुमार चौधरी, जनता प्रावि, दुलारी-५, मोरङ
- रन्जना कोइराला, प्रभात निमावि, बाशेश्वर-१, सिन्धुली
- संजय चौधरी, नवज्योति निमावि, खैलाड-२, कैलाली
- रामकुमार श्रेष्ठ, भीमेश्वर निमावि, ल्याङ्ल्याङ्, रामेछाप
- गंगा भुसाल, नुवाकोट मावि, अर्घाखाँची
- विवेक तिमल्सिना, कुमारीपाटी, ललितपुर
- गोविन्दप्रसाद अधिकारी/रामचन्द्र अधिकारी, जलकन्या निमावि, बैरेनी-६, धादिङ
- सरिता तिमल्सेना, भाषा निमावि, बडकादियाले-५, खोटाङ
- रमेशकुमार पराजुली, सिंह बाहिनी प्रावि, हेलौंछा-५, भोजपुर
- रामप्रसाद शर्मा, बालमन्दिर निमावि, सिंगा म्याग्दी
- टेकबहादुर भुँवाजी, ज्ञानेन्द्र प्रावि, तिलाहार-९, पर्वत
- दीपकराज जोशी, सेटीगाउँ उमावि, गोकुलेश्वर, बैतडी
- विष्णुदत्त भट्ट, सिद्धनाथ निमावि, बागफाँट, कञ्चनपुर
- नारायणप्रसाद गिरी, निमावि, सर्गवास, उदयपुर
- सन्तोषी न्यौपाने, सौभाग्योदय उमावि, चक्रतीर्थ-५, लमजुङ
- नेत्रबहादुर के.सी., जनकल्याण उमावि, चिति, लमजुङ
- लक्ष्मीप्रसाद आचार्य, साप्सु निकेतन प्रावि, याम्खा-८, खोटाङ
- सुरज कार्की, कचल-५, पाल्पा
- कमल भण्डारी, सरस्वती निमावि, कचल-९, पाल्पा
- बालकृष्ण श्रेष्ठ, सेतीदेवी प्रावि, बेनी-१, सोलुखुम्बु
- चित्रकला खपाङ्गी मगर, बालज्योति प्रावि, पंचावती-३, उदयपुर
- हरिप्रसाद शर्मा, जयकालिका मावि, बर्दिया
- गोविन्दप्रसाद ढुंगाना, भालचन्द्र मावि, रयाले-३, काभ्रे
- लोकबहादुर गरौजा मगर, ज्ञानोदय निमावि, सिथौली-४, सिन्धुली
- उद्धवप्रसाद सापकोटा, महेन्द्र उमावि, छतिवन, मकवानपुर

# फुर्सद



- सपना उपाध्याय, वीरेन्द्रनगर न.पा.-८, ईत्राम, सुर्खेत
- जगतबहादुर लामिछाने, पञ्चस्वरूप प्रावि, तिलाहार-७, पर्वत
- मोहनदत्त जोशी, निमावि जायझुल, दार्चुला
- अर्जुनबहादुर लामिछाने, तिलाहार-७, रातमाटा, पर्वत
- पल्लवराज जोशी/मोहनदेव जोशी, रिठाचौपाटा-८, दार्चुला
- जीवननाथ शर्मा, तिलाहार-७, रातमाटा, पर्वत
- सुजन मगर, डुम्रे-२, उदयपुर
- सीताराम पौडेल, राम मावि, चोकटी, सिन्धुपाल्चोक
- कृष्णकुमार श्रेष्ठ, सरस्वती उमावि, बोर्लाङ, गोरखा
- मनोज पौडेल, कालिका मावि, कालिका-४, बर्दिया
- रंगलाल सुनुवार, गोल्माडाँडा प्रावि, रामपुर-८, रामेछाप
- चन्द्रबहादुर श्रेष्ठ, भीमेश्वर निमावि, ल्याङ्ल्याङ्, रामेछाप
- बलराम चौलागाई, मण्डलीदेवी प्रावि, भीमफेदी-१, मकवानपुर
- राजेन्द्र कु. सुनुवार, चम्पादेवी निमावि, पोकली-९, ओखलढुंगा
- श्रीराम सिंखडा, महाकाली निमावि, छत्रेदेउराली-६, धादिङ
- सनतप्रसाद श्रेष्ठ, महेन्द्र उमावि, खलंगा, प्यूठान
- भागीरथ काफ्ले, जनचेतना मावि, दुधराक्ष-५, रूपन्देही
- कृष्णकुमार श्रेष्ठ (मोहन), बालज्योति मावि, तिल्पुङ-९, रामेछाप
- डिल्लीराम चपाई, खाँडदेवी उमावि, चौरासे, सुर्खेत
- निराजन ढकाल, मिर्गौलिया-९, मोरङ
- काजीबहादुर थापा/तीर्थराज गौली/मनु गिरी/निर्मला तिवारी, सप्तधारा मावि, जीता-८, लमजुङ
- दीपेन्द्रकुमार झा, भीमेश्वर मावि, रामपुर-७, रामेछाप
- हेमचन्द्र अधिकारी, भारती उमावि, हात्तीखर्क-६, धनकुटा
- मोहविर राना, राँक-३, बल्ले, रोल्पा
- दिवाकर कुइँकेल, जनता मावि, ज्यामिरे-३, सिन्धुपाल्चोक
- मनकुमार राई, ठाकुरदेवी उमावि, आँखीसल्ला-६, धनकुटा
- रमेश दाहाल/खिलराज खतिवडा, ज्यू मावि, सुन्तले, खोटाङ
- विलिन मल्ल, झाँ.रा.-२, बोहोरेटार, सिन्धुपाल्चोक
- दिनेश योल्मो, पशुपतिनगर-९, इलाम
- अशोककुमार थिङ तामाङ, मझुवा-४, सिन्धुली
- रामकृष्ण तिमल्सिना/शंकरप्रसाद घिमिरे, बालेश्वरी उमावि, भारदेउ-१, ललितपुर
- वर्षा धिताल, हेटौंडा एकेडेमी, हेटौंडा
- शिवप्रसाद अधिकारी, सरस्वती प्रावि, थाकलचौरा, मकवानपुर
- होमबहादुर बुढाथोकी, पीपलनाथ निमावि, रुँघा-४, रूकुम
- जयप्रसाद पौड्याल, वीरेन्द्रनगर न.पा.-८, सुर्खेत
- रामरोशनी बस्नेत, सरस्वती उमावि, पेदीखोला, सल्यान
- हरिनारायण खतिवडा, शारदा स.उमावि, रामेछाप-३, रामेछाप
- श्याम थापा, चैनपुर-९, संखुवासभा
- चूर्णप्रसाद भण्डारी, ने.रा. उमावि, रेख, सल्यान
- तोयाराज अवस्थी, निमावि, जायझुल, दार्चुला
- विकास तामाङ, बालोदय प्रावि, इलमपोखरी-३, लमजुङ
- देवनारायण चौधरी, थानपोखरी उमावि, ज्यामिरेझोर, उदयपुर
- झनकमान श्रेष्ठ, भगवती मावि, चित्लाङ, संखुवासभा
- पवन पन्त, काँकडभिट्टा उमावि, मे.न.पा.-१०, झापा
- केदारप्रसाद तिमल्सिना, भानु उमावि, गढी-५, मकवानपुर
- रूद्रबहादुर श्रेष्ठ, कदमबास-१, लप्से, सिन्धुपाल्चोक
- राजकुमार कार्की, गणेश मावि, शिखरपुर, काभ्रे
- प्रदिप मुक्तान, गणेश मावि, शिखरपुर, काभ्रे
- लालबहादुर डि.सी., मावि सिमघाट, सुर्खेत
- पशुपतिनाथ योगी, उमावि सेटीगाउँ, गोकुलेश्वर, बैतडी
- भीमकान्त यादव, बेला शंकर निमावि, खरदरिया, दाङ
- टेकबहादुर चौहान, महेन्द्रोदय मावि, बोया, भोजपुर
- गुनी यादव, निमावि सर्गवास, तावाश्री-९, उदयपुर
- विनु रोका मगर, हिमाल मावि, धबाङ-३, रोल्पा
- नन्दबहादुर वली, बागेश्वरी निमावि, भाबाङ, रोल्पा
- राधाकृष्ण रेग्मी, जयकालिका मावि, कालिका-४, बर्दिया
- नवराज जोशी, डिलेश्वर उमावि, हाट, बैतडी
- विष्णुप्रसाद पौडेल, कालिका मावि, बतासे-१, काभ्रे
- प्रदीपकुमार श्रेष्ठ, ने.रा.उमावि, रेख, सल्यान
- बिन्दुकुमार सुनुवार, दिम्बा प्रावि, भिते-९, ओखलढुंगा
- भीम बोहरा, लक्ष्मी निमावि, लुंग्रा-९, अछाम
- उद्धव खतिवडा, जनता निमावि, पाङचा-६, भोजपुर
- फाल्गुना दाहाल, नवदुर्गा प्रावि, धनगढी न.पा.-१२, कैलाली
- दीपकराज शर्मा, प्रावि कथानडाँडा, धारापानी-९, सुर्खेत
- कमला अधिकारी, सूर्योदय प्रावि, सिन्धुली
- नेत्रबहादुर ऐर, सीताराम प्रावि, बासुदेवी-३, डोटी
- माधवप्रसाद ज्ञवाली, सं. तथा साधारण मावि, रिडी, गुल्मी
- अरविनकुमार मण्डल, कानपुर उमावि, कानपुर-१, काभ्रे
- पल्लवराज जोशी, गोकुलेश्वर क्याम्पस, दार्चुला
- अनिल तामाङ, लाम्पन्टार-४, सिन्धुली
- देवीबहादुर थापा/सुरेशकुमार श्रेष्ठ, शर्मिला श्रेष्ठ/रामबाबु खबास, सप्तधारा मावि, जीता-८, लमजुङ
- मनोरमा राजभण्डारी, भैरवनाथ प्रावि, प्यूठान
- कान्तिबहादुर रायमाझी, दुर्गानदी प्रावि, मझुवा-४, रामेछाप
- प्रकाशबहादुर क्षत्री, सरस्वती मावि, बाजुङ-१, पर्वत
- कैलाश ढकाल, जनता मावि, डुम्रे-१, उदयपुर
- विमलप्रसाद देवकोटा, जनज्योति उमावि, लालबन्दी, सर्लाही
- भीमबहादुर जर्घा मगर, जनज्योति उमावि, लालबन्दी, सर्लाही
- मनोज राई, ठाकुरदेवी उमावि, आँखीसल्ला-६, धनकुटा
- खिमादेवी अधिकारी, जयसन्तोषी माँ प्रावि, हटिया-१, बाग्लुङ
- प्रदीप बोहरा, जिमाली-२, सल्यान
- दुर्गाप्रसाद जोशी, स.ज. मावि, बैवाह, कञ्चनपुर
- वंशीधर कटुवाल, अरूणोदय उमावि, चेपुवा-३, संखुवासभा
- बलबहादुर बृकटा, ने.रा.मावि, कुइनेपानी, सुर्खेत
- रमेश ढकाल, नारायण ब. क्याम्पस, ईश्वरपुर, सर्लाही
- विवेक बुढाथोकी, नेपाल राष्ट्रिय मावि, चुनवाङ-२, रूकुम
- शम्भुप्रसाद अधिकारी, दाङसिंङ मावि, नुवाकोट
- खिमनाथ शर्मा, धवलागिरि मावि, सिंगा, म्याग्दी
- राजाराम चौधरी, मोहन्याल निमावि, कैलाली
- विमलादेवी जर्घा मगर, अम्बरज्यान मावि, मेजरगंज, सर्लाही
- प्रमोदकुमार दास, दीपेन्द्र मावि, रिस्कु-७, उदयपुर
- फणिन्द्रकुमार दनुवार, प्रावि माकुरे, रिस्कु-४, उदयपुर
- काशीनाथ अधिकारी, विदुर न.पा.-९, नुवाकोट
- पुष्पा थापा, महेन्द्रोदय मावि, राम्जाकोट-५, तनहुँ
- रामजी राउत, जनज्योति प्रावि, रिस्कु-४, उदयपुर

**सामान्यज्ञान-४८ः सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *तुल्सीराम न्यौपाने,* अडगुरी-६, अर्घाखाँची**

**सही समाधान पठाउने अन्य सहभागी**

- मनोज राई, ठाकुरदेवी उमावि, आँखीसल्ला-६, धनकुटा
- सपना उपाध्याय, वीरेन्द्रनगर न.पा.-८, ईत्राम, सुर्खेत
- जयप्रसाद पौड्याल, वीरेन्द्रनगर न.पा.-८, ईत्राम, सुर्खेत
- मन कु. राई, ठाकुरदेवी उमावि, आँखीसल्ला-६, धनकुटा
- डिल्लीराम चपाई, खाँडदेवी उमावि, चौरासे, सुर्खेत
- ज्योति पुडासैनी, प्रस्फुटन इन्टरनेशनल स्कूल, काठमाडौं
- नारायणप्रसाद भण्डारी, माछापुच्छ्रे उमावि, ढिकुरपोखरी-४, कास्की

**नियमः** *शब्दखेल, अन्ताक्षरी, सुडोकु* र *सामान्यज्ञान* को सही समाधान पठाउनुहुने पाठकमध्ये गोलाप्रथाबाट छानिएका एक/एक जना विजेतालाई एक वर्षसम्म *शिक्षक* मासिक निःशुल्क (हुलाक खर्चसहित) उपलब्ध गराइनेछ । यस अंकका प्रश्नको जवाफ/समाधान **२० पुस २०६९** सम्ममा *शिक्षक* मासिकको कार्यालयमा आइपुग्नुपर्नेछ । **जवाफ पठाउने ठेगानाः *शिक्षक*** मासिक, पूर्णचण्डी मार्ग, जावलाखेल, पो.ब.नं. ३९१, ललितपुर ।

***पुनश्चः*** *सहभागीहरूले पत्रिकाको 'कटिङ' अनिवार्य पठाउनुपर्नेछ । फ्याक्स, फोटोकपी, इमेल तथा अर्को कागजमा सारेर पठाएको समाधान मान्य हुने छैन ।*



nagariknews.com
The best News Portal of Nepal

# जहाँ नागरिक त्यहाँ नागरिक

दैनिक




नेपाल रिपब्लिक मिडिया

**नेपाल रिपब्लिक मिडिया**
जे.डि.ए. कम्प्लेक्स, बागदरबार, काठमाडौं, फोन: ४२६५१००

आलोपालो



शरच्चन्द्र वस्ती



# लक्ष्मीपूजा !

*धनसम्पत्तिको निरर्थकता र दुष्प्रभावबारे संस्कृत साहित्यमा जति निर्ममतापूर्वक चर्चा गरिएको छ, यसको आवश्यकता, उपयोगिता र सुप्रभावबारे पनि त्यसमा उत्तिकै खरा अभिव्यक्ति पाइन्छन्। अर्थ अर्थात्, धनसम्पत्ति विना जीवन-जगत् चल्न सक्दैन भन्ने धरातलीय यथार्थ आत्मसात् गरिएकैले मानव-जीवनका चार प्रमुख पुरुषार्थमध्ये अर्थलाई महत्त्वपूर्ण स्थान दिइएको छ। नीतिकार भन्छन्:*

*माता निन्दति नाभिनन्दति पिता भ्राता न सम्भाषते*
*भृत्यः कुप्यति नानुगच्छति सुतः कान्ता च नालिङ्गते।*
*अर्थप्रार्थनशङ्कया न कुरुते सम्भाषणं वै सुहृत्*
*तस्मात् द्रव्यमुपार्जय श्रृणु सखे द्रव्येण सर्वे वशाः॥*

अर्थात्, तिमीसँग पैसा छैन भने आमाले निन्दा गर्छिन्, बाबुले उपेक्षा/भर्त्सना गर्छन्, दाजुभाइ बोल्दैनन्, नोकर फन्किन थाल्छ, छोराले टेर्दैन, पत्नीले समेत अँगालो हाल्दिनन्। पैसा माग्ला भन्ने आशंकाले मित्रले पनि बोलचाल गर्न छोडिदिन्छ। त्यसैले ए साथी! पैसा कमाऊ, किनभने पैसाले नै सबैलाई वशमा पार्छ।

*लोकव्यवहार सिकाउने शास्त्र पंचतन्त्र धनको महत्त्व स्पष्ट्याउँदै भन्छ:*

- शील, शुचिता, क्षमा, उदारता, मिजासिलोपन, उच्च कुलको जन्म- यी सबै कुरा धनहीन व्यक्तिमा निरर्थक साबित हुन पुग्छन्।
- मान होस् वा स्वाभिमान, ज्ञान होस् वा भ्रमहीनता अथवा सुबुद्धि- मान्छे धनहीन भयो भने यी सबै एकैचोटि समाप्त हुन्छन्।
- जसरी शिशिरको स्वत्वलाई वसन्तको वायुले क्रमशः समाप्त पार्दै लैजान्छ, त्यसैगरी परिवारको भरणपोषणको चिन्ताले अहोरात्र थिचेपछि बुद्धिमान व्यक्तिको बुद्धि पनि प्रतिदिन क्षीण हुँदै जान्छ।
- साथमा पैसा छैन भने ठूलै बुद्धिमानको बुद्धि पनि रातदिन घिउ-नून-तेल-चामल-कपडा-इन्धन इत्यादिको चिन्तामा रडमडिएर समाप्त हुँदै जान्छ।
- गरीबको घर ख्वाङ्ग हेर्दा राम्रै देखिए पनि तारा हराएको आकाश जस्तो, पानी सुकेको तलाउ जस्तो अथवा श्मशान झैं शोभाहीन हुन्छ।
- शहरवासी नै भए पनि गरीब व्यक्तिहरूलाई- पानीमा लगातार उठ्तै फुट्दै गर्ने फोकालाई झैं- कसैले वास्ता गरिराख्न आवश्यक ठान्दैन।

*यसै क्रममा हितोपदेश याद दिलाउँछ:*

दरिद्र भएपछि अरूका सामु पर्न लाज-संकोच लाग्न थाल्छ, लाजले छोपेपछि आत्मविश्वास गुम्दै जान्छ, आत्मविश्वास गुमेपछि तिरस्कृत भइन्छ, त्यसले निराशा पैदा गर्छ, निराशाले ग्लानि र अवसादतिर धकेल्छ, त्यसपछि बुद्धिले साथ छोड्दै जान्छ, बुद्धि हराएपछि विनाश स्वतः सामुन्ने आइपुग्छ। त्यसैले धनहीन हुनु सबैभन्दा ठूलो समस्या हो- सबै आपत्तिको कारण।

*अर्का नीतिकार गूढोत्प्रेक्षा अलङ्कारको सहायता लिएर दरिद्रताको विडम्बनालाई यसरी चित्रण गर्छन्:*

"ए साथी, दरिद्रताको भारी बोक्ता बोक्ता म थाकिसकें, एक छिनका लागि उठ र यो मेरो भारी बोकिदेऊ, त्यतिन्जेल म तिमीले मृत्युबाट पाएको सुख भोग गर्छु", : निर्धन व्यक्तिले यसो भनेको सुनेपछि (पनि) मसानको मुर्दा 'दरिद्र हुनुभन्दा त मर्नु नै धेरै राम्रो' भन्ने बुझेकाले चूपचाप लडिरह्यो, उठेन।

*पैसा भएपछि चाहिं के हुन्छ भन्नेबारे पंचतन्त्र बताउँछ:*

- रातोदिन घमण्डले उच्चस्वरमा गर्जिरहने समुद्रलाई पनि यस दुनियाँमा कसैले तुच्छ भन्दैन किनभने (धनले) भरिपूर्ण भएकाहरूले जे गरे पनि त्यो लाज र निन्दाको विषय हुँदैन।
- राम्रो कुलमा जन्मेको, गुणी र भलादमी व्यक्तिलाई छोडेर मानिसहरू कुल, गुण र शील शून्य भएको व्यक्ति पनि धनवान छ भने- कल्पवृक्षका पछि लागे झैं- उसकै पछि लाग्छन्।
- पूर्वजन्मका असल कर्महरूको कुरा गर्नु बेकार हो। राम्रो कुलमा जन्मेका, विद्यावान व्यक्तिहरू पनि जहिले जोसँग सम्पत्ति हुन्छ, त्यसबेला उसकै नोकर हुन पुग्छन्।

*महाकवि भर्तृहरि थप्छन्:*

यस्यास्ति वित्तं स नरः कुलीनः
स पण्डितः स श्रुतवान् गुणज्ञः।
स एव वक्ता स च दर्शनीयः
सर्वे गुणाः काञ्चनमाश्रयन्ति॥

अर्थात्, जोसँग धन छ उही कुलीन कहलाउँछ, उही पण्डित र उही विद्वान मानिन्छ, उही गुणग्राही कहलाउँछ, उसैलाई असल वक्ता स्वीकारिन्छ र उसैलाई दर्शनीय पनि मानिन्छ। सबै गुण सुन (धन) मा आश्रित हुन्छन्।

*धन महत्त्वपूर्ण छ तर कस्तो धन? यसमा नीतिशास्त्रहरू स्पष्ट छन्– 'अर्थ' धर्मविरुद्ध हुनुहुँदैन अर्थात् प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अर्काको (व्यक्तिविशेष वा मानवजाति मात्र होइन सारा प्राणिजगत्, वनस्पति र प्रकृतिका समस्त अंग एवम् एकाइ समेतको) भाग खोसेर संग्रह गरिएको हुनुहुँदैन। त्यसरी धनसम्पत्तिको संग्रह गर्नु दण्डनीय अपराध हो र त्यस्तो व्यक्ति 'चोर' हो!*

*'धर्म' नछोडी कमाइएको सम्पत्ति नै लक्ष्मी हो र त्यसैमा 'श्री' को निवास हुन्छ। त्यस्तो सम्पत्ति मात्र हरेक दृष्टिले मङ्गलकारी हुन्छ। भर्खरै सम्पन्न लक्ष्मीपूजाको मर्म यसैमा अन्तर्निहित छ। हाम्रो चाहना कोरा सम्पत्ति मात्रको होइन, 'श्री सम्पत्ति' को हुनुपर्छः 'धर्म' नछोडी कमाइएको मङ्गलकारी सम्पत्तिको। हाम्रा पुर्खाले यसैमा जोड दिएका हुन्; वास्तविक लक्ष्मीपूजा पनि यही हो।*

**sms प्रतिक्रियाका लागि ltr<space>5006**






प्रत्येक नयाँ खातामा अब पाउनुहोस्
एउटा आर्कषक वाटर बोतल

नव कोपिला
बचत खाता

ग्राहकहरूले अत्याधिक रूचाउनु भएको यो खाता अब थप सुविधाका साथ ।

यो योजना १० वर्ष भन्दा मुनिका बालबालिकाको लागि मात्र लागु हुनेछ ।

विशेषताहरू-
- न्यूनतम मौजदातः रू. १00 मात्र
- ५% वार्षिक ब्याजदर

The Banker
Bank of the Year 2011
NEPAL

भविष्य को लागि बचत

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.
We make your life easier

www.bok.com.np

म.क्षे.हु.नि. द.नं. २४/०६८/६९

